# रमाइला
# गाउँखाने कथा



डा. कपिल लामिछाने

Digitized By:

# साझा शिक्षा ई-पाटी
# OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

# रमाइला गाउँखाने कथा

सङ्कलन/सम्पादन
डा. कपिलदेव लामिछाने

विवेक सिर्जनशील प्रकाशन
काठमाडौँ

# रमाइला गाउँखाने कथा


| | | |
|---|---|---|
| क्षेत्र | : | लोकसाहित्य |
| विधा | : | गाउँखाने कथा |
| कृतिकार | : | डा. कपिलदेव लामिछाने |
| संस्करण | : | प्रथम २०६१ साउन,<br>द्वितीय २०६७ असोज (परिवर्धित) |
| प्रति | : | २२०० |
| प्रकाशक | : | विवेक सिर्जनशील प्रकाशन प्रा.लि.,<br>काठमाडौं |
| सर्वाधिकार | : | कृतिकारमा |
| आवरणकला | : | के. के. कर्माचार्य |
| कम्प्युटर सेटिङ | : | समन श्रेष्ठ |
| कम्प्युटर टाइप | : | विद्या लामिछाने |

# दोस्रो संस्करण बारे

म सानो छँदा फलेको कताकति नफलेको बाक्लै, के हो ? भनी बुबाले गाउँखाने कथा हालेको मलाई भरखरै जस्तो लाग्छ । फलेको कताकति मात्र रे अनि नफलेको चाहिँ बाक्लै । कसरी जान्नु यसको उत्तर ? मथिङ्गल खियाउँदा पनि आएन र गाउँ दिएँ अनि उत्तर पाएँ – चामल र बियाँ । ढिकीमा धान कुटेपछि अन्तमा फलिन्छ । फलियो भने बियाँ रहन्नन्, रहे पनि एकाध रहन्छन्, तर फलिएन भने बियाँ छ्यास्छ्यास्ती रहेका हुन्छन् । यो प्रक्रिया र प्रविधि नबुझेकाले यस्तो गाउँखाने कथाको उत्तर जान्न-बुझ्न सक्दैन । वस्तुत: गाउँखाने कथालाई बुझ्न-जान्न त्यो लोकपरम्परा र संस्कृतिलाई बुझ्नैपर्ने हुन्छ, जहाँको त्यो सिर्जना हो । म त्यसबेला अबोध थिएँ । त्यहींदेखि गाउँखाने कथा र लोकसाहित्यप्रति म आकर्षित भएको हुँ । शिक्षा र रोजगारीका कारण झन्डै म यसबाट टाढिन थालेको थिएँ, मलाई मेरा गुरु चूडामणि बन्धुले मेरो अन्त:स्करणलाई ब्युँझाइदिनुभयो र म पुन: यसमै स्थिर भई गाउँखाने कथाको अध्ययन-अनुसन्धानमा लागिरहेको छु ।

बालपत्रिकाहरू भेट्नासाथ गाउँखाने कथाको पृष्ठ खोज्ने बालबालिकालाई देखेर मलाई थप उत्साह प्राप्त भएको हो । यसले गर्दा यस पुस्तकको प्रथम संस्करण खासगरी बालबालिकालाई ध्यानमा राखेर तयार पारेको थिएँ । तर त्यो पुस्तक सबै उमेरसमूहका लागि उपयोगी भएको पाएँ । बजारका सबै ठाउँमा पुग्न नपाउँदै पहिलो संस्करण सकियो । उतिखेरै प्रकाशक विवेक सिर्जनशील प्रकाशनबाट यसको आकार बढाई पुन: छाप्ने अभिलाषा प्रकट भइरहे पनि त्यस्तो अवसर बल्ल जुटेको छ ।

प्रस्तुत संस्करण बालोपयोगी मात्र नभएर सबैका लागि बनाइएको छ । यहाँ आधाभन्दा बढी पहिलो संस्करणमा नपरेका गाउँखाने कथा समावेश गरिएका छन् । यसले गर्दा यसको आकार, आयाम र महत्त्व झन् बढेको छ । यो सङ्कलन फगत् किताबी सङ्कलन नभएर नेपाली लोकजीवनसम्म पुगेर उनीहरूले गाउँखाने कथा हालिरहँदा रेकर्ड गरेर ल्याई जम्मा पारिएका गाउँखाने कथाहरूमध्येबाट समेत तयार पारिएको हुँदा यस संस्करणमा नेपाली लोकजीवन प्रत्यक्ष प्रतिबिम्बित हुन पुगेको छ । यहाँ नेपाली लोकसमुदायको

भावना, बौद्धिक चातुर्य, संस्कृति र परम्परा मुखरित भएको छ । त्यसैले प्रस्तुत संस्करण ज्ञानार्जन तथा मनोरञ्जन चाहने बालबालिका, किशोरकिशोरी, युवायुवती र ज्येष्ठ नागरिकहरूका लागि त उपयोगी हुने नै छ, साथै नेपाली गाउँखाने कथाको अध्ययन-विश्लेषण गर्न चाहने शोधार्थीका लागि पनि त्यत्तिकै उपयोगी हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

मलाई गाउँखाने कथाको शोधखोज र अध्ययनमा प्रेरित गर्नुहुने गुरु प्रा.डा. चूडामणि बन्धुप्रति हार्दिक आभार प्रकट गर्दछु । मलाई यस्ता कार्यप्रति हुटहुटी जगाइरहने प्रा.राजेन्द्र सुवेदी, प्रा. मोहनराज शर्मा, श्री कृष्णप्रसाद पराजुली, प्रा.डा. महादेव अवस्थी, प्रा. गोपीकृष्ण शर्मा, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा.डा. मोतीलाल पराजुली, श्री चूडामणि रेग्मी, श्री बालकृष्ण भट्टराई र प्रियमित्र ध्रुव घिमिरेप्रति कृतज्ञता ज्ञापन गर्दछु । नेपाली लोकसमुदायबाट गाउँखाने कथा प्राप्त नभएका भए प्रस्तुत संस्करण तयार हुने नै थिएन । तसर्थ म ती सम्पूर्ण लोकसमुदायप्रति कृतज्ञ छु, जहाँजहाँबाट यी गाउँखाने कथाहरू सङ्कलन गरिएका हुन् । मेरो अध्ययन-अनुसन्धान र लेखन कार्यमा सघाउ पुऱ्याइरहने परिवारजनलाई धन्यावाद दिन चाहन्छु । साथै, दोस्रो परिवर्धित संस्करण तयार पार्न अत्याइरहने तथा प्रकाशन गर्न उत्साह देखाई प्रकाशनको जिम्मेवारी समेत वहन गर्ने विवेक सिर्जनशील प्रकाशन र सो प्रकाशनका खासगरी श्री विजयराज आचार्यलाई म विशेष धन्यवाद प्रकट गर्न चाहन्छु ।

**डा. कपिलदेव लामिछाने**
सहप्राध्यापक, त्रि.वि.
email : kapillamichhane58@yahoo.com

प्रथम संस्करणको भूमिका

## प्राक्कथन : बालशिक्षा र गाउँखाने कथा

थोरै सहरी क्षेत्रलाई छाडेर भन्ने हो भने आज पनि आम नेपाली बालबालिकाहरू "एकादेशमा एउटा ..."बाट संसारलाई बुझ्न थाल्छन्, "घामपानी-घामपानी स्यालको बिहे ..."बाट लय हाल्न सिक्छन्, "एक लौरो टेक ...."बाट गणितको ज्ञान पाउँछन्, "चिचीमाथिको पापा । के हो ? ..."बाट तर्क र कल्पनाशक्तिको विकास गर्न थाल्छन् । अतः थोरै कमी आएको भए पनि लोकसाहित्य आज पनि शिक्षाको पहिलो पुस्तक रहिआएको छ ।

बालपत्रिका हात पर्नासाथ बालबालिकाहरूले गाउँखाने कथा स्तम्भ खोजेको र केही एफ्.एम्. रेडियोबाट गाउँखाने कथासम्बन्धी कार्यक्रम प्रसारण हुँदा त्यसरी नै रेडियोका वरिपरि झुम्मिएको मैले पाएँ । हल्लिएर हिँड्नु तथा टेलिभिजन र क्रिकेटमा झुम्मिनुभन्दा यो धेरै उत्तम काम हो भन्ने मलाई लाग्छ । बालबालिकाको त्यो चाख र अभिरुचि देखेर मलाई यस क्षेत्रमा काम गर्ने उत्साह र प्रेरणा प्राप्त भएको छ । प्रेरणा ठूला मान्छेबाट मात्र पाइन्छ भन्ने होइन ।

नेपाली गाउँखाने कथा यसअघि पनि सङ्कलन भएका छन्, तर आयुवर्गलाई ध्यानमा राखेर तयार पारिएको पाइन्न । त्यसैले बालबालिकाको आयुवर्ग र आवश्यकतालाई ध्यानमा राखेर तयार पारिएको गाउँखाने कथाको सङ्कलनको नितान्त अभाव देखिन्छ । प्रस्तुत सङ्कलन त्यही अभाव पूरा गर्ने एउटा प्रयास हो । यसबाट नेपाली बालबालिकाको बौद्धिक विकासमा थोरै भए पनि सहयोग पुगे म आफूलाई धन्य ठान्नेछु ।

गाउँखाने कथाको प्रयोगबाट बालबालिकाले मनोरञ्जन, ज्ञान वा शिक्षा र सीप हासिल गर्दछन्‌ह लोकसाहित्यको उपयोगमा वृद्धि हुन्छह लोकसाहित्य संरक्षण-सम्बर्द्धनमा सघाउ पुग्छह आत्नोपनप्रति श्रद्धा बढ्न गई बालबालिकामा राष्ट्रिय भावना जागृत हुन्छ ।

खासगरी पढेर, सुनेर र गरेर हासिल गरिने व्यावहारिक र सैद्धान्तिक ज्ञान, सीप र बोधलाई शिक्षा भनिन्छ । बालकबालिकालाई बालोपयोगी ढङ्गले दिइने शिक्षा बालशिक्षा हो । प्रकारान्तरले भन्ने हो भने बालशिक्षा भनेको बालकबालिकाले प्राप्त गर्ने वा उनीहरूलाई दिइने शिक्षा हो । यसबाट बालबालिकाको सामाजिक, बौद्धिक र शारीरिक विकास भई भविष्यमा

उनीहरूको नैसर्गिक गुणको विकास र सामाजिक व्यक्तित्वको वृद्धि हुनुका साथै बुझाइको स्तर पनि माथि उठ्छ । बालक जन्मदा उसको दिमाग अरबौं तन्तुहरू (neurons) को जालोमात्र हुन्छ र त्यो क्रियाशील भइसकेको पनि हुन्न । अनुभवका आधारमा त्यो क्रियाशील हुन्छ र त्यसको विकास हुन्छ । यस्तो विकास हुनु भनेको नै बालमस्तिष्कको विकास हुनु हो । यस अवधिलाई उपयोग गरिएन भने दिमागी चक्रहरूको असीमित ऊर्जा वा शक्तिको एक-एक अंशबाट बालक वञ्चित हुन्छ । यही दिमागी चक्रले श्वास-प्रश्वासदेखि मुटुको ढुकढुकी, शरीरको तापक्रम र शरीरद्वारा अचानक गरिने क्रियाकलापलाई समेत नियन्त्रण गर्छ । त्यतिमात्र होइन, बाल्यावस्थाका अनुभवले बालबालिकाको भविष्य निर्धारण गर्छ । उमेर छिप्पिएपछि छिटो सिक्न सक्ने हुन्छ भन्ने कुरा गलत साबित भएको छ । ज्ञान हासिल गर्ने भन्ने कुरा सधैंभरि चलिरहन्छ, त्यो जीवनभर निरन्तर चलिरहने प्रक्रिया (Life long Process) हो, तापनि आधारभूत कुराहरू बाल्यावस्थामै सिक्ने-सिकाउने गर्नुपर्छ । वासिङ्टन विश्वविद्यालयका प्याट्रिसिया कुहल (Patricia Kuhl) का अनुसार एक बालकलाई उसको मातृभाषाभन्दा अन्य भाषा दस वर्षको उमेरपछि सिकाइयो भने उसले त्यो भाषा मातृभाषाजत्तिकै बोल्न सक्दैन । सिकागो विश्वविद्यालयका मनोचिकित्सक जेनेल हटन्लकर (Janellen kuttenlocher) का अनुसार बालकले जति धेरै शब्दहरू सुन्छ, त्यति नै चाँडो उसले सिक्छ ।

गाउँखाने कथाले बालबालिकालाई समस्या सुल्झाउने क्षमता, सोच्ने र कल्पना गर्ने शक्ति बढाउनुका साथै आफ्नो तर्क राख्ने र अरूको तर्कको सम्मान गर्ने प्रवृत्तिको विकास गराउँछ । यसबाट नबोल्ने वा कम बोल्ने बालबालिका पनि बोल्ने हुनमा मदत पुग्दछ । त्यसैले गाउँखाने कथामा अभ्यस्त बालक दिमाग खेलाउन खप्पिस भई गणित र ज्यामितिका कठिन समस्या (Puzzle) लाई पनि सजिलै हल गर्न समर्थ हुन पुग्छ भन्ने मनोवैज्ञानिकहरूको भनाइ रहेको छ । यसबाट बालशिक्षाको विकासमा गाउँखाने कथाको भूमिकालाई बुझ्न सघाउ पुग्दछ ।

समाजको हरेक उमेरसमूहका व्यक्तिलाई मनोरञ्जन वा मनोविनोद आवश्यक छ । मनोविनोद सबैको रुचिको विषय पनि हो । मानिसको शारीरिक-मानसिक विकासमा मनोरञ्जनको विशेष भूमिका रहेको हुन्छ । त्यसमा पनि विकासशील उमेर भएका बालबालिकाको सन्तुलित विकासमा मनोरञ्जनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथ्य शिक्षाविद् तथा बालमनोवैज्ञानिकहरूले पुष्टि गरिसकेका छन् । लोकसाहित्यका विभिन्न प्रयोजनमध्ये मनोरञ्जन पनि एक हो ।

लोकसाहित्यका विधाहरू लोककथा, लोकगीत, लोककविता, लोकनाटक आदिले जस्तै गाउँखाने कथाले पनि बालबालिकालाई मनरग्गे बुद्धिविनोद र मनोरञ्जन दिन्छ । लोकसमाजको बौद्धिक क्रियाकलापजन्य अभिव्यक्तिको मुख्य माध्यम लोकसाहित्य हो । लोकसमाजका व्यक्तिहरू कहिले लोककथा हालेर, कहिले गीत र गाथा गाएर, कहिले कुरैपिच्छे उखान प्रयोग गरेर मनोरञ्जन गर्छन् । अलिकति फुर्सद भए तिनीहरू गाउँखाने कथा हालेर रमाउन चुक्दैनन् । लोकसाहित्य लोकसमाजको त्यस्तो अभिव्यक्ति हो, जसमा लोकसमाजका इच्छाआकाङ्क्षा र परिस्थितिहरू अभिव्यक्त भएका हुन्छन् । त्यसैले लोकसाहित्यका माध्यमबाट लोकसंस्कृति तथा लोकभावना बुझ्न सकिन्छ ।

नेपाली लोकजीवनमा गाउँखाने कथाको विशिष्ट भूमिका छ । दिनभर कठोर श्रम गरी थकित भएर साँझमा घर फर्केका ग्रामीण नरनारीहरू अँगेनाको डिलमा, मझेरी, पिँडी, आँगन, धनसार वा केही मान्छे बस्न सकिने ठाउँमा जम्मा भई गाउँखाने कथाको सम्पादन वा प्रयोग गर्ने गर्दछन् । ख्यालख्यालमै गाउँखाने कथा सुरु हुन्छ । एउटाले समस्या राख्छ, अर्काले फुकाउँछ । सो फुकाउन नसके गाउँ दिन्छ अनि गाउँ खाए-पाएपछि समस्या राख्नेले नै गाँठो फुकाइदिन्छ । कहिले त यो अघोषित रूपमा प्रतिस्पर्धा नै हुन्छ- तैंले अड्काउने कि मैले अड्काउने भनेर । "हात्ती छिऱ्यो, पुच्छर अड्क्यो । के हो ?" भन्दै एउटाले प्रश्न राख्छ, अर्काले "लुगा सिएको" भनी जवाफ दिन्छ । जवाफ दिन सके गाउँ दिन्छ र प्रश्न राख्नेले नै उत्तर बताइदिन्छ । नेपाली गाउँखाने कथाको सम्पादन-प्रक्रिया यही हो । यसबाट मनोरञ्जन, समयकटनी र बौद्धिक कसरत पनि हुन्छ । त्यसैले मनोरञ्जन र बुद्धिपरीक्षालाई गाउँखाने कथाको उत्पत्तिका कारक तत्त्व तथा मुख्य प्रयोजन पनि मानिएको छ ।

आज सहरबजारमा मनोरञ्जन वा मनोविनोदका थुप्रै साधन उपलब्ध छन् । गाउँघरमा आज पनि मनोरञ्जनका साधन पुगेका छैनन् । पहिलेको कुरै के गर्नू ? त्यस्तो अवस्थामा लोकसाहित्य मनोरञ्जनको भरपर्दो र सुलभ साधनका रूपमा रहेको थियो । लोकसाहित्यको एउटा विधाका नाताले गाउँखाने कथाले पनि लोकमानसलाई मनरग्गे मनोरञ्जन र बौद्धिक खुराक प्रदान गर्दै आएको छ । लोकसाहित्यका अन्य विधाका तुलनामा गाउँखाने कथामा बौद्धिक कसरत बढी हुने हुँदा यसतर्फ लोकसमाजको बढी आकर्षण पाइन्छ । यसले लोकजीवनलाई सरस बनाइआएको छ । गाउँखाने कथामा वाक्चातुर्य हुने र त्यसैबाट मनोरञ्जन पनि हुने हुँदा गाउँखाने कथालाई भाषिक कला (verbal

art) र भाषिक खेल (verbal game) पनि भन्ने गरिन्छ ।

मानिसहरू एकै ठाउँमा भेला भएपछि मनोरञ्जन र बौद्धिक क्रियाकलापका रूपमा कुरैकुरामा उत्तर आउने खालको समस्या राखिने र वातावरण कुतूहलपूर्ण हुने अनि अर्कोले आफ्नो बुद्धिले भ्याएसम्म त्यसको उत्तर दिने झन्डै प्रश्न-उत्तरमूलक लोकसाहित्यको एउटा सशक्त विधा गाउँखाने कथा हो । बाहिर काली कोइली, भित्र तामा चोइली । के हो ? (मसुरो)/ नौतले घरको न भ्याल न ढोका । के हो ? (बाँस)/ धार्नी न बिसौली, दुई हातले उचाली । के हो ? (टोपी लगाएको)/ वनतिर जाँद्या घरतिर मुख, घरतिर जाँद्या वनतिर मुख । के हो ? (बन्चरो/बन्दुक)/ यो मेरो टेक्ने, यो मेरो छेक्ने, परिआएको बेलामा पुर्पुरो सेक्ने । के हो ? (लौरो) आदि गाउँखाने कथाका केही उदाहरण हुन् । गाउँ दिने र गाउँ खाने प्रचलन संस्कृत, हिन्दी, अवधी, भोजपुरी, अङ्ग्रेजी आदि भाषाका गाउँखाने कथा-प्रक्रियामा रहेको पाइन्न । यो नेपाली गाउँखाने कथाको वैशिष्ट्य हो । विभिन्न परिभाषाका सहयोगबाट नेपाली गाउँखाने कथाको परिभाषालाई एक पक्षले समस्या वा प्रश्न राख्ने र अर्को पक्षले त्यसको उत्तर दिने वा उत्तर दिन नसके गाउँ दिने र प्रश्नकर्ताले नै नाउँमात्रको गाउँ लिएर आफूले राखेको समस्या वा प्रश्नलाई फुकाउने लोकसाहित्यको मनोरञ्जक बौद्धिक कसरत हुने एउटा सशक्त र स्वतन्त्र विधा गाउँखाने कथा हो भनी पुनर्निर्माण गर्न सकिन्छ । गाउँखाने कथा लोकसाहित्यको एक मनोरञ्जनपूर्ण बौद्धिक कसरतको सशक्त र स्वतन्त्र विधा हो । गाउँखाने कथा अन्य विधाभन्दा यसको बौद्धिकता, प्रश्नात्मकता, खिरिलोपना आदिले गर्दा फरक देखिएको छ ।

सबै गाउँखाने कथा एकै खाले छैनन्, एकै ढङ्गले प्रस्तुत पनि हुँदैनन् । मुख्यतया गाउँखाने कथा प्रश्न वा प्रश्नमूलक हुन्छन् । प्रश्नले समस्या खडा गर्छ । प्रश्न समाधान गर्न श्रोता (दोस्रो पक्ष)ले गम्भीर भएर सोच्छ- अनुमान लगाउँछ- मथिङ्गल खियाउँछ र उत्तर बताउँछ । मिल्यो भने स्याबासी पाउँछ र मिलेन भने उसले प्रश्न सोध्ने वा पहिलो पक्षलाई गाउँ दिनुपर्ने हुन्छ । गाउँ पाए वा खाएपछि पहिलो पक्षले त्यसको उत्तर वा अर्थ बताइदिन्छ । गाउँखाने कथाको प्रस्तुतिको मूल ढाँचा वा स्वरूप यस्तो भए तापनि यसैभित्र पनि अनेक शैली वा तरिका छन् । केही नमुना-

**नमुना - १**

पहिलो पक्ष - तँ भन्दा नछोइने म भन्दा छोइने के हो ?

दोस्रो पक्ष - ओठ ।

**नमुना - २**

पहिलो पक्ष - एकै र मुठी जिरीको साग तेल घिउले झान न
धरतीमुनि सुनको फाली त्यो क्या हो जान न !

दोस्रो पक्ष - एकै र मुठी जिरीको साग तेल घिउले झान न
धरतीमुनि सुनको फाली हलेदो जान न !

पहिलो पक्ष - एकै र मुठी जिरीको साग तेल घिउले झान न
पूर्वकी रानी पश्चिम जाने के होला जान न !

दोस्रो पक्ष - रमाइलो गर्ने कुसले बाजा ताल दिने ढोलकी
पूर्वकी रानी पश्चिम जाने घामजून होला कि !

**नमुना - ३**

पहिलो पक्ष - हिंड्दैछ मट्याङ्ग्रा पार्दैछ
अत्ती न पत्ती नजान्ने कत्ति क्या हो ? (यसको अर्थ के हो ?)

दोस्रो पक्ष - बाख्राले बड्कौंल्याएको ।

पहिलो पक्ष - स्याबास ।

तर दोस्रो पक्षले उत्तर दिन सकेन वा गलत उत्तर दियो भने यसको प्रक्रिया यसरी लम्बिन्छ ।-

पहिलो पक्ष - भन्न सकेनौ भने गाउँ देऊ !

दोस्रो पक्ष - ल, फलानो गाउँ लेऊ !

पहिलो पक्ष - त्यो गाउँको सेरोफेरो जम्मै मेरो
त्यहाँका राम्रा-राम्रा घर जम्मै मेरा
बालीबिरुवा, फलफूल सबै मेरा
नाच्ने, गाउने राम्रा कलाकार मेरा
दुधालु गाई-भैंसी मेरा
बढालु भेडा, बाख्रा मेरा !
त्यहाँका गाँडा-गर्चा सबै तेरा
लुरे, लाम्रे, राले, सिंगाने सबै तेरा
ठिटा-थारा गाई-भैंसी तेरा
दाम्रा-सेप्रा भेडा, बाख्रा तेरा
मीठा-मीठा सबै मलाई

तीता-तीता सबै तँलाई
मैले जानँ तैंले जानिनस् । के हो ?
दोस्रो पक्ष- के हो ?
पहिलो पक्ष- लौ सुन, सबैले सुन
राम्री सुन, कान थापेर सुन
यसको अर्थ हो- बाखाले बड्कौंल्याएको !
दोस्रो पक्ष - ए ! यति पनि बुझ्न सकिएनछ, सजिलै त रहेछ नि !

गाउँखाने कथा प्रस्तुतीकरणका यस्ता थुप्रै ढाँचा भए तापनि विस्तारका भयले यहाँ त्यसतर्फ सङ्केतमात्र गरिएको छ । सबै ढाँचाको खोजी हुनु जरुरी पनि छ ।

नेपाल गाउँ नै गाउँले भरिएको मुलुक हो । कामले लखतरान परेका बेलामा साँझ-बिहान वा दिउँसै पनि फुर्सदको क्षणमा ग्रामीण समाजका वृद्धवृद्धाहरू, युवायुवतीहरू तथा बालबालिकाहरू समेत गाउँखाने कथाका माध्यमबाट मनग्गे मनोरञ्जन लिने गर्दछन् । गाईवस्तु, भेडाबाख्रा चराउन, घाँसदाउरा काट्न र मेलापात गएका बेलामा नेपाली वयस्क बालबालिकाहरू यस्ता गाउँखाने कथा भन्ने र मनोरञ्जन लिने काममा सरिक हुने गर्दछन् । शिक्षा र सभ्यताको विकासले गर्दा यस्तो प्रचलनमा कमी आएको भए पनि यो परम्परा अद्यापि कायमै छ । अर्कातिर यो परम्परा पिँढी, चरन र वनपाखाबाट स्कुलका कक्षा कोठा वा अध्ययन कक्षमा सर्ने क्रममा रहेको पाइन्छ । ठाउँ बदलिने उपक्रममा छ, तर परम्परा लोप भइहाल्ने अवस्था भने छैन ।

गाउँखाने कथा लोकजीवनका हरेक आयुवर्गका व्यक्तिहरूकै विषय हो । त्यस्तै बालबालिकाको विषय पनि हो । खासगरी पाँचछ वर्ष र त्यसभन्दा माथिका बालबालिकाहरू बौद्धिक क्रियाकलापमा संलग्न रहने हुँदा गाउँखाने कथा पनि तिनले प्रयोग गर्दछन् । शैशव अवस्थाका बालबालिकाहरू भने गाउँखाने कथा उपयोग गर्न सक्दैनन् । जब बालबालिकाहरू पाँचछ वर्षतिर पुग्छन् अनि सानोसानो रुख चढ्नाको दुख, के हो ?, चार चुच्चे मुख बुच्चे, पानी खान्छे, घाममा सुत्छे, के हो ?, चिचीमाथिको पापा, के हो ? जस्ता गाउँखाने कथा भन्न थाल्छन् । तिनीहरू यस्ता गाउँखाने कथा आफू अरूबाट सोधिँदा सोचेर उत्तर दिने प्रयास गर्न थाल्छन् भने आफूले जानेपछि फेरि अरूलाई आफैं पनि सोध्न थाल्छन् । यसबाट तिनमा बौद्धिक कसरत हुन्छ, सोच्ने-बुझ्ने र तर्क गर्ने, अनुमान गर्ने शक्तिसामर्थ्य बढ्छ । तिनीहरू हाँस्छन्-रमाउँछन् । बालशिक्षा र बालविकासका दृष्टिले यो कम महत्त्वको विषय होइन ।

गाउँखाने कथाको प्रयोग पिँढी, चरन र वनपाखाबाट क्रमशः स्कुलतिर सर्दै गएकाले नयाँनयाँ गाउँखाने कथा देखापर्दै आएका पनि छन् । समाज निरक्षर भए पनि अबौद्धिक थिएन भने साक्षर-शिक्षित हुँदा झन् अबौद्धिक रहने प्रश्नै उठ्दैन । अबका शिक्षित बालबालिका यसमा स्वयम् सक्रिय रहनेछन् । नेपालका स्कुले पाठ्यक्रम र पाठ्यपुस्तकमा गाउँखाने कथालाई खासै स्थान दिएको पाइँदैन । बालशिक्षा र बालविनोदका लागि गाउँखाने कथा नै पर्याप्त छन् भन्ने होइन, तापनि गाउँखाने कथा पनि बालविनोद र बालशिक्षाको सहायक हुनसक्ने हुँदा यसलाई यथोचित मात्रामा पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिनु भने आवश्यक देखिन्छ । अतः स्कुलका पाठ्यक्रम, पाठ्यपुस्तकहरू निर्माण गर्दा गाउँखाने कथाले तिनमा स्थान पाउनुपर्छ र कोठाभित्रै बसेर पनि बौद्धिक खेलका रूपमा वा बौद्धिक कसरतका रूपमा यसलाई उपयोगमा ल्याएर बालबालिकाको मानसको विकासमा थप सघाउ पुऱ्याउनु सामयिक देखिन्छ । गाउँखाने कथामा अभ्यस्त बालक दिमाग खेलाउन खप्पिस भई गणित र ज्यामितिका कठिन समस्यालाई पनि सजिलै हल गर्न समर्थ हुने हुँदा बालशिक्षाको विकासमा गाउँखाने कथालाई समावेश गर्नु उपयुक्त देखिन्छ ।

प्रस्तुत सङ्कलन पन्ध्र वर्षसम्मका बालबालिकालाई ध्यानमा राखेर गरिएको हो । त्यसैले यसबाट बालबालिका त विशेष लाभान्वित हुने नै छन् । यसका साथै किशोर-किशोरी, वयस्क तथा वृद्धवृद्धाहरूले पनि यसबाट यथोचित लाभ लिन सक्नेछन् ।

यहाँ भरिसक्के लोकसमाजमा भिजेका गाउँखाने कथालाई लिइएको छ । साथै, ठूलो जनसमुदाय अब सहरतिर आकर्षित भइसकेको अवस्थामा सहरमा बसेर नयाँ वस्तु र प्रविधिसम्बन्धी गाउँखाने कथाको सिर्जना गर्दै, प्रयोग-प्रचलनमा ल्याउँदै गरेको हुँदा यहाँ त्यस्ता गाउँखाने कथालाई पनि स्थान दिइएको छ । यसबाट गाउँ-सहर सबै क्षेत्र लाभान्वित हुने विश्वास लिएको छु ।

गाउँखाने कथा लोकसमुदायका सम्पदा हुन् । गाउँखाने कथामा हामी सबैको अधिकार छ । गाउँखाने कथा सबैका सामु पुऱ्याउनु हामी सबैको कर्तव्य हो भने सबैले पाउनु हामी सबैको अधिकार पनि हो । यतिखेर विवेक सिर्जनशील प्रकाशन आफ्नो त्यस कर्तव्यलाई पूरा गर्न कस्सिएको छ । मेरो यस प्रयासलाई साथ दिई बालबालिकाको हित र लोकसाहित्यको संरक्षण-सम्वर्द्धनका लागि काँध थापेकोमा विवेक सिर्जनशील प्रकाशन धन्यवादको हकदार रहेको छ । म सो प्रकाशनलाई धन्यवाद दिन चाहन्छु ।

# रमाइला

# गाउँखाने कथा

# अ

- अँजुलीभरि सुनका मुन्द्रा । के हो ? – दुनो
- अँधेरी रानीवन, गाई हरायो खोज्न जाम् । के हो ? – जुम्रा हेरेको
- अँध्यारामा बस्ने झुत्री बूढी,
  बिहानै उठेर लुटुपुटु गर्छे । के हो ? – पोतेको/पोतो
- अँध्यारो ओडारमा सेता जन्ती । के हो ? – दाँत
- अँध्यारो कुनामा काली बूढी । के हो ? – हाँडी
- अँध्यारो घरमा दहीका छिटा । के हो ? – चाँदीका सिक्का
- अँध्यारोमा देखिन्छ, उज्यालोमा छैन,
- जति कोसिस गरे पनि टिप्न सकिदैन । के हो ? – तारा
- अँध्यारोमा बस्ने झुत्री बूढी,
  बिहान सबैरै उठेर लुटुपुटु गर्छे । के हो ? – पोतो
- अँध्यारोमा हराउँछु, उज्यालोमा आउँछु,
- जता जान्छन् मेरा उनी, उतैतिर धाउँछु । के हो ? – छायाँ
- अकासिँदा जहाँतहाँ, पातलिँदा कहाँकहाँ ? के हो ? – चराचुरुङ्गी
- अक्षर छ, किताब होइन; गोलो छ, इनार होइन;
  संसार झुल्छ, खुट्टा छैन । के हो ? – पैसा
- अक्षर छन्, पुस्तक होइन; लेख्छ, कलम होइन;
- टुकटुक गर्छ, घडी होइन । के हो ? – टाइपराइटर
- अखेटे पखेटे गहभरि आँसु, भित्र नसा बाहिर मासु । के हो ? – आँप
- अगाडिको काट्दा खाने चिज हुन्छ,
  बीचको काट्दा सुन्ने अङ्ग बन्छ । के हो ? – कानुन
- अगाडि शङ्ख, पछाडि पङ्ख । के हो ? – कुकुर
- अगाडि साइन, पुठामा लाइट । के हो ? – जूनकिरी
- अगाडि हिँड्छ, पछाडि बाटो धुन्छ । के हो ? – लुगा सिएको
- अगाडि हिँड्दो, पछाडि बाटो धुन्दो । के हो ? – सियो र धागो

- अगाडि हेर्दा देखिन्छ, पछाडि हेर्दा देखिन्न । के हो ? - ऐना
- अगि हिड्दै छ, पछि पाइला मेट्दै छ । के हो ? - डुङ्गा
- अगेनो, चुलो *कुने होइन अगल्टो* त्याई ओरेछन्, सफासुग्घर अनुहारमा खरानीले पोत्छन् । के हो ? - एस्ट्रे
- अग्लो चुलीको एउटा पाखामा एक थुँगा फूल । - नाकको फुली
- अग्लो डाँडामा दुईबटा सुरुङ । के हो ? - नाक
- अग्लो देखिन्छ, धरहरा होइन; निहुरिन्छ बेहुली होइन । के हो ? - बाँस
- अग्लो पहरामा एउटा खुड्किलो । के हो ? - नाइटो
- अग्लो पहरामा गुराँस फुलेको । के हो ? - टीका
- अग्लो पहरामा चह्रै-चह्रै गर्ने । के हो ? - लिगलिगे
- अग्लो भीरमा भेडा थुप्रिएका । के हो ? - अक्षताको टीका
- अग्लो रूखमा एउटा खोचे पात । के हो ? - डाडु
- अग्लो रूखमा एउटै पात । के हो ? - पनिउँ
- अघिअघि महादेव, पछिपछि जन्ती । के हो ? - मौरी केरा पसाएको
- अघिअघि रतुवा पछिपछि कलुवा । के हो ? - डढेलो
- अघिअघि शङ्ख बज्छ, पछिपछि ध्वजा हल्लन्छ । के हो ?- कुकुर भुकेको
- अघिपछि अगाउने, चाङबाङमा भोकाउने । के हो ? - मदुस/बाकस
- अघिपछि आँको आँ, खाने बेला मुख च्याप्प । के हो ? - नङकट/चिम्टा
- अघिपछि खाने चाङबाङमा भोकै । के हो ? - बोक्चो
- अघिपछि गुटमुटिएर बस्ने, पाहुनापाछा आए उत्तानो परेर सुत्ने । के हो ? - गुन्दी
- अघिपछि जुँगे दाइ मुख खुम्च्याई बस्छ, जुँगा उसको तान्यो भने मुख बाई हाँस्छ । के हो ? - थैली
- अघिपछि चिल्लो, चाङबाङमा फुस्रो । के हो ? - ढिकी
- अघिपछि पेटभरि खान्छ, चाङबाङमा भोकै पर्छ । के हो ? - बोक्चो
- अघिपछि लम्पसार, काम सकिना साथ नुहाउनको हतार । के हो ? - भाँडाकुँडा माझेको
- अघि बढ्दै छ, पोको छोड्दै छ । के हो ? - फर्सी
- अगाडि हिँड्छ, पछाडि बाटो थुन्छ । के हो ? - लुगा सिएको
- अग्लो पहरामा चह्रै चह्रै गर्छ । के हो ? - लिगलिगे
- आँघ बसे केही न केही, पछि बसे जेको त्यही । के हो ? - शून्य

- अघि म हरियो थिएँ, पछि भएँ राती,
  कुन बैरीका फेला परेँ कागजस्ती काली। के हो ? - चुक
- अघि हिँड्दो, पछि बीउ छर्दो। के हो ? - बाख्राले बड्कौंल्याएको
- अघिल्लो एक अक्षरले ल अब जाऊ,
  पछिल्ला दुई अक्षरले खाने कुरा खाऊ,
  पूरै अक्षर मिले प्रख्यात देशको नाउँ। के हो ? - जापान
- अड्कटबड्कट दस बाहाँ,
  आँखा तेरा टुलुटुलु, मुख तेरो काहाँ ? के हो ? - गँगटो
- अचम्मकी चरी आगोमा परी,
  पुच्छरले पानी खाँदै ऐय्याऐय्या गरी। - बत्ती र तेल
- अजड्ग बाबु जड्ग छोरो, कालो नाति सेतो पनाति। के हो ? - कटुस
- अड्काम पड्काम तेरा बाबुको टुप्पी चड्काम। के हो ? - जुँगा
- अड्का मसिना, जबाफ नजाने निकाल्ने पसिना,
  घोत्लिई सही उत्तर देऊ, खल्लान् कि असिना। के हो ? - गाउँखाने कथा
- अड्किने ताउलीको खड्किने भात, खारखुर पारी एकै गास। के हो ?
  - ओखर
- अत्ती न पत्ती पिँधमा बत्ती। के हो ? - जूनकिरी
- अनगन्ती खम्बामाथि घुमाउने छत,
  एक जनामात्र बस्ने के हो त्यसको जात ? - मुढा
- अनिकालमा सुत्छस्, सहकालमा ककल्ड्याई। के हो ? - ढिकी
- अन्जन न मन्जन चाकमा चन्दन। के हो ? - कसौंडीमा खरानी लगाएको
- अन्न खान्छु सानी किरी, रुयालबाट फुत्त छिरी। के हो ? - घुन
- अपट्टी छोरीको फटफटी कान, छोरीले खाई कैयौं मुरी धान। के हो ?
  - ढिकी
- अरूका मुखाँ दाँत, मेरा पेटाँ दाँत। के हो ? - गँगटो/दारिम
- अरू बेला देखिने, सूर्य आए नदेखिने। के हो ? - तारा
- अरूले छुनासाथ लजाउने,
  सिङ्गो साज सिद्ध्याउने। के हो ? - लज्जावती झार
- अरूले देख्ने घामले नदेख्ने। के हो ? - अँध्यारो
- अर्धातोसे पाउना, फकाई-फकाई ल्याउना, कोचीकोची खाउना,
  भाँडामा मुताउना, घुचेटेर पठाउना। के हो ? - उखु पेलेको

- अर्जुनको टुप्पोमा आगो लाग्यो, किदी चौरमा पानीमा पस्यो,
  रेसुङ्गामा निस्केर मानिसका मुखभित्र पस्यो। के हो? - तमाखु खाएको
- अलङ्की रानी पलङमा सुत्छे, सुर्जेलाई देख्दा लुपुक्क लुक्छे। के हो?
  - शीत
- असिनी-खसिनी सिन्कामाथि बसी नि। के हो? - शीत
- अस्थिपञ्जर शरीर छ, बुई चढी हिँड्छ। के हो? - डोको
- अहिले कालो भए पनि पहिले थिएँ रातो,
  छुन आयो भने कोही उडाइदिन्थें सातो। के हो? - अँगार
- अहिले फुल्ने, अर्को साल फल्ने। के हो? - कटुस
- अहिल्यै छ, अहिल्यै छैन। के हो? - जूनकिरी

# आ

- आँखा काटे मर्ने, घिच्रो काटे सर्ने। के हो? - उखु
- आँखा छ, देख्न सक्दैन; खुट्टा छन्, हिँड्न सक्दैन। के हो? - चस्मा
- आँखा छ, देख्दैन; कान छ, सुन्दैन; मान्छे हो, बोल्दैन। के हो? - सालिक/तस्विर
- आँखा छैन, भुईंतिर हेर्छ; कान निमोठ्यो, बान्ता गर्छ। के हो? - धारा
- आँखाजस्तो छ, आँखा होइन; पङ्खा जस्तो छ, पङ्खा होइन। के हो? - मुजुरको प्वाँख
- आँखा झिमिक्क झिम्क्यायो कि पेटभित्रै निम्त्यायो। के हो? - क्यामरा
- आँखा हुने एकातिरमात्र हिँड्छ, आँखा नहुने दुवैतिर हिँड्छ। के हो? - सर्प र आँधो
- आँखा हुने तिखे उड्दै अघि बढ्छ,
  टाउको हुने तिखे खेतमै अड्केर बस्छ। के हो? - सियो र पिन
- आँखा हुने तिखे उन्दै अघि बढ्छ, टाउको हुने तिखे पहिलो खेपमै अड् किएर बस्छ। के हो? - सियो र पिन
- आँखीरुयाल भनौं रुयाल होइन, जीउभरि प्वाल। के हो? - हतासो
- आँखो छ, माखो रमाउँछ, न हेर्छ न देख्छ। के हो? - खटिरो
- आँखा छैन भुईंतिर हेर्छ, कान निमोठ्यो बान्ता गर्छ। के हो? - धारा
- आँ त आँ, चारै बाँ, आँखा टुलुटुलु मुन्टो त काँ। के हो? - गँगटो
- आँसुल पाँसुला रातभरि टासुँला,
  झिसमिसेमै फुत्त निस्की आफनै ठाउँमा बसुँला। के हो? - आरलो
- आइँकुटी-बाइँकुटी कुटीकाइँ, आँखा त टवालट्वाल मुन्टै नाइँ। के हो? - गँगटो
- आई गुजी पाई गुजी, पानी देखी डराई गुजी। के हो? - जुत्ता
- आई बूढी मच्चिदै, गई बूढी थच्चिदै। के हो? - पिङ
- आउँछ, जान्छ; देखिँदैन, त्यो बिना बाँचिदैन। के हो? - हावा

- आउँछ, जान्छ, पखैंदैन, कहिले पनि फर्कैदैन, कसैसँग थर्कैदैन। के हो?
  **– काल/समय**
- आउँछ, देखिन्छ, थिपरथापर पार्‍यो, सन्चो हुन्छ; बिलाउँछ। के हो?
  **– लुतो र कनाइ**
- आउँदै आउँदैन, आएपछि जाँदै जान्न। के हो? **– गाँड**
- आउने-जानेलाई खान दिएस्, आफूलाई चाइने लुगा लिएस्। के हो?
  **– ऐसेलु**
- आउने थाहा पनि दिन्न, आयो भने नलिई पनि जान्न। के हो? **– काल**
- आऊ नानी मेरो पुठो खाऊ। के हो? **– पिर्का**
- आएको थाहा पाए गयो भन्छन्, निस्केको देखे पसायो भन्छन्। के हो?
  **– भुइँचालो र केरा**
- आएको चाल थाहा पाए गयो भन्छन्। के हो? **– भुइँचालो**
- आएन भने आउँछ, आयो भने आउँदैन। के हो? **– खोला बढेको**
- आकार भने बडेमानको हात्तीभन्दा ठूलो,
  भित्र जाने सारै सानो एउटै मात्र दुलो। के हो? **– घर**
- आकाशका तारा धर्तीमा आए, धर्तीमा आउँदा मौरी रमाए। के हो? **– तोरी**
- आकाशकी रानी पातालमा खसी, सूर्यलाई देख्ता थुपुक्क बसी। के हो?
  **– शीत**
- आकाशको आगो पातालको पानी, हातले समाई मुखले तानी। के हो?
  **– तमाखु खाएको**
- आकाशको फल पातालमा झर्‍यो, झर्नेबित्तिकै बिलाई मर्‍यो। के हो?
  **– असिना**
- आकाशको मैदान, रूखको बास,
  धर्तीको बिस्कुन चुच्चाको गास। के हो? **– चरा**
- आकाशबाट आगो बर्सन्छ, पातालबाट पानी बर्सन्छ,
  बीचमा मेघ जर्गन्छ। के हो? **– हुक्का**
- आकाशमा आगो, पातालमा पानी,
  म्वाइँ खान जाँदा चिच्चाउने बानी। के हो? **– तमाखु खाएको**
- आकाशमा उड्छ, चरा होइन; जनै लगाउँछ बाहुन होइन। के हो? **– चङ्गा**
- आकाशमा उड्छ, चरा होइन; बतासमा खेल्छ पानी पर्नु हुन्न। के हो?
  **– चङ्गा**

- आकाशमा उड्छ ठूलो चरी, कागमा बसाई घुमाउँछ बरिपरि। के हो?
  - हवाइजहाज
- आकाशमा उड्ने-डुल्ने, बस्ने रूखमाथि,
  खान जाँदा धर्तीमा हुन्छन् सँगीसाथी। के हो? - चरा
- आकाशमा टाँगेको बाटुलो रोटी। के हो? - चन्द्रमा
- आकाशमा पानी, गर्भमा नानी। के हो? - रक्सी
- आकाशमा हिँड्छ आकाशमै छ घर,
  बिहान हुन्छ एकातिर, साँझ अन्तै सर। के हो? - सूर्य
- आगो न पानीको लल्लौरे रोटी। के हो? - मौरीको चाको
- आगो न पानी, भुकभुके रोटी। के हो? - मौरीको चाको
- आगो न पानी रोटी पकाउने नानी। के हो? - मौरी
- आगो न सागो धुवाँमात्रै आयो। के हो? - कुहिरो
- आगोमा उभिएर तीन भाइ निहुरेका, घाँटीमा एउटै सिक्री सिउरेका। के हो? - ओदान
- आगोसागो केही छैन धुवाँको मुस्लो। के हो? - कुहिरो
- आइकुडे-बाइकुडे टाइकुडे टाई, आँखा त टुलटुल मुन्टो त नाई। के हो? - गँगटो
- आइकुडे-बाइकुडे बोकेको, छाता ओढी उभिएको। के हो? - मेवा/मेवाको बोट
- आजभन्दा भोलि लामो भोलिभन्दा पर्सि,
  नकाटेमा केटाकेटी डराउँछन् तर्सी। के हो? - दारी
- आज मैले अचम्म देखें लामालामा पात,
  काटीकुटी कुइका खाएँ के हो त्यसको जात? - उखु
- आज मैले अचम्म देखें लामालामा पात,
  पकाएको पोली खाने के हो त्यसको जात? - तमाखु
- आटी न पाटी तीन सय साठी। के हो? - तारा/किताब
- आधा पसे दुख्छ, सबै पसे दुख्दैन। के हो? - चुरा लगाएको
- आन्द्राभुँडी पयास्स भयो, टुप्पी समाई तान। के हो? - जाल
- आपा कुचो पाप कुचो थैला कुचो इयाइ-इयाइ। के हो? - जुका
- आफूचाहिँ कालो छ, रातो पानी खान्छ। के हो? - जुम्रा
- आफू चाहिँ सेतो छ, कालो कोट लाउँछ, रातो पानी खान्छ। के हो?
  - खुकुरी

- आफू छ इञ्चो, कराउँछ कत्रो । के हो ? – शङ्ख
- आफू छ कागत, ठूलो छ तागत । के हो ? – नोट
- *आफू छ काली, नाम भने राति । के हो ?* – रात
- आफू छ डल्ली, बीचमा छ दुलो, दुलोमा सुई लगाउँदा खुरुक्क खुल्यो । के हो ? – ताला र चाबी
- आफू छ मुढो, डाँको छ ठूलो । के हो ? – बन्दुक
- आफू जतातिर गयो उतैतिर जाने । के हो ? – छायाँ
- आफू जहाँ गयो, त्यहीं जान्छ । के हो ? – छायाँ
- आफू पनि माले, छायाँ पनि माले । के हो ? – डोको
- आफू भने कोदाको गेडाजत्रो, यल्लाई पाए पनि खान्छ, उल्लाई पाए पनि खान्छ । के हो ? – उपियाँ
- आफू भने थाङ्ने, घोडा चढी माग्ने । के हो ? – घुम/स्याखु
- आफू भने माग्ने, सुनको टोपी लाउने । के हो ? – ऐसेलु
- आफू भने सेतो छ, कालो कोट लाउँछ, रातो पानी खान्छ । के हो ? – खुकुरी
- आफू राजा खान्छ खाजा, भिक्छ सोला, छर्छ पीठो । के हो ?– आगो
- आफूले मात्र देख्न सकिने एउटा यस्तो कुरा, खास अर्कै हुन्छ, हुन्न कहिल्यै पूरा के हो ? – सपना
- आफैं बच्चा जन्माउँछ, आफैं खान्छ । के हो ? – सर्प/सर्पो
- आफैंले बनाउनी, आफैं पस्न-बस्न नपउनी । के हो ? – ज्यामी र घर
- आफ्ना दुवै लुला हातले आफ्नै गालाँ ठोक्छ । के हो ? – डमरु
- आफ्नो घरमा भात पकाई, अरूको घरमा तिहुन चखाई । के हो? – आगलो
- आमा आज मरी, छोरी भोलि जन्मी । के हो ? – घर छाएको
- आमाका पेटमा नानी, नानीका पेटमा पानी । के हो ?– कुखुरा र अन्डा
- आमाको पेटमा छोरी चलिरहन्छे । के हो ? – ताला र साँचो
- आमाको कलेजो-मुटु, छोरी भिक्छे सुटुसुटु । के हो ? – भात पस्केको
- आमा कुप्री-भुप्री, छोरी भर्खरकी सुन्दरी । के हो ? – गुलाबको फूल
- आमा कोप्ची/बोक्सी, छोरी सुकुमारी । के हो ? – गुलाबको फूल
- आमाको नि मामा, मामाको नि मामा, मेरो नि मामा । के हो ?– चन्द्रमा
- आमाको पेटमा नानी, नानीको पेटमा पानी । के हो ? – रक्सी
- आमा खोला पारि जानु भा'छ, ऊ आए आउनु हुन्न,

ऊ नआए आउनुहुन्छ । के हो ? – बाढी र मान्छे

- आमा गइन् चारा खोज्न, बाउ गए मेला,
- बाउबिनाको छोरो जन्म्यो, आमा नभा'को बेला । के हो ? – कुमालकोटी
- आमा गइन् मेलापात, बाबु गए गाउँ,
  ढोकामा बसे लट्टे जोगी, आफू कता जाउँ । के हो ?
  – ढोकामा ताला लगाएको
- आमा गर्भमा हुँदा छोरो छाता ओढाउने । के हो ? – कर्कलो
- आमा छोरीलाई जिउ ढोग गर्छिन् । के हो ? – गाग्री र लोटा
- आमा जगटे, बाबु फगटे, छोरी मिठाइ-पापा । के हो ? – कटुस
- आमा जगल्टे, छोरी पगल्टे, नाति मट्याङ्ग्रे । के हो ? – केराउ
- आमा जगल्टे, बाबु खपटे, छोराछोरी मिठी पापा । के हो ? – नरिवल
- आमा जङ्गा, छोरी बिजुङ्गा,
  नातिनी खुलखुले, पनातिनी पिठुङ्गे । के हो ? – कटहर
- आमा जरे बाबु लहरे, छोरो फुलफुले, नाति टुलटुले । के हो ? – फर्सी
- आमा झिक्किल्ली, छोरी कोरीबाटी । के हो ? – कुरिलो
- आमा झुवी, छोरी चुच्ची । के हो ? – चुच्चेकरेलो
- आमा झुन्डिई, छोरी हिंडी । के हो ? – ताला र चाबी
- आमा झुप्री, छोरी कुप्री, नातिनी सलसलाउँदी । के हो ? – गहत
- आमा छादछे, छोरी खान्छे । के हो ? – पानी सारेको
- आमाबाबु उठेका, छोराछोरी सुतेका । के हो ? – लिस्नु, भ्याङ
- आमाबाबु दुवैको साझा पटुकी । के हो ? – आग्लो
- आमाबाबु दुवैको एउटै पटुकी । के हो ? – आग्लो/गजबार
- आमा, बाबु गर्भमा, म जन्मिसकें । के हो ? – केरा
- आमा बोक्सी, दिदी रिठ्ठीनी, बहिनी मिठी । के हो ? – कटुस
- आमाभन्दा छोरी अग्ली । के हो ? – उर्गल र लुसी
- आमाभन्दा छोरी कुइरी । के हो ? – चिचिन्डो
- आमाभन्दा छोरी कुप्री । के हो ? – निउरो
- आमाभन्दा छोरी चर्की । के हो ? – खुर्सानी
- आमाभन्दा छोरी जान्ने । के हो ? – खलको बच्चा
- आमाभन्दा छोरी बोक्सी । के हो ? – खुर्सानी
- आमाभित्र बच्चा छ, बच्चाभित्र अन्डा छ । के हो ? – कटहर

- आमामाथि छोरी ढुनुमुनु खेल्ने । के हो ? - मसला पिसेको
- आमामाथि छोरी नाच्छे । के हो ? - सिलौटो र लोहोरो
- आमामाथि छोरी लखरलखर । के हो ? - *मसला पिसेको*
- आमालाई भुन्ड्याएर छाडी, छोरी चाहिँ नाच्दै हिँडी । के हो ?
  - ताला र चाबी
- आमा रूपैली, बाबु झुपाइलो, छोरी फुसी । के हो ? - तिउरीको फूल
- आयो नाठो, छिरायो गाँठो, मलाई भइहाल्यो, ऊ गइहाल्यो । के हो ?
  - चुरा लाएको
- आयो फुस्सै, गयो फुस्सै । के हो ? - अपानवायु/पाद
- आयो भन्छन् देखिन्न, गयो भन्छन् भेटिन्न । के हो ? - भुइँचालो
- आयो लाउरे पैसा खसाल्यो, ख्वातखुत लुगा फुकाल्यो, ल्वाम्म पसाल्यो । के हो ? - केरा खाएको
- आरमादीको सेरोफेरो पहेँलपुरे धान,
  चैतमास दुधे मकै के हो चलन जान । के हो ? - सिमल
- आरीभरि तितौरा एक ढिकों नुन । के हो ? - तारा र जून
- आलु भन्छन्, खान हुन्न; केही होइन, फेरि पनि हेर्न हुन्न । के हो ?
  - सुन्ना

# इ

- इउँ त इउँ, इउँ टिप्नेलाई सय रुपियाँ दिऊँ। के हो ?
  - छायाँ/चन्द्रमा
- इङ्गेबिङ्गे तीन सिङ्गे। के हो ? - त्रिशूल
- इनारको पानी भुलभुलती आउने। के हो ? - आँसु
- इन्ची मिन्ची खुट्टाले पानी पिन्ची। के हो ? - धानको बोट
- इन्द्रिनी खोला छिन्द्रिनी पानी, बेताले बूढीको बौलाउने बानी। के हो ?
  - पानीघट्ट
- इलम खासै छैन केही, सधैंभरि घुम्छ,
  पानी पऱ्यो भने प्राणपखेरु उड्छ। के हो ? - घडी
- इलिमिली-इलिमिली सात रङको झिलीमिली। के हो ? - इन्द्रेनी
- इल्सिङ मिल्सिङ, काली गाईका तीन सिङ। के हो ? - ओदान
- इत्रिके नानीको पित्रिके गाउँ, रक्त लिन नुवाकोट जाऊँ। के हो ?
  - जुम्रा

# उ/ऊ

- उँधो टिङ्रिङ्ग, उँभो जिङ्रिङ्ग । के हो ? – गहुँको बोट
- उँधोबाट हाँस आयो, एक पाँजो घाँस ल्यायो । के हो ? – मूला
- उँधोमुन्टे धामी लुगलुगी कामी । के हो ? – मदानी
- उँधो मुरली, उँभो जुरेली । के हो ? – गहुँ
- उँधो लौरी उँभो चौरी । के हो ? – कर्कलो
- उँधो सुरुक्क, उँभो फुरुक्क । के हो ? – कोदाको बोट
- उँभो थली उँधो नली, यो कथा नजान्ने मेरो हली । के हो ? – कर्कलो
- उँभो मुजी, उँधो मुजी, माझाँ मुजी, क्या हो मुजी ? क्या हो ? – दूध दुहेको
- उइँठोपुइँठो चामलको गुइँठो म्वाइँ खान जाँदा चिच्चाई उठ्यो । के हो ? – शङ्ख
- उकालाँ तान्छ, ओरालाँ धान्छ । के हो ? – लौरो
- उकालो लाग्छ खुट्टा छैन, पानी पाए भुतुक्कै हुन्छ । के हो ?– डढेलो
- उज्याली चरी आगोमा जली, पुच्छरले पानी खाँदै झलमल्ल बली । के हो ? – टुकी/दियो
- उटुरी-बुटुरी कनिकाको पुटुरी । के हो ? – खनिउँ
- उटुरो न बुटुरो, कनिकाको कुटुरो । के हो ? – खनिउँ
- उठे पनि उठेकै, बसे पनि उठेकै । के हो ? – सिङ/उम्मेदवार
- उठे सगरसम्म, बसे गजधम्म । के हो ? – कुहिरो
- उठ्नेबित्तिकै मुसाका दुलामा हात । के हो ? – लुगा लगाएको
- उडन्ती, बुडन्ती, चुँडन्ती । के हो ? – चरो, माछो र चङ्गा
- उडिरहन्छ, हिँडिरन्छ, हेर्दाखेरि देखिँदैन, दौडे पनि भेटिँदैन । के हो ? – हावा
- उड्छ उफ्रन्छ पर्दैन पेट्रोल हाल्न,
  दुई खुट्टा छन् जान्दैन पाइला चाल्न । के हो ? – भँगेरा

- उड्छ चरो होइन, जाँ मन लाग्यो, त्यहीं बस्दैन । के हो ?
  - हवाइजहाज
- उड्छ चरो होइन, पुच्छर छ जनावर होइन । के हो ? - चङ्गा
- उड्छ भुवा होइन, बोल्छ चील होइन । के हो ? - हवाइजहाज
- उपत्यकामा लडाइँ पऱ्यो बमगोली बर्सै,
  ताता गोली काखमा पर्दा केटाकेटी तर्सै । के हो ? - मकै भुटेको
- उफ्रन्चरी, पुच्छर छैन ध्याच्चै परी । क्या हो ? - भ्यागुतो
- उफ्री-उफ्री हिँड्छ बाँदर होइन, रगत चुस्छ जुका होइन,
  रगरग घुम्छ जुम्रा होइन । के हो ? - उपियाँ
- उभिन्डे ठेकीमा लतलते दही । के हो ? - सिँगान
- उभिन्छु म दुई खुट्टाले हिँड्न चाहिँ हुन्न,
  कुटुकुटु खाने गर्छु निल्न चाहिँ हुन्न । के हो ? - चुलेँसी
- उर्लुक्क चरी बुर्लुक्क, पुच्छर छैन ड्याच्चै । के हो ? - ढिकी कुटेको
- उल्टो पढ, सुल्टो पढ, अर्थ एकै हुन्छ,
  पकाइ खाँदा मीठो लाग्छ दाल त्यसको बन्छ । के हो ? - रहर
- उल्टोसुल्टो एकै हुन्छ पाँच अक्षरको नाम,
  चढ्दो बैसको झल्को दिन्छ गर्दा अर्थज्ञान । के हो ? - नवजीवन
- उसको मासु खान नहुने फुस्रो कालो बाना,
  सबैभन्दा उही चनाखो एउटा आँखो काना । के हो ? - काग
- उसले खाएको खान नहुने, उसैले दिएको खान हुने
  मार्न पनि नहुने, धेरै थरी काम दिने । के हो ? - गाई
- उसिन्दा पाक्दैन, पोल्दा डढ्छ । के हो ? - कपाल
- ऊमाथि ऊ भई, टुप्पीमा समाई, मुखमा सुँघाई । के हो ? - जाँतो
- ऊ भए संसारै उज्यालो, ऊ छैन दिउँसै अँध्यारो । के हो ? - सूर्य
- ऊ भए ऊ हुन्थ्यो, ऊ नभए ऊ कहिले हुन्थ्यो ? के हो ? - काँचुली

# ए

- ए आन्द्रे ! थाप्लामा बस्, बनबुटो गरी भुइँमा बस्। के हो ? - नाम्लो
- एउटा कागजको चरो, खोल्छ दराज गर्छ कुरो। के हो ? - किताब
- एउटा काठमा कैयौं प्वाल, त्यो होइन आँखीझ्याल। के हो ? - हतासो
- एउटा खम्बाले घर थेग्ने। के हो ? - छाता
- एउटा खाई सभा बस्नू, अर्को खाई वन पस्नू। के हो ? - अदुवा र मूला
- एउटा खाल्डोमा दुई लात। के हो ? - सुरुवाल लगाएको
- एउटा खुट्टा सयौं हात, सयौं हातमा हजारौं पात। के हो ? - रूख
- एउटा खेतमा कुलैकुलो। के हो ? - गुन्द्री
- एउटा गजले दुईतिर बाजा बजाउने। के हो ? - पुच्छर
- एउटा गुईंठेको माटोमुनि बास,
  कुटीपिसी मिसाएमा तरकारीमा खास। के हो ? -लसुन
- एउटा गुरुका धेरै चेला, मुख बाउँछन् खाने बेला। के हो ?
  - धारो र घैंटा-गाग्रा
- एउटा गोरुका बत्तीस जुरा। के हो ? - करेला
- एउटा गोरुका सोर सिङ। के हो ? - चर्खा
- एउटा गोरु चर्दा चौरभरि बाकेको। के हो ? - लेखेको
- एउटा घना जङ्गलमा टक्क रातो बत्ती बलेको। के हो ? - सिन्दुर
- एउटा घरका दुईवटा ढोका। के हो ? - नाक
- एउटा घरको एउटा कोठा, त्यहाँ छैन एउटै ढोका। के हो ? - मादल
- एउटा घरको एउटै कोठा, त्यहाँ छैन कुनै ढोका। के हो ? - मादल
- एउटा घरमा दुईवटा खोपा,
  त्यहाँबाट निक्लन्छन् फोहोरका फोका। के हो ? - सिँगान
- एउटा घरमा सय कोठा। के हो ? - बाँस
- एउटा घ्याम्पोमा दुईरङ्गी जाँड। के हो ? - अन्डा
- एउटा चउरमा एउटै रोटी। के हो ? - सूर्य

- एउटा चउरमा लौरो गाडेको । के हो ? - धरहरा
- एउटा चराका पाँच रङ, मुखमा हाल्दा एउटै रङ । के हो ? - पान खाएको
- एउटा चरीका तीनवटा पङ्ख । के हो ? - बिजुली पङ्खा
- एउटा चरीका दुईतिर पुच्छर । के हो ? - दुनु
- एउटा जनावरको चार थाम एक सिङ । के हो ? - गैंडा
- एउटा रुयालखानमा चालीस चोर । के हो ? - सलाई र काँटी
- एउटा ठुटोमा दुईवटा च्याउ,
  यो कथा नजाने मुसा पोली खाऊ । के हो ? - कान
- एउटा डोलीमा सयवटी रानी । के हो ? - सस्यूँका कोसा
- एउटा तन्न एउटा धन्न, कैले लौलौ कैले हुन्न । के हो ? - तबला
- एउटा थालमा तीन मान्छे नाचिरहन्छन् । के हो ? - घडी
- एउटा थालमा दुईवटा अन्डा,
  एउटा तातो अर्को ठन्डा । के हो ? - सूर्य र चन्द्र
- एउटा थियो कुखुरो, हिँड्दा थाक्यो बिचरो,
  चक्कू लिई काटें टाउको अनि फेरि दगुऱ्यो । के हो ? - पेन्सिल/सिसाकलम
- एउटा थुम्कोमा दमाहा घोप्ट्याएको । के हो ? - टोपी लगाएको
- एउटा दमाईले दुईतिर ढोल बजाउँछ । के हो ? - गाई
- एउटा दाम्लामा सयवटा बाच्छाबाच्छी बाँधेको । के हो ? - खोलो र कुलो
- एउटा देश छ कतै तीनअक्षरी नाम,
  पहिलो अक्षर झिके हुन्छ खाने चिजको नाम । के हो ? - जापान
- एउटा पोको फुट्ने चार धारा छुट्ने । के हो ? - कल्चौंडो र थुन
- एउटा पोखरीमा चार भाइ हाम फाल्छन् । के हो ? - दूध दुहेको
- एउटा प्वालमा मासुको ढिस्को । के हो ? - जिब्रो
- एउटा फर्सीका सातवटा रुयालढोका । के हो ? - टाउको
- एउटा फर्सीका सातवटा प्वाल, पूरै लाग्दा नौवटा रुयाल । के हो ?
  - टाउको र शरीर
- एउटा बाकसमा धेरै टोपी, धेरै टोपीका आफ्नै लौरी । के हो ? - सलाई
- एउटा बूढाका पन्धवटा छोरा, तीनवटा मात्र दौडिरहन्छन् । के हो ? - घडी
- एउटा बूढाका सयौं आँखा, देख्दाखेरि बिघ्ने चनाखा । के हो ? - डोको
- एउटा बूढाको लामो पटुकी । के हो ? - सियो र धागो
- एउटा भन्छ म लामो, अर्को भन्छ म लामो । के हो ? - बाटो र खोलो

- एउटा मान्छेको पेटमा नौवटा नानी। के हो? - बोडीको कोसो
- एउटा मान्छेलाई बत्तीस पुलिसले घेरेको। के हो? - जिब्रो
- एउटा मुख दुईवटा पेट, तुर्क्याउँछ ऊ, तँ तिर्खा मेट्। के हो?
  - वाटरफिल्टर
- एउटा मुठो खरले, धौले घर छाम्ला मयाँले। के हो? - बत्ती
- एउटा रुखमा पाँचवोटा हाँगा। के हो? - हत्केला
- एउटा रुखमा बार हाँगा, बार हाँगाका दुई पात। के हो?
  - महिना, दिनरात
- एउटा रुखमा बारवटा हाँगा, बारवटा हाँगामा सातवटा पात। के हो?
  - वर्ष, महिना र दिन
- एउटा रुखमा बार हाँगा, बार हाँगामा तीन सय पैसट्ठी पात। के हो?
  - वर्ष, महिना र दिन
- एउटा रोटीमा चारवटा प्वाल। के हो? - टाँक
- एउटा लासका दुईतिर सिरानी। के हो? - झोलुङ्गे पुल
- एउटा लुलेका पाँचवटा मलामी। के हो? - सिँगान
- एउटाले जा भन्छ, अर्कोले आ भन्छ। के हो? - केरा र बाँसको पात
- एउटा साँढेको सबैतिर सिङ। के हो? - करेला
- एउटा हाँगामा तीनवटा पात, सधैं हुन्छ, शिवजीका साथ। के हो?
  - त्रिशूल
- एउटा हाँगाका तीनवटा पात, धेरै जसो घुम्छ जोगीका साथ। के हो?
  - त्रिशूल
- एउटा हातले सगर छेकेको। के हो? - छाता
- एउटी आमा एकपल्ट ब्याउने, त्यसपछि उनले बाँच्नै नपाउने। के हो?
  - केराको बोट
- एउटी आमाका बत्तीस छोरा, आमालाई कुट्छन् सधैं मोरा। के हो?
  - जिब्रो र दाँत
- एउटी चरीको दुईतिर पुच्छर। के हो? - दुनो
- एउटी नानी दुई घरको दीप, जता चाहियो त्यतै ठीक। के हो?
  - कागको आँखा
- एउटी बहिनीले सातवटा पछ्यौरा ओढेकी। के हो? - मकैको घोगा
- एउटी बूढीका जीउभरि सिन्का। के हो? - सल्लो

- एउटी बूढी कुम्लो भुइँमा छाडी रूख चढी। के हो ?- तरुल/भ्याकुर
- एउटी बूढी भुइँमा लडी, कुम्लो छाडेर रूखमा चढी। के हो ?
  - सखरखन्ड/सुठनी
- एउटै घैंटोमा दुई रङ्गको पानी। के हो ? - अन्डा
- एउटै दाम्लामा धेरै खसी बाँधेको। के हो ? - फर्सी र लहरा
- एउटै रूप आआफ्नै काम, उही शरीरमा भिन्नाभिन्नै नाम। के हो ?- रौं
- एउटै लिग समातेर कुद्छन् दुईवटा रेल,
  नपत्याए आफैं कुदाएर हेर। के हो ? - चेन/फस्नर
- एउटै हातले दोहोरो मादल बजाउने। के हो ? - पुच्छर
- एक अँधेरी साथी मेरी, सधैं पछ्याउँछिन् कत्ति नटेरी। के हो ?- छायाँ
- एक कसौंडीमा दुई कुङ्की भात। के हो ? - कटुस
- एक कोठामा चालीस चोर। के हो ? - सलाईको डब्बा
- एक कोल बार पट्टी, हाँगा गन्दा तीन सय पैंसट्ठी। के हो ?- वर्ष दिन
- एकखुट्टे दाइको जीउमा काँडैकाँडा। के हो ? - ऐसेलुको बोट
- एकखुट्टे गाई दैलोमा नअटाई। के हो ? - छाता
- एकखुट्टे धामी, भारी बोकी कुदँक्क। के हो ? - डोको
- एकखुट्टे धामी, लुगलुगी/थरथर कामी। के हो ? - जुको
- एकखुट्टे बोकाको तीन धार्नी बोसो। के हो ? - काउली
- एकखुट्टे मान्छे बार धार्नी फलाम बोकेको। के हो ? - केराको बोट
- एक गुरुका धेरै चेला, मुख ओबाउँछन् पिउने बेला। के हो ?
  - लोटा/अम्खोरा
- एक गेंडा सुपारी, दुईजना बेपारी। के हो ? - गोब्रेकीरा
- एक गोरु सय दाम्ला, यो कथा नजाने गाम् खाम्ला। के हो ?- खजुरो
- एक चिम्टीका दुईवटा रौं। के हो ? - सियो र धागो
- एक जना नाच्ने, पाँच जना हेर्ने, चार जना लुक्ने। के हो ?
  - सुर्ती माडेको
- एक जना मान्छेको जीउभरि प्वाल। के हो ? - डोको
- एक ठाउँबाट खान्छ, सय ठाउँबाट फाल्छ। के हो ? - जाँतो
- एक डल्लो धन, पोली खाऊँ कि पकाई खाऊँ ? के हो ? - आलु/पिँडालु
- एक डाँडामा खसी काट्यो, सय डाँडामा रगत। के हो ? - घाम लागेको
- एक तलाउभित्र आई, देखें आफूले आफैंलाई। के हो ? - ऐना

- एक तले घरको करेसामा लिस्नु । के हो ? – घट्टको डुँड
- एक दिन सबैले भोग्नै पर्ने, टार्दा नटर्ने, मार्दा नमर्ने । के हो ? – काल
- एक पाथी धानको लाख पाथी धान । के हो ? – जून र तारा
- एक फेर आउँछ, मुखबाट ब्याउँछ । के हो ? – केराको बोट
- एक बेत ब्याई, आमा मरी जाई । के हो ? – केराको बोट
- एक भाँडो अचार, सबैलाई विचार । के हो ? – मल
- एक भाइका चार खुट्टा । के हो ? – खाट
- एक भाइका तीसवटा दाँत । के हो ? – करौंती
- एक भाइका दुईवटा मुन्द्रा । के हो ? – खड्कौंला वा कन्तीका कडा
- एक भाइका सय आँखा । के हो ? – डोको
- एक भाइ धान हाल्ने, बत्तीस भाइ धान कुट्ने । के हो ? – जिब्रो र दाँत
- एक भाइ जान्छ, सय भाइ आउँछन् । के हो ? – मकै
- एक भाइ नाचेको, चार भाइ लुकेको, पाँच भाइले हेरेको । के हो ? – सुर्ती माडेको
- एक भाइ फुटे चार धारा छुटे । के हो ? – दूध दुहेको
- एक भाइ लडे, सय भाइ बढे । के हो ? – मकै
- एक भाइले दुनियाँ उज्यालो पार्ने । के हो ? – घाम
- एक माना पिठामा तीन माना पानी,
  दिनेलाई भन्दा खानेलाई हानि । के हो ? – जाँड
- एकमाने ताउलीमा दुई चोइली भात । के हो ? – कटुस
- एक मान्छेका जीउभरि आँखा । के हो ? – डोको
- एक मुठी खर, घुमाउने घर । के हो ? – छाता
- एक मुठी छ्वालीले सबै घर छाएको । के हो ? – बत्ती
- एक मूलका दश धारा । के हो ? – थुन र दूध/दूधका सिर्का
- एक रूखका चार आँखा, बीस पात । के हो ? – हातगोडाका औंला
- एकसिङ्गे कलुवाका चारवटा थाम । के हो ? – गैंडा
- एकसिङ्गे कलुवाका चारवटा थाम,
  अभर पर्दा हुन्छ कतातिर जाम् । के हो ? – गैंडा
- एकसिङ्गे गाई, जति खुवायो उति खाई । के हो ? – जाँतो
- एकसिङ्गे गोरुको मुखमा कीलो । के हो ? – जाँताको मानी
- एकसिङ्गे गोरु सिङ समाए कराउँछ । के हो ? – जाँतो

- एकसिङ्गे गोरु होक्का-होक्का ! के हो ? - जाँतो
- एकातिर असिना, आर्कातिर हिउँ । के हो ? - कपास र भुवा
- एकातिर काटे ढुङ्गो, अर्कातिर काटे पुङमाङ । के हो ? - बाँस
- एकादेशमहाँ अचम्म सुनियो नाङ्लाजत्रा पात,
  त्यही दिन सुत्ने, त्यही दिन उठ्ने, के हो त्यसको जात ? - सूर्य
- एकादेशमा काल्दाजै-काल्दाजै ! के हो ? - रूख काटेको
- एकै छिनमा भाले एकै छिनमा पोथी, भाले र पोथीको एउटै कोठी ।
  के हो ? - मादल
- एक्लै उठी जान खोज्दा आफू लड्ने डर,
  काखी च्यापी हिँडेदेखि पक्का हुने भर । के हो ? - बैसाखी
- ए गाँडे ! है भुन्टे, तँलाई खान्छ, मलाई लान्छ । के हो ?
  - मूला र भिँडा
- ए भुन्डे, के भनिस् भकुन्डे ? म लहरामा, तँ झाङमा । के हो ?
  - इस्कुस र फर्सी
- ए पुङके उठ् बेसी जाऊँ, बेसीबाट तेरो मुन्टो निमोठेर ल्याऊँ । के हो ?
  - धोक्रो/थैलो
- 'ए' 'बी' होइन 'सी' अगाडि, राजा होइन रानी पछाडि । के हो ?
  - सिरानी

# ओ/औ

- ओक्कल-दोक्कल भुँडी खोकल । के हो ? – **ठेको पखालेको**
- ओखल भनौं, ओखल होइन, मूल फुट्छ, कुवा होइन । के हो ? – **आँखा**
- ओडारबाहिर हड्डीको ताँती, यो कथा नजान्ने बिरालोको नाति । के हो ? – **दाँत**
- ओडारभरि सर्घै लिरीबिरी । के हो ? – **लिगलिगे**
- ओडारमाथि डाँडो डाँडोमाथि टार,
  टारमाथि रानीवनमा हिँड्न थाल्यो जार । के हो ? – **जुम्रो**
- ओबाना लुगा फाल्ने, भिजेका लुगा लगाउने । के हो ? – **टाँगो**
- ओर्काई-फर्काई चन्दन लगाई, बटार-बुटुर मुखमा हाली चबाई । के हो ? – **पान खाएको**
- ओल्ट्याङ पल्टयाङ खोस्र्याङ । के हो ? – **जुठो लोटाएको**
- औंठी लाउँछन् औंठी होइन, बाहिर हुन्छ घरमा छैन । के हो ?– **कुश**
- औलको खेत, लेकको कुलो, पाँच जना बाउसे रोपाइँ गर्छन् ठूलो । के हो ? – **कागज, मसी र पाँच औंलाले लेखेको**

# क

- कथा न कुथुङ्ग्री कन्डापट्टि गाँड, यो कथा नजान्ने बोक्सीको राँड । के हो ? – **दैलाको गाँड**
- कथा न कुथुङ्ग्री कन्डापट्टि पिलो, पिलाभित्र फेरि बडेमानको दुलो । के हो ? – **दैलाको गाँड**
- कन्डापट्टि कालीनाग झुन्डिएको । के हो ? – **कपालको चुल्ठो**
- कपडाको छाला, फलामको हाड, खुम्चँदा लट्ठी, खुल्दा आड । के हो ? – **छाता**
- कपाल काटी सुकाइन्छ, चुल्ठो पारी बाटिन्छ । के हो ? – **बाबियो**
- कपालपुरमा ठूलो चोर थियो कानपुरमा पक्डियो,
  हस्तिनापुरीमा स्थान गरियो नडसारमा मारियो । के हो ? – **जुम्रा मारेको**
- कपास, केराउ, गुराँस, काँको, चारै जातको यौटै थाँक्रो । के हो ? – **सिमलको रूख**
- कम्मरमा पटुका कस नानी, जन्मदा ठूली पछि सानी । के हो ? – **कुचो**
- कराए निक्लन्छ, नकराए निक्लन्न । के हो ? – **स्यालको सिङ**
- कराएको सुनिन्छ देख्न सकिन्न, जतातते पस्छ रोक्न सकिन्न,
  त्यो नभई फेरि बाँच्न सकिन्न । के हो ? – **नाडीको नसा**
- कलिलोमा रमाई खान्थ्यो बूढो दाजु मलाई,
  अहिले भन्छ दाँत छैन, खान्छु सातु बनाई । के हो ? – **मकै**
- कसैले चाल्ने, कसैले फाल्ने, कोही लुट्ने, कोही लुटिने । के हो ? – **काँडा**
- कसौंडी पाक्यो, भात पाकेन/काँच्चै । के हो ? – **अम्बा/बेलौंती**
- कसौंडीमा भात पाक्छ, बिटमा दाल पाक्छ । के हो ? – **खेत र आली**
- कहिले कानमा, कहिले गोजीमा । के हो ? – **मोबाइल**
- कहिले लुकामारी खेल्छन्, कहिले साथै देखिन्छन्,
  कहिले भने रुयाप्पै छेकिन्छन् । के हो ? – **सूर्य र चन्द्र**
- कहिले हुन्छ कालो, कहिले हुन्छ रातो,
  रातो हुँदा नछुनु है लैजाला नि सातो । के हो ? – **आगो**

- काँचो छउन्जेल हरियो, पाकेपछि रातो,
  होस गरी खानू है उडाउला नि सातो। के हो? – खुर्सानी
- काँचो हुँदा तरकारी, पाकेपछि फल,
  जिउभरि काँडेकाँडा। के हो? – कटहर
- काँधमा छिराएर कम्मरतिर झार्नु,
  पहिलोपटक लगाउँदा कपाल जम्मै फाल्नु। के हो? – जनै
- काँधमा भिरिन्छ खकन होइन, सरसामान बोकाइन्छ गधा होइन। के हो?
  – झोला
- काँसका थालमा हाँसका फुल। के हो? – चन्द्रमा
- कागज खाने यसको जात, काम गर्छ खटेर दिनरात। के हो? – पन्चिङ मेसिन
- काखमा राखे कराउने भैंमा राखे, नकराउने। के हो? – मादल बजाएको
- काटीकुटी मान्छे, बोल्छ, हिँड्छ,
  काम गर्छ, तर मुटुसुटु केही छैन। के हो? – रोबर्ट
- काटीकुटी हलोजस्तो काखमा राख्यो, छोरोजस्तो। के हो? – मादल
- काटेकुटे टुकुरा, लिएर दगुर, जाऊ बारीमा, रोप माटामा। के हो? – उखु
- काट्दा काटिने, पोल्दा पोलिने, पकाउँदा भने नपाक्ने। के हो? – रौं/कपाल
- काठका ठिनामिना, फलामका सोर,
  अघि लागे रामलक्ष्मण पछि लागे चोर। के हो? – जोतेको
- काठ काटी पिर्का ताछी, यो कथा नजाने बाजी लाग्छ तीन सय साठी।
  के हो? – वेदको किताब
- काठकी बाच्छी दुइगाकी गाई, जति दुह्यो त्यति आई। के हो?
  – चन्दन घोटेको
- काठको बैंची फलामको बिँड, त्यो बिँड बोक्ने जना दुई तीन। के हो?
  – तामदान र डोले
- काठको ठिनीमिनी काठकै सोइला,
  अघि लागे राम-लक्ष्मण पछि लागे पाइला। के हो? – गोरु जोतेको
- काठको ठुन्का, आँखीख्याल होइन, जीउभरि दुल्का। के हो? – हतासो
- काठको डुँड, फलामको कुर। के हो? – हलो र फाली
- काठको पर्खाल सिसाको द्वार, नबोली हेर्छन् लगातार। के हो? – तस्विर
- काठको फड्के, चारजना अड्के। के हो? – चर्खे पिङ
- काठको बाच्छी दुइगाको गाई, दुहुन जाने धेरै आई। के हो? – चन्दन घोटेको

- काठ खाने पानी खाने, अन्नचाहिँ छुँदै नछुने। के हो ? – **चनौटो**
- काठमाडौँमा आगो लाग्यो, तानसेनमा खल्ल-बल्ल,
  दमकडामा थिएँ म आएँ बल्ल-बल्ल। के हो ? – **तमाखु खाएको**
- काठमाडौँमा काठको र पिठाको लडाइँ भो रे,
  जाने भए जाऊ रे नत्र सितलपाट्टिन्छ रे। के हो ?
  – **ढिँडो ओडालेको छ, खान जाऊ**
- कान तान्दा मुख खोल्छ। के हो ? – **थैली**
- कान निमोठे ह्वालह्वालती छाद्ने। के हो ? – **धारा**
- कान निमोठ्दा वान्ता गर्छ। के हो ? – **कलधारा**
- कानमा समाई नाकमा बस्छु, हेर्नु परे आँखै छोप्छु। के हो ?– **चस्मा**
- कान समाई माथि उठायो चट्ट आगो लगायो,
  कान समाती नाकमा तल ल्यायो रातलाई दिन बनायो। के हो ? – **लाल्टिन**
- कान्छी नानी सारै सानी, दिनरात खट्ने उनको बानी। के हो ?– **कमिला**
- काम एकै भए पनि अनेक धरी नाम,
  फोहोरको दुनियाँमा नाच्ने त्यसको काम। के हो ? – **साबुन**
- काम गर्दा टोपी झिक्छ, काम भ्याएपछि टोपी लाउँछ। के हो ? – **कलम**
- काम सकिनासाथ नुहाउनैको हतार। के हो ? – **जुठा भाँडाकुँडा**
- कामीको छोरा, बाहुनको नाति, बस्न गयो दैलामाथि। के हो ? – **ताला**
- काला-काला पिर्कामाथि जन्ती बसेका,
  भोलिपल्ट हेर्दाखेरि उठी गएका। के हो ? – **तारा**
- काला गेडा सेतो भुइँ, मुखले टिप्छ, हातले छर्छ। के हो ? – **लेखेपढेको**
- कालीको पानी दैलातुडको खेत, पाँच भाइ बाउसे कोदाली एक। के हो ?
  – **लेखेको**
- कालीको पानी बेसीको खेत, पाँच भाइ बाउसे कोदाली एक। के हो ?
  – **लेखेको**
- कालीको पानी माडीको खेत, पाँच जना बाउसे, कोदाली एक। के हो ?
  – **लेखेको**
- काली गड्गा गौरी घाट, बत्तीस हाँगा एउटै पात। के हो ? – **जिब्रो**
- काली गाईको पेटभरि दूध। के हो ? – **मास**
- काली चरीको सेतो पुच्छर। के हो ? – **सियोधागो**
- काली बूढी अँध्यारो कुनामा धुमधुम्ती बस्छे। के हो ? – **हाँडी/खोल्या**

- काली बूढीका पेटमा लहरे बढाइ। के हो ? -हाँडीमा मकै भुटेको
- काली बूढीको भान्सा मीठो। के हो ? - ठेकी र दही
- काली बूढी चाउरी परी। के हो ? - मरिच
- काली बूढा चुलामा लुटुपुटु। के हो ? - लोढाएको
- काली बूढी ठाडठाडै मुल्छे। के हो ? - कोल
- काली बूढी बल्ला घर, पल्ला घर गर्छे। के हो ? - हाँडी/खोत्या
- काली बोक्सीका पेटमा नाति, फुन्दुड-फुन्दुड नाच्ने। के हो ? - हाँडीमा मकै भुटेको
- काली भए पनि राम्री छन् आँखा तिनका जीउभरि छन्। के हो? - आँखीझ्याल
- काली माईको पेटमा सेतो झिक्ने मेसो। के हो ? - मही पारेको
- काली वनमा बस्ने, तारे भीरमा चर्ने,
  हात्तीपुरमा झर्ने, नवलपुरमा मर्ने। के हो ? - जुम्रा
- कालो ओडारमा खुदो जमेको। के हो ? - कानेगुजी
- कालो ओडारामा पाँच भाइ पस्ने। के हो ? - खाएको
- कालो ओडारमा रातो पुलिस। के हो ? - जिब्रो
- कालो ओडारमा लहरै जन्ती। के हो ? - कमिलाको ताँती
- कालो ओडारमा सेता जन्ती। के हो ? - दाँत
- कालो कुकुर वनमा सुत्ने, हिर्काउँदाखेरि थुक्दै उठ्ने। के हो ? - बन्दुक
- कालो खान्छ, सेतो हग्छ। के हो ? - कोदो पिसेको
- कालो खोलमा हुन्छु, रातो पानी खान्छु,
  निहुँ खोज्न आउनेलाई ठाडै जवाफ दिन्छु। के हो ? - खुकुरी
- कालो चरो, सुकिलो पुच्छर। के हो ? - सियो र धागो
- कालो छु कालै वनमा वस्छु, रातो पानी खान्छु। के हो ? - जुम्रा
- कालो ठुटामाथि सेतो चरा नाचिरहने। के हो ? - टाउको र छुरा
- कालो थालमा रातो अछेता। के हो ? - रातीगेडी
- कालो पिउरी, सेतो धागो। के हो ? - थुन र दूध
- कालो मुख छ, कुकुर होइनम दुई जिब्रा छन्, सर्प होइन;
  पाँचवटा पोइ छन्, द्रौपदी होइन। के हो ? - कलम
- कालो मैदानमा सिपाही परेड खेल्छन्। के हो ? - मकै भुटेको
- कालो मोसो दली वस्छे दुवै गाला भरि,
  जति पिट्यो उति बढी कराउँछे मोरी। के हो ? - मादल

- कालो रहमा सेती बूढी हाम फाल्ने। के हो ? - सेलरोटी पकाएको
- कालो राख्नी, सेतो झिक्नी। के हो ? - कोदो पिसेको
- कालो सर्पले सेतो सर्प निलेको। के हो ? - दाप र खुकुरी
- कालो हाली सेतो झिक्ने, वरिपरी लागेको झुम्राले पुछ्ने। के हो ? - कोदो पिसेको
- कि मलाई तान, कि तिमीलाई बोक्छु, रिस उठ्यो भने लात्तालै ठोक्छु। के हो ? - घोडा
- किन्नेले राख्दैन, पाउनेले किन्दैन। के हो ? - उपहार
- किन्नेले राख्दैन, राख्नेले किन्दैन। के हो ? - उपहार
- किन्नेले लाउन्न, लाउनेले देखेन पाउन्न। के हो ? - कात्रो
- किन्नेले लाउँदैन, लाउनेले किन्दैन। के हो ? - कात्रो
- किलो भुइँमा डोब हातमा। के हो ? - ऐसेलु
- कुमाल गाउँमा आगो लाग्यो, माझी गाउँमा गुहार-गुहार। के हो ? - तमाखु खाएको
- कुच्चिएको कसौंडीको मीठो खानेकुरा। के हो ? - ओखर
- कुनामा बस्छ, देशविदेश घुम्छ। के हो ? - हुलाक टिकट
- कुनै देशको नाम, जसलाई उल्टोबाट पढ्दा पकाउन आउँछ काम। के हो ? - इराक/कराइ
- कुवाका वरिपरि ठाडा किलाका वार। के हो ? - परेला
- कुवा, कुवामाथि डाँडो, डाँडामाथि चउर, चउरमाथि जङ्गल, जङ्गलमाथि लुकेको छ चोर। के हो ? - मुख-नाक-निधार-कपाल-जुम्रा
- कुबेर राजा मर्दा पाँचजना मलामी। के हो ? - सिँगान
- कुप्री गाईले चारै फाँट चर्छे। के हो ? - हँसिया/आँसी
- कुप्री, झुत्री बूढी बिहानै उठी लुटुपुटु गर्छे। के हो ? - दैलो पोतेको
- केटाकेटीले खानी, बूढाबूढीले फाल्नी, भरखरकाले गोजीमा राख्नी। के हो ? - सिँगान
- कैली गाई, अँगार खाई। के हो ? - रिठ्ठाको गेडा
- कैली गाईका पेटमा अँगारको डल्लो। के हो ? - रिठ्ठाको गेडा
- कैली गाईका पेटभित्र कालो मट्याङ्ग्रो। के हो ? - रिठ्ठाको गेडा
- कोठाभरि कालाटाउके पुलिसको डफ्फा। के हो ? - सलाई

# ख

- खटखट खटपाउ, तीन मुख दस पाउ। के हो ? - हलो जोतेको
- खरबारीमा दाँदि लगाएको। के हो ? - कपाल कोरेको
- खरानी घसेको, थपक्क बसेको। के हो ? - चुलामा बसालेको कसौंडी
- खर्र वर, खर्र पर, खर्र हाल्यो चारो। के हो ?- घरेलु तानमा लुगा बुनेको
- खसी बसिरहने, दाम्लो चर्न जाने। के हो ? - फर्सी र लहरा
- खसी भित्र, दाम्लो बाहिर। के हो ? - तरुल/भ्याकुर
- खस्रो छाला, मीठो बोसो, त्यहीभित्र रहेछ काठको ठोसो। के हो ? - तिँउ
- खस्रो छालाभित्र नरम गुदी, गुदीभित्र हाड। के हो ? - लिची
- खस्रो भ्यागुताको भुँडी नै मीठो। के हो ? - कटहर
- खाँदा उठ्छ, भोकाउँदा सुत्छ। के हो ? - कोल
- खाँदा मह, थुक्दा कपास, खाने रस, ओकल्ने कपास। के हो ?- उखु
- खाँदा मुख सानो, नखाँदा झन् मुख ठूलो। के हो ? - चिम्टा
- खाँदै छ, हग्दै छ। के हो ? - जाँतो पिँधेको
- खाएस्पिएस् तेरा घर, सुत्न आएस् मेरा घर। के हो ?- आग्लो/गजबार
- खाऊँ-खाऊँ रोटी खाइनसक्नु, दाऊँ-दाऊँ बहर दाइनसक्नु,
  टेकूँ-टेकूँ लौरी टेकिनसक्नु। के हो ? - सूर्य, बाघ र सर्प
- खाजा खाँदाखाँदै भुँडी नै फुट्यो। के हो ? - बेलुन
- खान जाँदा दुब्लो, खाएर आउँदा मोटो। के हो ? - पुरी पकाएको
- खान त खाएँ, तर चाखेको छैन। के हो ? - किरिया/कसम
- खान दिए नाइँ-नाइँ, धिंचदिए मुसुक्क। के हो ? - बिजुलीबत्ती
- खान नपाईन्जेल भोकिई बस्ने, खाएपछि घुमीघुमी नाच्ने। के हो ? - जिब्रो
- खान लाग्यो मीठो, दुवै हात जुठो। के हो ? - उसिनेको आलु/पिँडालु
- खानु न पिउनु मुन्टो जोतेको जोत्यै। के हो ? - लुँडी
- खानु न पिउनु सधैं हिँडिरहनु। के हो ? - घडीको सुई
- खानु न पिउनु, पहरामात्र दिनु। के हो ? - ताला/कुलुक

- खाने पनि नअघाउने, ख्वाउने पनि नअघाउने । के हो ? – जाँतो
- खाने बेलामा आई सानी, थालअगाडि भुन्टी नानी । के हो ? – पानी खाने भाँडो
- खान्छ अन्न, पानी छुन्न । के हो ? – जाँतो
- खान्छ घाँस, हग्छ धागो । के हो ? – रेसमकीरा
- खान्छ, था' पाउन्न । के हो ? – डाडु
- खान्छ मट्याङ्ग्रा छर्छ धुलो, घुम्दछ फनफन चक्का ठूलो । के हो ? – घट्ट
- खान्छ मुढो, बनाउँछ धुलो । के हो ? – आगो
- खाम्-खाम् भन्छन्, खान हुन्न । के हो ? – खाम
- खाली पोखरीमा फुत्तफुत्त उफ्रने । के हो ? – मकै भुटेको
- खिडिबिडी ख्याट्ट, पुच्छर समातेर स्याट्ट । के हो ? – तालाचाबी/कुलुक
- खिरिलो साँढेको जीउभरि सिडैसिड । के हो ? – तीतेकरेला
- खिरिलो रूखमा एउटै पात । के हो ? – पनिउँ
- खुट्टा छैन उकालो चढ्छ, पानी खाए खुत्रुक्कै मर्छ । के हो ? – डढेलो
- खुट्टा छैन हिँड्छ, पुच्छर छैन सिड छ । के हो ? – चिप्लेकीरा
- खुट्टा छैन टाढा जान्छ, पण्डित होइन साक्षर छ, मुख छैन कुरा गर्छ । के हो ? – चिठी
- खुट्टा धेरै छन् गन्न सकिदैन, तर पनि पाइलो सार्ने कहिल्यै होइन । के हो ? – रूख
- खुट्टा नभएकाले खुट्टा भएकालाई खायो, टाउको नभएकाले देख्यो । के हो ? – सर्प, भ्यागुतो र गँगटो
- खुट्टा नहुँदा भुइँमा हिँड्न पाएन, पखेटा नहुँदा आकाशमा उड्न पाएन । के हो ? – माछो
- खुट्टामा लगाए मान-सम्मान, टाउकामा लगाए अपमान । के हो ? – जुत्ता
- खुट्टामुनि रहेछ काले दाइको वास, सँगै हिँड्छ बोल्दैन पर्छ मेरै छाप । के हो ? – छायाँ
- खुट्टी पसार, लट्ठी मसार, कालो हाल, सेतो झिक । के हो ? – मास/कोदो पिसेको
- खुट्टी लुलो, फूल ठूलो, त्यसमै मन भुल्यो । के हो ? – काउली
- खुट्टो छ तिघ्रो छैन, टाउको छ आँखा छैन । के हो ? – च्याउ
- खेतको चरो ट्वारट्वार गर्छ, पानी नपाए ठहरै पर्छ । के हो ? – भ्यागुतो
- खोइ-खोइ बूढा ! म अघि जान्छु । के हो ? – लौरो

- खोक्रो पनि छैन, बोक्रो पनि छैन, मुखमा राखी टोक्दा सातुसातु बन्छ। के हो ? - कसार
- खोपाभरि राता कीरा। के हो ? - अगेनाको आगो
- खोपी, खोपीभाथि खोपी, खोपीभाथि खोपी, खोपीभाथि टोपी। के हो ? - बाँसको तामा
- खोपो, खोपोमाथि खोपो, खोपोमाथि खोपो। के हो ? - बाँस
- खेलाको पुछारमा वीरे दाइ नाच्छ। के हो ? - घट्ट
- खोलाखाली पाखुरे, भुइँमा नझरे बाबा ठाकुरे। के हो ? - सेल पकाएको
- खोलाबाट ल्याउँदा फलाम, आगोमा हालेपछि तामा। के हो ?- गँगटो
- खोलामा बसेको पगरी कसेको। के हो ? - निउरो
- खोलो तरेकी राती गाई, चुली पुगी भन्ज्याङ आई। के हो ? - पोते लगाएको

# ग

- गई-भई फुर्तिली, फर्किन नजान्ने । के हो ? - पुतली
- गएपछि नफर्कने । के हो ? - बाण हानेको
- गजमने हात्तीको पेटभरि किरा । के हो ? - घर र मान्छे
- गजुर छ, मन्दिर होइन; बार्दली छ, घर होइन । के हो ? - धरहरा
- गजुर छ, मन्दिर होइन; पखेटा छ, चरा होइन; करङ छ, मान्छे होइन; घुम्रिएको पुच्छर छ, कुकुर होइन । के हो ? - छाता
- गण्डकीको पानी माडीको खेत, पाँचजना बाउसे, कोदाली एक । के हो ? - लेखेको
- गणेशजीको पछाडि इनार । के हो ? - पानस
- गधाको दाजु घोडाको भाइ, भारी बोक्न लाउँछन् दाजुभाइ । के हो ? - खच्चर
- गनगने बूढाको पिठ्यूँभरि नसा । के हो ? - दमाहा
- गनगने बूढीको थाप्लामा आगो/भुङ्रो । के हो ? - हुक्का/चिलिम
- गनगने बूढीको भान्सै मीठो । के हो ? - मौरी र घार
- गनगने नानीको म्वाइँ खाने बानी,
  उज्यालो भएपछि पानीतिर जानी । के हो ? - लामखुट्टे
- गरिबले फाल्ने, धनीले राख्ने । के हो ? - सिँगान
- गरिबले सोरेर फ्याँक्छन्, धनीले खल्तीमा हाल्छन् । के हो ? - सिँगान पुछेको
- गहतकोसे घोप्टी गाई, दिनभर चरीकन भोकै आई । के हो ? - आँसी/हँसिया
- गहिरो तलाउमा चाँदीको बार । के हो ? - दाँत
- गहिरो पोखरीमा चाँदीको थाल । के हो ? - चन्द्रमा
- गहिरो पोखरीमा सुनका माछा । के हो ? - तारा

- गाग्राको जस्तो तामाको मानु, कुकुरको जस्तो कान,
  भित्र हेर्दा ताँती-ताँती, यो कथा के हो जान ? – दारिम
- [illegible], के हो ?
  – सिमल
- गीत गाउँदै रातभरि नाच्छ, एक म्वाई खान पाए खुसीसंग बाँच्छ। के हो ?
  – लामखुट्रे
- गुटुमुटु छैन मुटु। के हो ? – पटुका
- गुनिलो फल फल्ने रूखको कर्ल्याङकुर्लङ पात,
  न दुनु बन्ने, न टपरी बन्ने के हो त्यसको जात ? – अमला
- गुन्टे राजा पल्टे अरे मङ्गलेको झाईंझाईं। के हो ?
  – दिसामा झिँगा भन्केको
- गुन्टे राजा लडेर मरे, मङ्गनेको रजाईं। के हो ?
  – दिसामा झिँगा भन्केको
- खसी बसिरहने, दाम्लो चर्न जाने। के हो ? – फर्सी र लहरा
- गुन्द्रा-काम्ला लथालिङ्गै भुन्टी बज्यै भुईंमा। के हो ? – फर्सी
- गुन्द्री काम्लो लदाबदी, ज्वाईंनानी भुईंमा। के हो ? – फर्सी
- गुराँस, कपास, मास, काँकरी, चारै जातको एउटै थाँकरी। के हो ?
  – सिमलको रुख
- गेडा खाने, झोल ओकल्ने। के हो ? – कोल
- गैंडा छ, जङ्गल छैन; संसार डुल्छ, खुट्टा छैन। के हो ? – सयको नोट
- गैरीखेत टिलपिले पानी, बसिखाने चम्पै रानी। के हो ?
  – सेलरोटी पकाएको
- गैरीखेतमा बुलबुले पानी, बुलबुले पानीमा पम्फै रानी,
  पम्फै रानीलाई बाघले तानी। के हो ? – ताईबाट रोटी झिकेको
- गैरीबारी भुलभुले पानी, रुवाम्म खस्ता रूप फेर्ने बानी। के हो ?
  – सेल पकाएको
- गोडा छैनन्, टाढा जान्छ, मुख छैन कुरा गर्छ। के हो ? – चिठी
- गोरु फुकाउन बनमा जाँदा गोब्रे गुईंठाका दुना। के हो ? – मौरीको चाको
- गोरु मरेको कैले-कैले, डुक्रन थाल्यो अहिले। के हो ? – मादल/ढ्याङ्ग्रो
- गोलघरको रुयाल न ढोका। के हो ? – फर्सी

- गोला, गोलामाथि नाल, नालमाथि थाल,
  थालमाथि सानोसानो ताल । के हो ? - पिँडालु र कर्कलो
- गोलोगोलो टाउको, मुठीभरको जीउ,
  मोटाउने होइन कहिल्यै जति खाओस् घिउ । के हो ? - मदानी
- गोलोगोलो नानी कम्मरमा बस्ने बानी,
  रूख चढे रूख चढ्नीं, खेत गए खेतै जानी । के हो ? - खुर्पेटो
- गोलघरको एउटै छानो । के हो ? - छाता
- गोलघरको ख्याल न ढोका । के हो ? - फर्सी
- गोलीमाथि नाल, नालमाथि ढाल,
  ढालमाथि ससानो ताल । के हो ? - कर्कलाको पानी
- गोलो-गोलो घरको न ख्याल न ढोका । के हो ? - फर्सी
- गोलो घरको एउटै छानो । के हो ? - छाता
- गोलो चकटीमा बस्न नहुने, बस्न खोजे ज्यानै नरहने । के हो ?- इनार
- गोलो छ, पृथ्वी होइन; सास लिन्छ, मान्छे होइन; कत्ले छ, माछा होइन;
  उफ्रन्छ, उपियाँ होइन । के हो ? - भकुन्डो/फुटबल
- गोलो राम्रो ठूलो फूल, लाउने होइन खाने फूल । के हो ? - काउली

# घ

- घट्टमा बस्छ, घटेरो होइन; भुँभुं गर्छ, भमरो होइन; जनै लाउँछ, बाहुन होइन । के हो ? - **घट्को चरो**
- घन्टौं हिँड्छ, जहाँको तहीं अड्छ । के हो ? - **जाँतो/घट्ट**
- घरको वरिपरि लामालामा पात, पकाईकन पोली खाने के हो त्यसको जात ? - **तमाखु**
- घर गयो दैला'ट, म काँ'ट जाम् । के हो ? - **जाल र माछा**
- घर छ झुप्रो, छोराछोरीको थुप्रो । के हो ? - **मौरी**
- घर छ, मान्छे छ, बोलाए बोल्दैन । के हो ? - **चिहान**
- घर त गयो रुयालबाट, म जाऊँ कहाँबाट ? के हो ?- **जाल र माछा**
- घर त रुयालबाट छिऱ्यो, म कहाँबाट छिरुँ ? के हो ?- **जाल र माछा**
- घरतिर जाँदा बनतिर मुख, बनतिर जाँदा घरतिर मुख । के हो ?- **बन्चरो**
- घरबाट जाँदा मरेर जाने, वनबाट बिउँती आँखा तरी आउने । के हो ? - **नाम्लो**
- घरबाट निक्लँदा भोको, भित्र पस्दा अघाउने । के हो ? - **गाग्री**
- घरबाहिर निस्के भुतुक्क मर्ने । के हो ? - **माछा**
- घर भने झुप्रो, मान्छेको थुप्रो । के हो ? - **माहुरीको घार**
- घरभरि कपडा घरको वीरे नाङ्गै । के हो ? - **थाम**
- घरभरि पानी रङ्गीचङ्गी रूप, तिहुन पकाई खान पाए हुन्छ मीठो खुप । के हो ? - **माछा**
- घरभरि मकै, वीरे छोरो भोकै । के हो ? - **थाम**
- घरभित्र धनसार, धनसारभित्र हार लगाएका दाउरा । के हो ? - **सलाई र काँटी**
- घरभित्र पस्ता नाङ्गै जाने, बाहिर निस्कँदा लुगा लगाई आउने । के हो ? - **मकै**

- घरमा एउटी नानी छन् हेर्दा मान्छे सानी छन्,
  खानु पिउनु क्यै छैन, दिनभरि गीत गाउँछिन्। के हो? - रेडियो
- घर मेरो खोलाखेत, नाम मेरो सुके,
  तुलारामलाई भेट्न जाँदा नेपालसम्म पुगे। के हो? - सिद्रा
- घर मेरो छैन वनमा चाहार्छु, बच्चा काढ्नु पर्दा फुल अन्त सार्छु।
  के हो? - कोइली
- घरि सिकाँ, घरि ढिकाँ, कहिलेकाहीं गर्छन् च्वाइँ। के हो? - ताई
- घाँटीमा कन्ठी छ मयुर होइन, सिउर छ कुखुरो होइन,
  पुच्छर छ बाँदर होइन। के हो? - छेपारो
- घाँटीमा झुन्ड्याई गालामा हाने, मीठो स्वरमा बोल्दछ साने। के हो?
  - मादल
- घाम-पानी, आँधी-हुरी जे आए पनि बसिरहने, त्यो नभई हुँदै नहुने।
  के हो? - घर
- घुम-घुम ताउली सालडाँडा जाउली,
  यो कथा नजाने मुसा पोली खाउली। के हो? - टपरी खुटेको
- घुमाई-घुमाई ताउली, दस ठाउँमा घाउ,
  यो कथा नजाने मुसा पोली खाऊ। के हो? - टपरी खुटेको
- घुमाई-घुमाई पोखरी, नङ छेड्ने घाउ,
  यो कथा नजाने मुसा पोली खाऊ। के हो? - टपरी गाँसेको
- घुमाउने पोखरी त हातमा लाग्यो घाउ,
  यो कथा नजाने बाँदर पोली खाऊ। के हो? - टपरी
- घुमाउने घरको एउटै खाँबो। के हो? - छाता
- घुमाउने घरको एउटै छानो। के हो? - छाता
- घुमाउने घरको रुयाल न ढोका। के हो? - टौवा
- घुमाउने थालको पेटभरि घाउ। के हो? - टपरी
- घुमाउने पोखरीमा नङका डाम। के हो? - टपरी
- घुम्छ फनफनी, खान्छ मट्याङ्ग्रा, छर्छ धुलो। के हो? - घट्ट
- घुम्टी गाई सात बन खाई। के हो? - हँसिया/आँसी
- घुम्टो हाली झल्लर तानी, आई अँगाल्छिन् एउटी रानी। के हो?
  - आँखा

- घोडाको जस्तो मुख छ घोडा होइन, उड्न सक्छ चरा होइन, देखा पऱ्यो कि बालीनाली सखाप पार्छ। के हो ? - सलह
- घोम्टे ठेकीमा दही जमेको। के हो ? - सिँगान
- घाप्टे ठेकीमा लतलते दही। के हो ? - सिँगान
- घोडाजस्तै छ घोडा होइन, भारी बोक्छ भरिया होइन। के हो ? - गधा
- घ्याप्प पाइला, ह्याप्प कान, दुईतिर पुच्छर लौ के हो जान ? - हात्ती
- घ्याम्पे पहाडको बीचमा सानो खाडल। के हो ? - नाइटो
- घ्वाईंघ्वाईं गर्छ, चक्का ठूलो; खान्छ मट्याङ्ग्रा, झार्छ धुलो। के हो ? - घट्ट

# च

- चउरभरि पिठो छरेको, घाम आउँदा उडिगएको। के हो ? - तुसारो
- चक्का ठूलो भुँडे जीउ, डुंडको पानीले जिउँछ ऊ। के हो ? - घट्ट
- चर्खा भैं घुम्छ धागो छैन, चार सँगै छन् ढोगभेट छैन,
  चर्को आवाज गर्छ, तर टोक्दैन। के हो ? - चर्खे पिङ
- चचहै ! चचहै ! तारे भीरमा रमाउँछु,
  के के गर्छिन् मेरी उनी सबै कुरा नियाल्छु। के हो ? - बुलाकी
- चड्के मेरो बानी, चड्के मेरो साथ,
  सात दिनमा नआए किरिया गरिराख। के हो ? - लामखुट्टे
- चह्दा पनि उ-कालो छ, झर्दा पनि उ-कालो छ। के हो ?
  - छायाँ/कालो मान्छे
- चन्द्रमाचक्की बाच्छैबुट्टी, यो कथा नजान्ने स्यालखुट्टी। के हो ?
  - मोहर/रुपियाँ
- चम्कन्छ तारा होइन, मोतीजस्तो छ मोती होइन,
  टिप्ताखेरि बिलाउँछ फुस्सा होइन। के हो ?- कर्कलाको पानीको थोपा
- चरा होइन उड्छ, बत्ती होइन बल्छ। के हो ? - जूनकिरी
- चरीको पुच्छर दुईतिरबाट धपाउने,
  जसको घरमा टाउको टेक्छ त्यही लजाउने। के हो ?- ब्याडमिन्टनको कर्क
- चरीचुच्चे भए पनि नाक त्यसको बुच्चे,
  पानीसित पौडी खेल्छे, घामसित सुत्छे। के हो ?- रुमाल धोएर सुकाएको
- चरी होइन चुच्चो छ, जन्तु होइन खुट्टो छ,
  आफू बिराम गर्दैन, परिआए पछि सर्दैन। के हो ? - चुलेंसी
- चरी होइन, भनौं भने उड्छ आकाशमाथि,
  केटाकेटी रमाउँछन् बनी प्यारा साथी। के हो ? - चङ्गा
- चाँचुं गर्छ, नाइँ गर्छ, ढोग गर्छ। के हो ? - बाँस

- चाँदीको जगमा सुनको कौडा, हातले बटारी भुइमा दौडा। के हो ?
  - मकै छोडाएको
- चाँदीको ठेकीमा सुनको बिर्को। के हो ? - ऐसेलु
- चाँदीको ठेकीमा स्याउलाको बिर्को। के हो ? - मूला
- चाँदीको ठेकी, सुनको खोल। के हो ? - पाकेको केरा
- चाँदीको थालमा सुनको कचौरा। के हो ? - गुनकेसरी फूल
- चाँदीको बट्टाभित्र सुनको डल्लो। के हो ? - फुल/अन्डा
- चाँदीको बुट्टा, सुनको गट्टा। के हो ? - फुल/अन्डा
- चाँदीजस्तो फूल हुन्छ सुनजस्तो फल,
  टिप्न नजाने बगाउँछ, रगतको भल। के हो ? - ऐसेलु
- चाँदी फुल्ने, सुन फल्ने। के हो ? - ऐसेलु
- चाकले टेक्ने, मुखले खाने। के हो ? - जुको
- चामलभन्दा कनिका धेरै। के हो ? - भाटा र खर
- चार खटखट, दुई भटभट, दुई डढुवा काठ, एउटा बहुला भाट।
  के हो ? - गाईभैंसीका खुट्टा, कान, सिङ र पुच्छर
- चार खम्बा खम्बै छन्, दुईवटा नाङ्ला चल्दै छन्, दोटा बत्ती बल्दै छन्। के हो ? - हात्तीका खुट्टा, कान र आँखा
- चार खुट्टा छन् जन्तु होइन, मान्छे बस्छन् घोडा होइन। के हो ? - खाट
- चार खुट्टा छन्, न हिँड्छ, न खान्छ। के हो ? - खाट
- चार खुट्टा छन् पलङ होइन, दुईतिर पुच्छर छ हात्ती होइन,
  पानीमा बस्छ माछो होइन। के हो ? - गोही
- चार खुट्टा छन् मेरा, मैमाथि थकाइ मार्छन् सारा। के हो ? - खाट
- चार खुट्टा टेकी बस्छ जन्तु भनिँदैन,
  आँखा, कान, नाक, मुख केही देखिँदैन। के हो ? - टेबुल
- चार खुट्टा टेकी बोक्छ भारी जीउमा,
  आराम दिन्छ ढसमस्स बसी एकै ठाउँमा। के हो ? - खाट
- चार खुट्टा भए पनि दुई खुट्टाले हिँड्ने। के हो ? - कङ्गारु
- चारखुट्टे जीवको पुच्छर छैन, लमकलमक हिँड्न सक्दैन। के हो ?
  - भ्यागुतो
- चार चुच्चे छ, माटो भए पनि ढुङ्गाको काम गर्छ। के हो ? - इँटा
- चार चुच्चे, मुख पुच्छे। के हो ? - रुमाल

- चारचुच्चे, मुख बुच्चे। के हो ? - मदुस/बाकस
- चार चुच्चे, मुख बुच्चे, पानी खान्छे, घाममा सुत्छे। के हो ?
  - रुमाल सुकाएको
- चार चोसामा थुनिएछन् कसका छोराछोरी,
  जता हुन्छु उतै हेर्छन् कस्ता मोरामोरी। के हो ? - तस्विर
- चार जात, दुई बोली, चौधवटा खुट्टा। के हो ?
  - मयुर, बिरालो, हात्ती र सुँगुर
- चार थाम, दुई पुच्छर। के हो ? - हात्ती
- चार पाउ कुपु खाऊ। के हो ? - पिर्का
- चार पाउकी चुप्प रानी दिनहुँ उठी नुहाउँछिन्,
  दालरोटीको मर्म नबुझी काँचा रोटी बुकाउँछिन्। के हो ? - चकला
- चार पाउ दुई बाहाँ, आँखा तेरा कुर्कुच्चामा मुन्टो तेरो कहाँ ? के हो ?
  - मेच
- चार पाउ छन् चौपाया होइन, ट्वाँ ट्वाँ कराउँछ पुच्छर छैन। के हो ?
  - भ्यागुतो
- चारपाटे छ इँटा होइन, कुरा गर्छ मान्छे होइन। के हो ? - रेडियो
- चारपाटे रूपै छ, बस्छ जमिनमाथि,
  गरिबको घरमा पुग्दा बन्छ प्यारो साथी। के हो ? - गुन्द्री
- चार भाइ एकै लडमा, एक भाइ छुट्टै। के हो ? - बूढी औंला
- चार भाइको हेराहेर, भेट कहिल्यै नहुने। के हो ? - गाईभैंसीका थुन
- चार भाइ गुहुमुत, चार भाइ रजपुत,
  दुई भाइ छन् लड्कामा, एक भाइलाई दुख। के हो ?
  - भैंसीका खुट्टा, थुन, सिङ र पुच्छर
- चार भाइ छन्, कहिल्यै भेट हुन्नन्। के हो ? - सुर
- चार भाइ लडे, सय भाइ बढे। के हो ? - मकै
- चार भाइले एउटै पोखरीमा हाम फाल्ने। के हो ? - दूध दुहेको
- चार भाइले एकै ठाउँमा तारो हान्ने। के हो ? - दूध दुहेको
- चार भाइ सँगै, एक भाइ छुट्टै। के हो ? - बूढी औंलो
- चार भाइ हेर्छन्, एक भाइ नाच्छन्। के हो ? - सुर्ती माडेको
- चार मुख छ, देउता हैन; बोल्छ, मान्छे हैन। के हो ? - घन्टाघर
- चारवटा झर्ना एकै ठाउँमा झर्ने। के हो ? - दूध दुहेको

- चारसिङ्गे धामी, उँधो मुन्टो कामी। के हो? – मदानी
- चारैतिर माटो बीचमा सुनको बाटो। के हो? – हलेदो
- चारैतिर चाँदीका तार, बीचमा *एउटा सरदार*। के हो? – माकुरो
- चारि भाइ एकै ठाउँमा हाम फाल्छन्। के हो? – दूध दुहेको
- चाल त्यसको छट्केमट्के, बसाइ त्यसको जाँतो,
  दाँत उसको अनारदाना, माया उसको राँको। के हो? – सर्प
- चिच्याउने, मिम्याउने, नाई भन्ने, ढोग दिने। के हो?
  – च्याँचे, बाख्रा, केरा, बाँस
- चिची माथिको पापा। के हो? – नङ
- चिल्लो बोटको नरम फल। के हो? – केरा
- चिलिसडमिलिसड ठाडी गाईका तीन सिङ। के हो? – चुत्रो
- चिसोतातो ठिक्क होस् मीठो-मीठो खान्छु,
  जन्तीहरू बसी हेर्छन् स्वाद लिँदै जान्छु। के हो? – जिब्रो
- चिसो पानी तातो पानी, तातो पानीको रातो पानी। के हो?
  – फिक्का चिया
- चिस्यानमा बस्ने पगरी गुत्ने, मान्छेले देखे खाऊँ भनी थुत्ने। के हो?
  – च्याउ
- चिस्यानको मुढो न कुहिने न सुक्ने। के हो? – जिब्रो
- चुइयाँ-चुइयाँ पच चुइयाँ, चुइयाँका पुच्छरले भुइँ छुइयाँ। के हो?
  – रोटेपिङ/चर्खे पिङ
- चुच्चे पहाडको टुप्पोमा एउटी बूढी पिङ खेल्ने। के हो? – बुलाकी
- चुच्चो छ, चरा होइन; दुई खुट्टा छन्, मान्छे होइन;
  आफू बिगार गर्दैन, परिआए पछि सर्दैन। के हो? – चुलँसी
- चुलबुले टारमा बुरबुरे माटो, हातमा लुटुपुटु मुखमा गाँठो। के हो?
  – कसार
- चुल्हाँ समाल्छन्, ढाडाँ काट्छन्। के हो? – बाबियो
- चोक्टा न चोक्टी, सेता साँप्रा खप्टी। के हो? – कँची
- चोर्छ चोर होइन, गुफामा बस्छ बाघ होइन,
  पुलिसले लखेट्छ मान्छे होइन। के हो? – मुसो
- चौपाया त चौपाया, चारखुट्टे पुच्छर नभएको चौपाया। के हो?
  – भ्यागुतो

- चौरासी बेन्जनको खानपान, दुईजना बस्दा बाइसवटा कान। के हो ?
  **- रावण र मन्दोदरी**
- च्याउँसीका मुजीमा दुईवटा रौं। के हो ? **- सियो र धागो**
- च्याउँसीको पुच्छरमा दुईवटा रौं। के हो ? **- सियो र धागो**
- चौबाको पानी, रेसुङगाको खेत, पाँच भाइ बाउसे, एउटा हलाले मेट। के हो ? **- लेखेको**
- च्याउँसीको नाकमा घाउ। के हो ? **- सियोको नाथ्री**
- च्यान्टे-भुन्टे कलुवाको वनमै छ बास, जतिखेर पनि रगतकै आस। के हो ? **- जुम्रा**
- च्याप्प समाई भुइँमा पसारी, सल्याङमल्याङ पार्दा धुलोमैलो थुपारी। के हो ? **- कुचो लगाएको**

- छ आ-आ, म केही गर्न सक्दिन, बस खा-जा। के हो? **– डिँगा र किर्ना**
- छ ऊ संसार उज्यालो, छैन ऊ दिउँसै अँध्यारो। के हो? **– सूर्य**
- छ कान, चार सिङ, दस पाउ, मुख चार,
  बिना जिब्रो रस चुसी ल्यायो खाऊ अनि गर विचार। के हो?
  **– गोठालो, गाई, बाच्छी, गबुवा र दूध**
- छ कान, दुई पुच्छर, दस गोडा, मुख चार,
  जुन मुखमा जिभ्रो छैन, उसैले लियो दूधको स्वाद। **– दूध दुहेको**
- छ कान, दोन पुछडी, दस गोडा, मुख चार,
  क्या हो पण्डित गर विचार? **– दूध दुहेको**
- छकालैमा उठी छोरीलाई ढोगिदिने। के हो? **– गाग्रो र लोटा**
- छ-छ पैसा भन्छ, तर पैसा होइन। के हो? **– रेल**
- छ जोगी वा-र वाहुन, तीन लाँका उखु सिङ्गासिङ्गै खाऊन्। के हो?
  **– बाबु, बाहुन र जोगी**
- छट्-छट् वराजु म अघि जाऊँ, त्यसको मुन्टो निमोठेर खाऊँ। के हो?
  **– ढिँडो खाएको**
- छड्-छड् बूढा/बूढी, म अघि जान्छु। के हो? **– लौरो**
- छड् बूढी मै ख्वास। के हो? **– जुत्ता लगाएको**
- छँदा पनि छ, हुँदा पनि हो, खोज्दाखेरि पाइन्न, चाहिँदा पनि चाहिन्न।
  के हो? **– भुइँचालो**
- छर्छर्न् त्यो ओइरो, निस्कन्छ सुइरो, तीन महिनामा वीर भयो, ढाडैमा गर्भ लियो, शिरैमा चँवर लियो, घाँस दाउरा अन्नै भयो। के हो?
  **– मकै**
- छन पनि छ, हुन पनि हो, खोज्दा पनि पाइदैन, चाहिँदा पनि चाहिँदै न। के हो? **– भुइँचालो**

- छन पनि छ, हुन पनि हो, देख्न पनि देखिदैन, नभई पनि हुँदैन। के हो ? – हावा
- छपन्न देशमा दस नाच्छन्, एक देशमा थिचे आकाश सर्छ, सेतो भुइँमा मास छर्छ। के हो ? – टाइपराइटर
- छपरकाई छपरकाई, छपरकाईको पुच्छर नाई। के हो ? – भ्यागुतो
- छ भाइको एउटै टाउको। के हो ? – मकैको झोली
- छ भाइको एउटै टुप्पी। के हो ? – मकैको झोली
- छ्यो मुसुरो, उम्ल्यो धतुरो, फुल्यो केराउ, पाक्यो केरा। के हो ? – भन्टा
- छाडे टारी बटारे पिउरी। के हो ? – पात्रो
- छाताको आकार सियाको खिल, औंलाले थिच्ता भित्तामा मिल। के हो ? – थमपिन
- छाताको डन्डी, अङ्ग्रेजीको चार। के हो ? – डन्डिफोर
- छानामाथि डुंड काटेको। के हो ? – केराको पात
- छानामा बसेको खरानी घसेको। के हो ? – कुभिन्डो
- छाम्दा सिंगानजस्तो ल्यार्र, हेर्दा कालीगेडीको माला। के हो ? – भ्यागुताको फुल
- छानो छ, घर होइन; बोक्न सकिन्छ, भारी होइन। के हो ? – छाता
- छानो रुझ्यो, भीर पाखा भिज्यो, भाँडो भने भरिदैन त्यसलाई कसले चिन्यो। के हो ? – शीत
- छाला काड्दा दाँत आउने। के हो ? – पेन्सिल/सिसाकलम
- छालाको ठेकी, काठको उजिन्डो। के हो ? – निबुवा/फर्सी
- छालाको बन्दुक, हावाको गोली, भुइँतिर हान्दा नाकमै टोली। के हो ? – पादेको
- छाला ताछे दाँत पलाउने। के हो ? – सिसाकलम
- छालामा काँडा, त्यसभित्र मास, मासुभित्र जाली, जालीभित्र दुईपत्रे गुदी। के हो ? – इस्कुस
- छालाले मुढो काटी। के हो ? – दिसा गरेको
- छिन्द्रिड खुट्टी छयानाना, टुप्पी समाई तान न। के हो ? – तराजु
- छिपछिपे पानीमा भुकभुके रोटी। के हो ? – महको चाको
- छिपछिपे पानीमा मुढो लडेको। के हो ? – जिब्रो
- छिर्लिङ्डे धोतीमा जुम्रा। के हो ? – जालमा परेको माछा

- छुँदा पोल्ने, खाँदा पोस्ने । के हो ? – सिस्नो
- छुट्टाछुट्टै ठाम्, छुट्टै काम, रूप उस्तै, छुट्टाछुट्टै नाम । के हो ? – रौं
- छुनुमुनु-छुनुमुनु न्याँक्क । के हो ? – जुठो लोटाएको
- चुपुक्क चाप्दै, रातम्बुट्टा छैन छन्, पुच्छर भने नाइँ । के हो ? – स्याउ
- छुटुपुटु छुटुपुटु कुना घोस्याक् । के हो ? – कुचो लगाएको
- छुम् भने छुन सकिन्न, दाम् भने दाउन सकिन्न,
  बेतको लौरी टेक्न सकिन्न । के हो ? – आगो, बाघ, सर्प
- छैन र पो दिन्छु, भए किन दिन्थें । के हो ? – लिँडे वस्तु र डाँस
- छोए टट्टाउने, खाए कोक्याउने,
  छाता ओडी बारीमा मोती टल्काउने । के हो ? – कर्कलो
- छोटोमोटो चार अँगुलको, वरिपरि रौं उम्प्या । के हो ? – जौंको बालो
- छोटो-मोटो जीउ पुच्छर अलि लामो,
  घोडचढीका हातको तिरमिर पार्ने चिनो । के हो ? – कोर्रा
- छोड्-छोड् बूढा म अघि जान्छु । के हो ? – लौरो
- छोरी कुट्छे आमा रुन्छे । के हो ? – लोहोरो र सिलौटो
- छोराछोरी बाहिर, बाआमा भित्र । के हो ? – लिखा र जुम्रा
- छोरी माथि आमा तल । के हो ? – खल र बच्चा
- छोरो गर्भमा छँदा बाबु छाता ओढाउने । के हो ? – कर्कलो
- छोरो गालामा हिर्काउने, आमा डाँडै थर्काउने । के हो ? – घन्टा
- छोरो छ महिनाको, बाबु तीन महिनाको । के हो ? – च्वाँचे
- छोरो हान्ने आमा रुने । के हो ? – घन्टा

# ज

- जग मेरो तराई, गारो पहाडको, छानो सफा हिमाल छ मेरो शरीरको। के हो? - नेपाल
- जङ्गल छैन हात्ती छ, रानी छैन राजा छ। के हो? - हजारको नोट
- जङ्गलबाट भेडी ल्याई नङरीमा पूजा। के हो? - जुम्रा मारेको
- जङ्गलमा जन्में-हुर्के, जङ्गलमै मरें,
  मरेपछि काटी-ताछी पानीभित्र गाडिएं। के हो? - डुङ्गा
- जङ्गलमा बसीबसी खान्छ रातो पानी,
  मानिसले देखे भने जान्छ जिन्दगानी। के हो? - जुम्रो
- जङ्गली हुँ म, बसाइ छ भीरको, तामाको ठेकीमा फलामको बिर्को के हो? - भलायो
- जटे जोगी रूखमा अडी, तीन आँखा छोप्छ ध्यानमा गडी। के हो? - नरिवल
- जता गए पनि पटुकै ओछ्याएको। के हो? - बाटो
- जता पऱ्यो ओराली, उतै मन बराली। के हो? - पानी
- जता रोटी उतै मुख। के हो? - सूर्यमुखी फूल
- जताजता हलो, उताउता चल्यो। के हो? - कार्बनपेपर
- जति अँध्यारो, उत्ति चहकिलो। के हो? - चन्द्रमा
- जति काट्यो उति लामो। के हो? - बाटो
- जति कुल्च्यो उति टाउको उठाउने। के हो? - ढिकी
- जति खर्च्यो धन, उति बढ्छ झन्। के हो? - विद्या
- जति खाए पनि नअघाउने। के हो? - कोल
- जति खान्छ उति हान्छ। के हो? - खोलो
- जति खायो उति ओकल्न लायो, मुख जोती काम बनायो। के हो? - लेखेको
- जति घिउ खाए पनि नमोटाउने। के हो? - मदानी
- जति धोच्यो, उति ठूलो। के हो? - जाल बुनेको

- जति भिक्यो, उति बढ्ने । के हो ? - खाल्डो
- जति टाल्यो उति चुहुने, टाल्दै नटाले चुहुँदै नचुहुने । के हो ? - बादल
- जति ठटायो, उति रमाउने । के हो ? - मादल
- [illegible] के हो ? - बाँस
- जति ताछ्यो, उति ठूलो । के हो ? - खाल्डो
- जति तान्छ, उति जान्छ । के हो ? - सास
- जति तान्यो, उति सानो छोटो । के हो ? - चुरोट खाएको
- जति दौडे पनि ठेलो नाघ्न नसक्ने । के हो ? - घट्ट
- जति धेरै ताने पनि अडी बस्तैन, तान्न बिर्से छाडिदिन्छ ढिपी कस्तैन । के हो ? - सास
- जति नापे पनि एकै हात । के हो ? - खलाँती
- जति फाट्यो, उति राम्रो । के हो ? - बादल
- जति बढायो, उति झाँको फिँजाउने । के हो ? - बाबियो
- जति बाँड्यो, उति बढ्ने । के हो ? - ज्ञान/विद्या
- जति बाहिर फाल्छ, उति भित्र जान्छ । के हो ? - काठ छेड्ने वर्मा
- जति मासु खान्छ, उति खिनौरे हुन्छ । के हो ? - अचानो
- जति मासु खान्छ, उति मर्न आँट्छ । के हो ? - अचानो
- जत्ति मासु खान्छ, त्यत्ति दुब्लाउँदै जान्छ । के हो ? - अचानो
- जति म्वाइँ खायो, उति कराउने । के हो ? - शङ्ख फुकेको
- जति लात्तो खाए पनि कत्ति डराउँदैन,
  लात्तो हान्ने थाके पनि ऊ त थाक्ने होइन । के हो ? - भकुन्डो/फुटबल
- जति हाल्यो उति खरानी । के हो ? - आगो बालेको
- जति हेर तिमी उसलाई त्यति उसले हेर्छ,
  नहेर्नु है भने पनि कहाँ उसले टेर्छ । के हो ? - तस्विर
- जत्तिको तत्ति, तत्तिको आधा,
  आधाको पनि आधा, एक जोडी सय । के हो ? - छत्तीस
- जत्रो ठेकी, उत्रै बिर्को । के हो ? - जाँतो
- जत्रो भाँडो उत्रै बिर्को । के हो ? - पृथ्वी र आकाश
- जान्छ-जान्छ, पानी देखी डराउँछ । के हो ? - जुत्ता
- जन्ती आई रातभर आँगनमा पर्खे,
  बेहलाबेहुली नपाएर रित्तै हात फर्के । के हो ? - आकाश र तारा

- जन्तीको माझमा वेहुलीको ढलीमली। के हो? – जिब्रो
- जन्म घर जल मेरो, कर्म घर थल,
  सेवा गर्छु मानिसको प्रति पलपल। के हो? – बिजुलीबत्ती
- जन्मदाखेरि एकदम ठूलो हुन्छ, मस्त जवानीमा सानो हुन्छ,
  फेरि त्यो मर्ने अवस्थामा फेरि ठूलो हुन्छ। के हो? – छायाँ
- जन्मदाखेरि भुत्लैभुत्ला, ठूलो हुँदा खरानीका कत्ला। के हो? – कुभिन्डो
- जन्मदा भुत्लैभुत्ला, ठूलो भएपछि कत्लैकत्ला। के हो? – कुभिन्डो
- जन्मदा जत्रो, मर्दा पनि त्यत्रै। के हो? – आँखाको नानी
- जन्मदा ठूलो हुन्छ, पछिपछि सानो हुँदै जान्छ। के हो? – कुचो
- जन्मदा ठूलो, मर्दा सानो। के हो? – साबुन
- जन्मदै सेतो जुँगा। के हो? – मकैको जुँगा
- जन्मन्छ वनमा त्यो मिल्छ धनमा, रुन्छ बरा बाहिरै परी,
  तस्विर छैन खालि पगरी, खुट्टा छन् वरिपरि,
  बस्ने बेला थुचुक्क, हिँड्दा चाहिँ घोडा चढी। के हो? – डोको
- जन्म्यो कि आमालाई नै खान्छ। के हो? – माकुरो
- जन्म्यो-हुर्क्यो नाङ्गाको नाङ्गै, बूढाबाको ढाड बाङ्गाको बाङ्गै।
  के हो? – बाँस
- जमिनमा घस्री हिँड्ने अनौठो छ जीव,
  त्यसको माला लागाउँछन् शिव। के हो? – सर्प
- जमिनमा पनि जान्छ, बुटामा पनि चढ्छ,
  तर पानीमा जाँदैन। के हो? – आगो
- जरायो खरायो पानीदेखि डरायो। के हो? – जुत्ता
- जरा सधैँ माथि पारी टुप्पो तल झारी, झुन्डिएर बस्छे सधैँ,
  नक्कल पार्छे काली। के हो? – चुल्ठो/कपालको चुल्ठो
- जल छ, तलाउ छ, पानी छ, पिउनु नाइँ। के हो? – हिउँ
- जलको जन्म थलको बास, त्यो नभए हुन्छ उपवास। के हो? – नुन
- जलमा बस्छ, जलेवा होइन; पीठो खान्छ मानिस होइन। के हो? – पानीघट्ट
- जलैजल छ आमाको पेटभरि, उनीमुनि बस्ने म हुँ गोलो पगरी।
  के हो? – बियाँ
- जसको हात पनि छैन, खुट्टा पनि छैन, खादै हिँड्दै छ। के हो? – डढेलो
- जहिले पनि मानिसभन्दा एक पाइला अघि हिँड्ने। के हो? – लौरो

- जस्तो ओइरो, उस्तै पहिरो । के हो ? - फोटोकपी मेसिन
- जाँदाखेरि मसँगै हिँड्थ्यो, तर फर्किंदा त्यो फर्केन । के हो ?
  - मन्दिरमा लगेर पाठो काटेको
- जाँदाजाँदै माथि पुग्छु, उड्दाउड्दै धर्ती सिँच्छु । के हो ? - बादल
- जाँदा पनि उ-कालो, आउँदा पनि उ-कालो । के हो ? - कालो मान्छे
- जाँदा फुस्रो, आउँदा चिल्लो । के हो ? - गाग्री
- जाँदा भोकै जान्छ, आउँदा अघाएर आउँछ । के हो ? - गाग्री
- जाँदा सेप्रो, आउँदा भुक्क । के हो ? - पुरी
- जाँदा सेतो, न्वाएर आउँदा रातो । के हो ? - सेलरोटी पकाएको
- जाडामा नाङ्गै बस्ने, गर्मीमा सिरक ओढ्ने । के हो ? - हिमाल
- जाडोभरि छैन काम, गर्मी-वर्षा सँगै जाम् । के हो ? - छाता
- जान त जानु धर्तीमा जानु, खान्छ कि राख्छ म कसरी जानूँ । के हो ?
  - आलु/पिँडालु
- जान सक्छ, आउन सक्दैन । के हो ? - खोलो
- जाने जान नजाने नजान, दुईजना सुत्दा बाइसवटा कान । के हो ?
  - रावण र मन्दोदरी
- जान्छ-जान्छ, किलो ठोकेर आउँछ । के हो ? - दिसा गरेको
- जान्छ-जान्छ, पानी देखी डराउँछ । के हो ? - जुत्ता
- जान्छ-जान्छ, फर्कन मान्दैन/जान्दैन । के हो ? - ढुङ्गा फालेको
- जान्छ, दगुर्छ बेसरी फर्कन जान्दैन । के हो ? - खोलो/नदी
- जन्मदा ठूलो मर्दा सानो । के हो ? - कुचो
- जिम्दोमा रातै पनि तातै पनि, मरेपछि कालै मात्र । के हो ?
  - आगो र अँगार
- जिरो हाल, पीरो हाल मलाई नहाली हुँदैन । के हो ? - नुन
- जीउभन्दा टाउको ठूलो, हिँड्न लागे खुट्टी लुलो । के हो ? - काँटी
- जीउभरि काँडा छन् अचम्मको जीव,
  खान खोजे मौसममा तीतो हुन्छ खुप । के हो ? - तीतेकरेला
- जीउभरि काँडैकाँडा, ओडारमा बस्ने,
  दिनमा बाहिर निस्कदैन, रातभरि डुल्ने । के हो ? - दुम्सी
- जीउभरि नसो, गालाभरि मोसो । के हो ? - मादल

- जीउभरि रवैंरउँ भालु होइन, हातखुट्टा चलाउँछ स्याल होइन,
  बच्चा च्यापी हिँड्छ मान्छे होइन, रुखमा चढ्छ बिरालो होइन। के हो?
  – **बाँदर**
- जुँगा छ मुख छैन, लुगा लगाउँछ मान्छे होइन। के हो? – **मकैको घोगा**
- जुँगा तान्दा मुसुक्क हाँस्ने। के हो? – **थैली**
- जुँगा तान्दा मुसुक्क हाँस्ने, अरू बेला गुठुरी गाँस्ने। के हो? – **थैली**
- जुँगा लुछी लुगा च्याती धनगेडी लियो,
  छातीबाट मोतीका दाना चुँडाइदियो। के हो?
  – **घोगा नङ्ग्याई मकै छोडाएको**
- जुँगे मामाका दाँत लामा, जङ्गल घुम्छन् छेउकुना। के हो? – **बाघ**
- जुरो बाँध्ने मेरो तीन अक्षरको नाम,
  पहिलो अक्षर हटाए बाघ भालुको स्थान। के हो? – **रिबन**
- जे देख्यो, त्यही बन्छ। के हो? – **ऐना**
- जोईपोइको एउटै आँखा। के हो? – **पुरानो ढोका**
- जोईपोइको एउटै पेटी। के हो? – **तगारो र गरालो**
- ज्यामिरे चुक, जानलाई दुख। के हो? – **आँसीको रात**

□

- झक्कले बोकाको नक्कले कान, लौलौ बूढा बल गरी तान्। के हो ?
  - मूला उखेलेको
- झट्ट हेर्दा हाडे जैसी हिंड्छ घोडा चढी,
  कहिले बस्छ टाउकोमा टेकी कहिले बस्छ लडी। के हो ?- डोको, खाड्गे
- झन् पर जान्छे, झन् आँखा तर्छे। के हो ? - डोको
- झपक्क रानी, फेदैमा पानी, नपाए पानी जिन्दगानी जानी। के हो ?
  - धानको बोट
- झरिल्लो बकुल्लाको पेटै तल अँधेरो। के हो ? - बत्तीमनीको जमिन
- झारजस्तै उम्रन्छ बारीमा लगाई, मङ्गल हुने काममा राख्छन् सजाई।
  के हो ? - कुश
- झिमिक्क आँखा झिम्क्यायो कि त भित्र सबै निम्त्यायो। के हो ?
  - क्यामरा
- झुत्री बूढी चुला-चुला नाच्छे। के हो ? - पोतो
- झुत्री बूढी बिहान उठेर लुटुपुटु गर्छे। के हो ? - पोतेको/पोतो
- झुत्रे-झाम्रे चिल, सग्लो मान्छे सुर्लुक्क निल। के हो ? - मेक्सी
- झुटो भनूँ झलझली देखिन्छ, साँचो भनूँ, पाउन सकिन्न। के हो ?
  - सपना
- झोलमाथि दुना, दुनामाथि चोक्टा। के हो ? - डुङ्गा चढेका मान्छे
- ञ्याईकुटी-ञ्याईकुटी ञ्याई,
  जाँदा बस्ने लोग्नेमान्छे आउँदा बस्ने आइमाई। के हो ? - डोली
- ञ्याल-ढोका केही छैन एककोठे घरको,
  त्यस घरको आवाजले रनवन थर्क्यो। के हो ? - मादल
- ञ्याल न ढोका, भित्र काले कामी बसेको। के हो ? - रिठ्ठो
- ञ्वाट्ट तान्दा निकै दुख्ने, च्वाट्ट काट्दा दुख्दै नदुख्ने। के हो ? - कपाल

# ट

- टाउकामा छ फुर्के टोपी, पिठ्यूँमा छ जुँगा,
  लुगा खोले दानादाना टल्किदिन्छ मुगा। के हो ? – **मकैको बोट र घोगा**
- टाउको चिरेको, पुच्छर बेरेको। के हो ? – **पेचकीला**
- टाउको छ, गिदी छैन। के हो ? – **काँटी**
- टाउको छ, तर सोच्दैन। के हो ? – **कलम**
- टाउको छ, पुच्छर छ, खुट्टा छैन; आँखा छ, पेट छ, कान छैन।
  के हो ? – **सर्प**
- टाउको छैन, पुच्छर छ, दुई खुट्टा छन्, काम ठूलो गर्छ। के हो ? – **चुलेँसी**
- टाउको छोटो पुच्छर लामो, घोडसवारको हातको तानो। के हो ? – **कोर्रा**
- टाउको तान्दा आन्द्रा निस्कनें। के हो ? – **टुकी**
- टाउको निकालेर जीउ खानें। के हो ? – **ल्वाङ**
- टाउको नुहेको, मुख छुरा, काम पाए गर्छ पूरा। के हो ? – **चुलेँसी**
- टाकुरामाथि बाक्लो घारी, त्यसलाई फाँड्छन् औसर पारी। के हो ?
  – **कपाल काटेको**
- टाडमुनि बग्छ पानीको भेल, पिठ्यूँमा बोक्छ लामो रेल। के हो ? – **पुल**
- टाढाबाट देखाउँछ विचित्र रूप, नजिक पुगी हेर्दा हुन्छ फासफुस।
  के हो ? – **बादल**
- टाढाबाट हेर्दा चाँदी टल्कने, घाम लागे आफैं पग्लने। के हो ? – **हिउँ**
- टाट्टे पहराँ भालु कराएको। के हो ? – **पादेको**
- टाट्टे पहरामा तल्यांडतुर्लुंड। के हो ? – **लट्ठे पिङ**
- टाट्टे पहरामा त्रिशूल। के हो ? – **वैष्णवको टिको**
- टारी त टारी उँचो टारी, थोरै माटो फूल रोप्ने बारी। के हो ? – **गमला**
- टाले चुहुने, फाटे नचुहुने। के हो ? – **आकाश र बादल**
- टिँटिं गर्ने मेरो बानी, प्याट हान्ने तिम्रो बानी,
  एकछिन नआए किरिया गरे नानी। के हो ? – **लामखुट्टे**

- टुन्टी पुटुङ टुङ, मेरो पुठो सुङ। के हो ? - खुर्पेटो
- टुप्पामा फुल्ने, फेदमा फल्ने। के हो ? - बदाम/आलु
- टुप्पी तान्दा आन्द्रा आउने। के हो ? - टुकी
- टुप्पो जाने एकतिर, फेद अर्कातिर,
  आखिरमा दुवै मिल्ने एकैतिर। के हो ? - पेटी लगाएको
- टेकुँ-टेकुँ लौरी टेकिनसक्नू। के हो ? - सर्प
- टेक्दा लट्ठी, चुस्ता मिठी, थुक्दा कपास। के हो ? - उखु
- टोपी फुकाली काम गर्ने, अनि पछि टोपी लगाई आराम गर्ने। के हो ?
  - कलम
- टोपी फुकालेर जोत्ने काम गर्ने, टोपी लगाएर विश्राम गर्ने। के हो ?
  - लेखेको
- टोपी लाउँछ, मान्छे होइन, सुँड छ, हात्ती होइन। के हो ?
  - कित्ली/चियादानी
- ट्याक्क टाकुरी, बाङ्गो पाखुरी। के हो ? - हँसिया/आँसी
- ट्याप्प-टुपुक्क, क्वाप्प-कुपुक्क। के हो ? - खाने काम

# ठ

- ठाक्सेनोक्से ठोक्रोभरि काँड, त्यहींमाथि बस्ने गजदेउ साँढ। के हो ?
  - भात पकाएको
- ठाडी बूढी छलछली मुत्छे। के हो ? - कोल
- ठूलो ओडारभित्र रातो पात। के हो ? - जिब्रो
- ठूलो गराको कपास टिप्न नसकिने। के हो ? - तारा
- ठूलो चउरमा सेतो चकटी। के हो ? - चन्द्रमा
- ठूलो चउरमा एउटा रोटी। के हो ? - चन्द्रमा
- ठूलो चउरमा कनिका छरेको। के हो ? - तारा
- ठूलो चउरमा काँसको थाल घोप्ट्याएको। के हो ? - चन्द्रसूर्य
- ठूलो चउरमा लामो पटुका सुकाएको के हो ? - खोलो
- ठूलो चउरमा लौरो गाडेको। के हो ? - धरहरा
- ठूलो चउरमा सेतो चकटी। के हो ? - चन्द्रमा
- ठूलो थालमा फुरौला/कनिका छरेको। के हो ? - तारा
- ठूलो थालमा बिस्कुन सुकाएको। के हो ? - तारा
- ठूलो पहरामा एउटा प्वाल, प्वालबाट खस्ता पुग्ने पाताल। के हो ?
  - खानेकुरा खाएको
- ठूलो पहाडमा एउटा गुफा। के हो ? - मुख
- ठूलो पहाडमा एउटा मात्र खुड्किलो। के हो ? - नाइटो
- ठूलो पहाडमा सुनढिकी। के हो ? - फुली
- ठूलो भीरमा एउटी बूढी चचहै गर्दै खेलेकी। के हो ? - बुलाकी
- ठूलो भीरमा तारा जडेको। के हो ? - निधारको टीका
- ठूलो भीरमा पानीका कुवा। के हो ? - आँखा
- ठूलो भीरमा भेडा टाँसिएका। के हो ? - अछेताको टीका
- ठूलो भीरमा रातो काम्लो ओछ्याएको। के हो ? - पाकेको भुइँकाफल

- ठूलो रूखमा एउटामात्र पात । के हो ? - पनिउँ
- ठूलो वनको माझमा एउटामात्र अग्लो रूख । के हो ? - टुप्पी
- ठूलो वनमा कोरीबाटी गरेर बसेको । के हो ? - निउरो
- ठेकी हातमा बिर्को रूखमा । के हो ? - ऐसेलु
- ठ्याप्प पाइला घ्याप्प कान, साना आँखा ठूलो ज्यान । के हो ?
  - हात्ती

- डरलाग्दा आँखा छन्, चितुवा होइन; राघेपाटे छ, बाघ होइन;
  लामो पुच्छर भए पनि बाँदर त्यो होइन। के हो ? – **बिरालो**
- डल्ली चरीको पेटमा कल्ली, पुच्छरमा धातु जडी अँधेरीमा बल्ली।
  के हो ? – **बिजुलीको चिम**
- डाँडाको नाकको दायाँ र बायाँ, रूपा र बेगनास ताल। के हो ?
  – **आँखा**
- डाँडा न भाटा घुमाउने घर। के हो ? – **माकुराको जालो**
- डाँडापाखा चिसो पाखा रगतका दुना। के हो ? – **लालीगुराँस**
- डाँडामाथि गएर घाँक्कघुँक्क गर्ने। के हो ? – **बन्चरो**
- डाँडाबारि डाँडापारि दुई भाइ छन्, भेट कहिल्यै हुँदैन। के हो ? – **आँखा**
- डुङ्गाजस्तो जीउ त्यसको पिङ खेल्ने बानी,
  काखमा राखी झुलाइरहन्छ साना-साना नानी। के हो ? – **कोक्रो**
- डुल्छ वनपाखा सयवटा आँखा। के हो ? – **डोको**
- डोको, नाम्लो केही छैन, भारी बोकी हिँड्छ,
  सुँड यस्सो छोइयो भने भारीभित्रै लुक्छ। के हो ? – **शङ्खेकीरा**
- डोब आउँछ, कीलो त्यहीं रहन्छ। के हो ? – **ऐसेलु**
- डोरीको चुल्ठो, डोरीकै कान, थाप्लामा राखी गर्दछन् मान। के हो ?
  – **नाम्लो**

# ढ

- ढाडभरि नसो, गालाभरि मोसो। के हो? - **मादल**
- ढाडमा आँखा, पेटभित्र दाँत। के हो? - **गँगटो**
- ढाडिएको पेट, सधैं लडिराख्छु आराम दिन पेटलाई माथि शिर थाप्छु। के हो? - **सिरानी**
- ढुकुर कुर्यो पारि वनमा, मुजुर नाच्यो वारि वनमा। के हो? - **बन्दुक पड्काएको**
- ढुङ्गो न माटो, स्वर्ग/लेख जाने बाटो। के हो? - **लिस्नो/भ्याङ**
- ढोका एउटा, कोठा पाँच; जाडोमा चाहिन्छ, वेलैमा साँच। के हो? - **पन्जा**
- ढ्याप्प पाइला घ्याप्प कान, दुईतिर पुच्छर धेरै थाम। के हो? - **हात्ती**

□

# त

- तँ जाँदै गर, म आउँदै गर्छु। के हो ? – खापा/पाइला
- तँ ठडिई, म अड्याउँछु। के हो ? – तोक्मा
- तँ थापिई, म हाल्छु। के हो ? – जुत्ता लगाएको
- 'तँ' भन्दा नछोइने, 'म' भन्दा छोइने। के हो ? – ओठ
- तँलाई चुस्छन्, तैलाई थुक्छन्। के हो ? – उखु
- तँलाई हेर्दा मलाई देख्छु। के हो ? – ऐना
- तँ सुत्, म हाल्छु। के हो ? – जुत्ता लगाएको
- तँ हान, म थापिन्छु। के हो ? – घन र छिनो
- तँ हुल, म थापिन्छु। के हो ? – जुत्ता र खुट्टा
- तनक्क-तनक्क तनक्क तान, दुईवटा पुच्छर छवटा कान। के हो ? – गोरु जोतेको
- तनक्क-तनक्क तनक्क तान, तीनवटा मुजी छवटा कान। के हो ? – जोतेको
- तरकारी खाने हरियो पात, पानी अड्ने यसको जात। के हो ? – कर्कलो
- तरुल भन्छन् खान हुन्न, इँटजस्तो छ गारो लाउन हुन्न। के हो ? – नेपाल
- तल खुट्किलो, माथि पात। के हो ? – उखु
- तल चक्का माथि घ्याईं, यो कथा नजान्ने स्यालको ज्वाईं। के हो ? – जाँतो
- तल छ्याङ्ग, माथि घ्याम्म। के हो ? – छाता
- तल झाङ माथि ताल, तालमाथि उक्सँदो माल। के हो ? – पुरी पाकेको
- तल डाँठ माथि गाँठ, गाँठवरिपरि हरियो पात। के हो ? – गाँठे गोपी
- तलतिर कल्चौंडा माथितिर धुन। के हो ? – केरा
- तलतिर सिधा माथितिर गाँठो, गाँठोले हान्दा धुलो हुन्छ माटो। के हो ? – डल्लेठो
- तल्ला घरकी बूढीको पाथीजत्रो प्याल,
  उपल्ला घरका बूढाले उफ्री-उफ्री हाल। के हो ? – धान कुटेको
- तल थाल माथि झाल, त्यसमाथि हीरालाल। के हो ? – खुर्सानी

- तल थाल माथि नली, यो कथा नजान्ने स्यालको हली। के हो? - तराजु
- तल पनि च्वाई माथि पनि च्वाई,
  यो कथा नजन्नेलाई अगुल्टाले च्वाई। के हो? - घट्ट
- [illegible] के हो?
  - कुखुराको भाले
- तल फुकेको, माथि फुकेको, बीचमा सुकेको। के हो? - बस्ने मुढा
- तलबाट हाँस आयो, एक पाँजो घाँस ल्यायो। के हो? - मूला
- तलमाथि करङ बीचमा छाला, वर्षामा यसले ओत देला। के हो?
  - घुम/स्याखु
- तल मादल बजाउने, माथि छमछम नाच्ने। के हो?- लटाइ र चङ्गा
- तल र माथि फुकेको माझमा सुकेको। के हो? - डमरु
- तल लौरी माथि चौरी। के हो? - कर्कलो
- तल वन माथि वन, बीचमा छन् डुङ्गा,
  डुङ्गाले नै च्याउन छाडे काम लाग्दैन गङ्गा। के हो? - आँखा
- तल हेर्दा थाल हुन्छ माथि हेर्दा ताल,
  तालमाथि पौडी खेल्छ स्वादिलो छ माल। के हो?- सेलपुरी पकाएको
- तलाउबरिपरि ठाडा कीलाको बार। के हो? - परेला
- तल्तिर कल्चौंडा मास्तिर थुन, भित्र चाँदी बाहिर सुन। के हो?
  - केरा पाकेको घरी
- ताउली पाक्यो, जाउली पाकेन। के हो? - अम्बा/ बेलौंती
- ताउलो पाक्यो, जाउलो पाकेन। के हो? - खनिउँ
- ताछ्दै लगे मोटाउँदै जान्छ, काट्दै लगे लामो हुन्छ। के हो?- खाल्टो
- तान्दा तान्न सकिन्न, बाँध्दा बाँध्न सकिन्न,
  छुन सकिन्छ, तर फेर्न सकिन्न। के हो? - नदी/खोला
- तान्दा दुख्छ, काट्दा दुख्दैन। के हो? - रौं/कपाल
- तान्ने दुई भाइ पछि ठेल्ने भाइ एक,
  कहिले छेउ कहिले कुना, डाँडा-पाखा-लेक। के हो? - हलो जोतेको
- तान्ने भए तान, नत्र झुन्डिएर मर्छु। के हो? - सिँगान
- ताप दिइन्जेल रातो, छाडेपछि कालो। के हो? - कोइला, फलाम
- तामाको गाग्रीमा सुनको असर्फी। के हो? - पाकेको खुर्सानी
- तामाको गिलासमाथि लामालामा स्याउला। के हो?- सागसहितको गाजर

- तामाको घैंटाबाट स्वादिलो फल निस्कने। के हो? – अनार
- तामाको जग, माटाको गारो, पानीको छाना,
  दिनभर पर्खिंदा तीन-चार माना। के हो? – रक्सी पारेको
- तामाको ठेकीमा काठको बिर्को। के हो? – खुर्सानी/फर्सी
- तामाको ठेकीमा फलामको बिर्को। के हो? – भलायो
- तामाको ठेकीमा स्याउलाको बिर्को। के हो? – गाजर
- तामाको दैलो, चाँदीको सँघार, भित्रकी नानी घुरुक्क उघार। के हो?
  – मुख, दाँत र जिब्रो
- तामे नली फलामे फली। के हो? – फापर
- तामे नली फत्रक्क गली। के हो? – कालो कर्कलो
- तारे पहाडमा सोली घोप्ट्याएको। के हो? – नाक
- तारे भीरमा अनौठो पानी, कहिले त बगेरै जानी। के हो? – पसिना
- तारे भीरमा एउटी बूढी चहैचहै। के हो? – बुलाकी
- तारे भीरमा एउटै अखेटो/खुट्किलो। के हो? – नाइटो
- तारे भीरमा अनौठो पानी, कहिलेकाँही बगेर जानी। के हो?– पसिना
- तारे भीरमा पिड झुन्ड्याएको। के हो? – बुलाकी
- तारे भीरमा मृगको साँप्रो झुन्ड्याएको। के हो? – भोर्लाको टाटा
- तारे भीरमा रगतको छिटो बटुकी। के हो? – टीका लगाएको
- ताल, तालमाथि धागो, धागोमाथि आगो। के हो? – बत्ती बलेको
- तिम्रा आमाछोरी र हाम्रा आमाछोरी पात टिप्न जाम्,
  तीनवटा गेडा अमिलो सिङ्गासिङ्गै खाम्। के हो?– आमा-छोरी र नातिनी
- तिमी जाऊ, म आउँदै छु। के हो? – पाइलाको छाप
- तीन अक्षरको भए पनि एक काटे 'चार' बन्छ। के हो? – अचार
- तीन अक्षरको मेरो नाम, नयाँ अर्थ दिने काम,
  उल्टो-सुल्टो एक समान। के हो? – नवीन
- तीन अक्षरको मेरो नाम, मान्छेको खाना,
  अगाडिको एक अक्षर झिके, बोटबिरुवाको खाना। के हो? – चामल
- तीन अक्षरको मेरो नाम, विद्वान् हुन मलाई छान्। के हो?
  – कलम/किताब
- तीन अक्षर मिल्दा बन्छ एउटा देशको नाम,
  माझको अक्षर झिकिदिँदा बन्छ मीठो माम। के हो? – भारत

- तीनअक्षरे मेरो नाम, टाउकोमा फरफर गर्छु,
  पहिलो अक्षर हटाइदिए, नेपालको धन बन्छु। के हो ? – रिबन
- तीन भाइको एउटै पगरी। के हो ? – ओदान
- तीन भाइ खेल्ने एउटै आँगन। के हो ? – घट्टी र सुई
- तीन टाउका, छ कान, दस खुट्टा एउटै तान। के हो ?– हली र नारिएको गोरु
- तीन टाउका, छ कान, दस खुट्टा, एउटै तान। के हो ? – दूध दुहेको
- तीन टाउका, दस खुट्टा, काम छ चर्को-बाँझोफुट्टा। के हो ?– हलो जोतेको
- तीन भाइको साझा पगरी एउटै फेटा। के हो ? – ओदान
- तीन भाइ दाईं गर्ने, दुई भाइ चुप लागी हेर्ने। के हो ? – लेख्नु
- तीनमहिने बालकन्ने छ महिने पेट,
  हरभरि छोराछोरी छैन पोइसित भेट। के हो ? – केरा
- तीन शिर दस पाउ, सोह्र तन्तु एक घाउ। के हो ? – हलो जोतेको
- तिनाउको पानी बटौलीको खेत, पाँचजना बाउसे कोदाली एक। के हो ?– लेखेको
- तुनाको थैली, सुनको पैसा। के हो ? – खुर्सानी
- तेरा लागि म मरें, मेरा लागि तँ नमर, अझै मान्दैनस् भने तँलाई मार्न पनि कोही बाहिर बसिरहेको छ। के हो ? – बल्छीमा अल्झाइएको गड्यौंला र माछा
- तेरो नाम अदारे, पारि भित्ता पछारे। के हो ? – सिँगान फालेको
- त्यसैको हो त्यो, त्यसैको छ त्यो। के हो ? – सर्पको काँचुली
- त्यस्तो देश कहाँ छ, जहाँ प्राणी हुन्नन्,
  ताल-समुद्र भए पनि पानी हुन्न, माछा पाइन्नन्। के हो ?–नक्सा/मानचित्र
- त्यो कुरा आफ्नै हो, तर आफूले भन्दा अरूले धेरै चल्ती गर्छन्। के हो ?
  – नाम
- त्यो घरकी एक्ली बूढी, कुम्लो छाडी रूख चढी। के हो ? – तरुल
- त्यो मलाई हेर्छु, म त्यसलाई हेर्छु, म गए बाटो दिन्छ आफू भने जाँदैन। के हो ? – ढोका

# थ

- थचक्क बसिरहने काली राँड, हरुछे हड्डी बाक्छे जाँड । के हो ?
  – कोल
- थामजत्रो खुट्टा, सुपाजत्रो कान, दुबैतिर पुच्छर के हो त्यसको नाम । के हो ? – हात्ती
- थालभरि अक्षता, गनिनसक्नु बेपत्ता । के हो ? – तारा
- थालभरि तितौरा खाइनसक्नु । के हो ? – तारा
- थालभरि फुलौरा छरेको । के हो ? – तारा
- थालभरि फुरौला र दुईवटा बारा । के हो ? – तारा, चन्द्रसूर्य
- थालभरि मुसुरी एक ढिको नुन । के हो ? – तारा र जून
- थालभरि भात, बिटभरि तिहुन । के हो ?– गरामा धान र आलीमा मास, भट्ट
- थालमा भात भयो, बिटमा दाल, नाच्यो-पाक्यो उठाउन थाल । के हो ?
  – गरामा धान र आलीमा मास, भट्ट
- थालमा नाच्दोखेल्दो, त्यसपछि घाम ताप्दो । के हो ?– रोटी पकाएको
- थालीमाथि बटुकी, बटुकीमा भोल, तह लाउन त्यसको कान मोल । के हो ? – कप–प्लेट
- थुतुनो छ सर्पजस्तो आगोमाथि बस्छ,
  मुखबाट तुर्क्याउँदै मुखैभित्र पस्छ । के हो ? – कित्ली/चियादानी
- थुपुक्क बसेको, खरानी घसेको । के हो ? – चुलामा बसालेको कसौंडी

# द

- दगुर्न सक्छ, हिँड्न सक्दैन । के हो ? - खोलो/नदी
- दह्रो टाउको लामो जीउ, गिदी छैन खान्न घिउ । के हो ? - मदानी
- दलदाल पारी लछ्यारी, तीन पाथी पानी झारी,
  टाँगिदिन्छन् डोरीमा बटारेर झट्कारी । के हो ?- लुगा धोई सुकाएको
- दले टट्टाउने, निले कोक्याउने, छाता ओढी बारीमा मोती झल्काउने ।
  के हो ? - कर्कलो
- दल्दादल्दै खिइसकी सेतीसेती मोरी,
  आफू मोरी अरूलाई बनाउँछे गोरी । के हो ? - साबुन
- दस औंला हाँसिरहन्छन्, दुईवटा सिया नाचिरहन्छन् । के हो ?
  - स्विटर बुनेको
- दस खुट्टा, छ कान, तीन मुख, दुई हात । के हो ? - दूध दुहेको
- दाँत धेरै छन्, कुकुर त्यो होइन, जङ्गलमा हिँड्नेलाई त्यल्ले छाड्ने
  होइन । के हो ? - काइँयो
- दाँत बाहिर, ओठ भित्र । के हो ? - मुसल
- दाँती हेर्दा हीराजस्तो, जुँगा हेरे बाघ,
  कपडाको चाङभित्र बस्ने त्यसको जात । के हो ? - मकै
- दाइ आयो भाइ छाडी गयो । के हो ? - पैतालाको छाप
- दाइ सुत्दा भाइ उठ्छ, भाइ सुत्दा दाइ उठ्छ । के हो ?
  - गोठालो र दाम्लो
- दाऊँ-दाऊँ बहर दाइनसक्नु । के हो ? - बाघ
- दाजु-भाइ बेला-बेला मुख जोडी सुत्छन् । के हो ? - परेला
- दाजु-भाइ सँगै हुन्छन्, मिल्न खोजे नासिन्छन् । के हो ? - बिजुलीका तार
- दाजु लाटो, भाइ बाठो । के हो ? - धरहरा र घन्टाघर
- दाम्ला-दाम्ली गए चर्न, भैंसी बसे खाल । के हो ? - फर्सी र लहरा
- दायाँ-बायाँ दुई सुरुङ, बीचमा एउटा पहाड । के हो ? - आँखा र नाक

- दायाँ रूपा बायाँ बेगनास, बीचमा चुच्चे डाँडा,
  यताउति गर्दै झिमझिम पार्दै गर्छन् धेरै रमिता। के हो ?- **आँखा र नाक**
- दिउँसमा लेखाउने, रातमा बाटो देखाउने। के हो ?- **चाइनिज कलम र लाइट**
- दिउँसो उल्टो, राति सुल्टो। के हो ? - **चमेरो**
- दिए बढ्छ, नदिए घट्छ। के हो ? - **विद्या/सीप**
- दिदी पोल्ने, बहिनी सन्च। के हो ? - **घाम र जून**
- दिदी-बहिनीको देखादेख हुने, भेट कहिल्यै नहुने। के हो ?- **घाम र जून**
- दिनको थाली, रातको भोकर। के हो ? - **मान्द्रो**
- दिनभर हिँडेको हिँड्यै, चार हात मात्रै। के हो ? - **गुन्द्री बुनेको**
- दिनभरि आँखा थुन्छ जोगी, रातभरि डुल्दै बन्छ भोगी। के हो ?
  - **लाटोकोसेरो**
- दिनभरि खाली बस्छ, रातभरि बोक्छ,
  सुती-सुती जमिनमा चार खुट्टा टेक्छ। के हो ? - **खाट/पलङ**
- दिनभरि ताकाताक, रातभरि खापाखाप। के हो ? - **दैलो**
- दिनभरि दाजुभाइ मिलेर बस्छन्, रातभरि दाजुभाइ छुट्टिएर बस्छन्।
  के हो ? - **दौराको तुना**
- दिनभरि ध्यान गर्छ, रातभरि डुल्छ। के हो ? - **उल्लु**
  दिनभरि भरी, राति रित्ते। के हो ? - **कपडा राख्ने झोक**
- दिनभरि रहमा डुब्छ, बिहानीपख पहाड चढ्छ। के हो ? - **पोतो**
- दिनभरि लाखा धुनी, रातभरि कान्लामुनि। के हो ? - **हलो**
- दिनभरि लुगा लगाउने, रातभरि नाङ्गै बिताउने। के हो ?- **लुगा सुकाउने टाँगो**
- दिनभरि लुरीखुरी, रातभरि कान्लो कुरी। के हो ? - **हलो**
- दिनभरि सुत्छ, रातभरि उठ्छ। के हो ? - **दाम्लो**
- दिनभरि हिँड्यो, जहाँको त्यहीं। के हो ? - **कोल**
- दिनरात बाहिर बसी अरूलाई चिनाइहरने। के हो ? - **परिचयपाटी**
- दुई अक्षरको मेरो नाम, सानो छँदा पकाई खाम,
  ठूलो भए धुरीमा जाम्। के हो ? - **बाँस**
- दुई अक्षरको मेरो नाम उल्टो सुल्टो जतावाट भन, खान पाउन्न भात,
  कहिले भान्छा, कहिले गरिबको साथ। के हो ? - **लोटा र टालो**
- दुई अक्षरको मेरो नाम, सुल्टो हुँदा खाने गर्दछन्,
  उल्टो हुँदा रमिता हेर्छन्। के हो ? - **चना/नाच**

- दुई अक्षरको मेरो नाम, सुल्टो हुँदा खाने डाइट,
  उल्टो हुँदा चल्छ फाइट। के हो ? - चना र नाच
- दुई औंलाको भरमा चल्ने एक आँखे सारस। के हो ? - कैंची
- दुई खुट्टाले उभिन्छ, हिँड्न सक्दैन, कमलो पाए कुटुकुटु खान्छ,
  निल्न सक्तैन। के हो ? - चुलेँसी
- दुई गोठको भकारो एउटै हातले सोहोर्ने। के हो ? - सिँगान फालेको
- दुई गोठको मल, एकै हातले फाल। के हो ? - सिँगान फालेको
- दुई घरको एउटै मात्र ढोका। के हो ? - साँध-सिमाना
- दुई छेउ आमाबाबु, बीचमा छोराछोरी। के हो ? - भ्याङ
- दुई भाइ खटाखट, दुई भाइ फटाफट, दुई सुकेका काठ, एउटा बौलाहा
  हात। के हो ? - भैँसीका खुट्टा, थुन, सिङ र पुच्छर
- दुईजना दाजुभाइ परेली जोडी सुल्छन्। के हो ? - खापा/पलेटा
- दुईतिर खोल्सो बीचमा डाँडो। के हो ? - नाक
- दुईतिर खोल्सो, माझमा डाँडो। के हो ? - नाक
- दुईतिर चुरीफुरी अगिल्तिर हुल, इनारका मुखमा कदमका फूल। के हो ?
  - ओखलमा धान कुट्नु
- दुईतिर जन्ती, माझमा डाँडो। के हो ? - दाँत र जिब्रो
- दुईतिर धार, साँधको बार। के हो ? - केतुके
- दुई दाजुभाइको एउटा धोती। के हो ? - ढोका
- दुई दाजुभाइ छन्, एउटाको आँखा छ, टाउको छैन,
  अर्काको टाउको छ, आँखा छैन। के हो ? - सियो र पिन
- दुई दाजुभाइ मिली जोडिएर बस्छन्,
  काम गर्नु पऱ्यो भने सँगै कम्मर कस्छन्। के हो ? - कैंची
- दुई-दुई अक्षर मिली बन्छ नाम, त्यो नभए होइन्छ ठन्डाराम। के हो ?
  - हावापानी
- दुई दिदी-बहिनीको एउटै मुन्द्री। के हो ? - चिम्टा
- दुई दिदी-बहिनीको एउटै रिङ। के हो ? - चिम्टा
- दुई पखेटा दुई सिङ, हलुको जीउ फुरफुर उड्छिन्। के हो ?- पुतली
- दुईपट्टि गाछी रूख, माझमा फल। के हो ? - भुइँकटहर
- दुई पाखे कटेरी, एउटै टाउकाले उचाली। के हो ? - स्याखु/घुम
- दुई पाङ्ग्रा छन् साइक्ल होइन, दगुर्छ मोटर होइन। के हो? - मोटरसाइकल

- दुई भाइ उठ्नी, चार भाइ सुत्नी । के हो ? – कान र खुट्टा
- दुई भाइ उठ्नी, चार भाइ सुत्नी । के हो ? – तगारो र गरालो
- दुई भाइका तेर्सा करङ । के हो ? – भ्याङ
- दुई भाइ नाच्ने, दुई भाइ हेर्ने, दुई भाइ ठुस्स । के हो ? – कान, आँखा र सिङ
- दुई लिगमा रेल हिँड्दा लिग नै जोडिन्छन् । के हो ? – चेन
- दुईवटा फेद र दुईवटै हाँगा । के हो ? – मानिस
- दुईवटा बूढा खुयाली बजाई नाच्छन् । के हो ? – चिम्टा
- दुईवटा मान्छेको एउटै पटुका । के हो ? – आग्लो
- दुईवटा सिन्का नाचिरहेका । के हो ? – स्विटर बुनेको
- दुईवटी दिदीको एउटै मुन्द्री । के हो ? – चिम्टा
- दुई सिङ चिप्लो गोरु, हाडै छैन कसो गरु । के हो ? – चिप्लेकीरा
- दुई हातको काँकरीको तीन हातको बियाँ,
  राम-लछ्मनको लडाइँमा म पनि थियाँ । के हो ? – ठेकी र मदानी
- दुई हात चार पाउ, काखमा लिन्छु यता आऊ । के हो ? – कुर्सी
- दुई हात जोडेर चुलामाथि बस्ने, एकै छिनपछि सी-सी गर्ने । के हो ? – प्रेसर कुकर
- दुई हात दस पाउ, घारघुर पारी तताई खाऊ । के हो ? – गाईसैंसीको दूध
- दुई हातले समाती मेट्ने धोको, खुवाउँदा पनि पेट हुन्छ भोको । के हो ? – शङ्ख
- दुलाहा गयो दुलही लिन, जन्ती गए किन,
  बाउबिनाको छोरा जन्म्यो, आमा नभा'को दिन । के हो ? – कुमालकोटी
- दुलाहा न सुलाहा एकैदिनमा हजारौंको बिहा । के हो ? – तुलसीको बिहे
- दुलाहाले दुलहीको सबै कुरा देख्न सक्छ,
  तर एउटा कुरा देख्न सक्दैन । के हो ? – विधवा अवस्था
- दुवै भाइ म अघि जान्छु, म अघि जान्छु भन्छन् । के हो ? – खुट्टा
- दूध न दही घिउ आई, यो कथा नजान्ने कुनामा जाई । के हो ? – सिँगान
- दूधे बालकले पिट्दा पनि आमा रुन्छिन् । के हो ? – घन्टाको रालो
- देखादेख हुने, भेट कहिल्यै नहुने । के हो ? – सुर
- देखिन्छ खेतमा, दाँत छ पेटमा । के हो ? – गँगटो

- देखिन्न त्यो छ शक्तिवान्, छुन पुगे लिन्छ ज्यान। के हो ? - करेन्ट
- देखे भने लखेट्छन् लुकिछिपी हिँड्छु,
  गाउँ-घरका कुखुरा-पाठा देखें भने टिप्छु। के हो ? - स्याल
- देख्दा छ, समात्दा छैन। के हो ? - छायाँ
- देख्दा लौरो, खाँदा काठ, निल्छ रस, थुक्छ कपास। के हो ? - उखु
- देख्दा सानो छ डल्ले, कराउँछ बलले। के हो ? - शङ्ख
- देख्दा सोझो छ, बिरामी त्यो छैन, उचालिने र पछारिने गर्छ। के हो ?
  - ढिकी
- देखनलाई नजिकै छ, होइन त्यति टाढा,
  भेट्न खोज्दा सकिदैन हुन्छ टाढा-टाढा। के हो ? - आकाश
- देखनको डाल, खानको काल। के हो ? - असिना/हिउँ
- देखेले बोल्दैन, बोल्नेले देख्दैन। के हो ? - आँखा र मुख
- दैलामुनि सिँगारी बाखो। के हो ? - चिचिन्डो
- दोसल्ला ओढेको, खेतबारीमा अडेको, ओठ देखिदैन जुँगा त गजापको।
  के हो ? - मकै

# घ

- धरहराको टुप्पामा सानो पोखरी, पोखरीको मास्तिर झलमल जूनकिरी। के हो ? – पानस बत्ती
- धर्तीमुनिको कथुरे गोरु। के हो ? – मुसो
- धर्तीमुनिको जगल्टे घर्ती। के हो ? – भ्याकुर
- धर्तीमुनि चाँदीको फाली। के हो ? – अदुवा/मूला
- धर्तीमुनि जाउँला, छाता ओढुँला। के हो ? – पिँडालु
- धर्तीमुनि नबसी छाते ओछ्यौन, फूल फुलाउने काम गर्दै गर्दिन। के हो ? – पिँडालु
- धर्तीमुनि बल्ड्याङबुल्डुङ नाङ्लाजत्रा पात। के हो ? – पिँडालु
- धर्तीमुनि महको भुँङ्की। के हो ? – खनिउँ
- धर्तीमुनि सुनको ठुन्को। के हो ? – हलेदो
- धर्तीमुनि सुनको फाली। के हो ? – हलेदो
- धानको भए पराल हुन्थ्यो, तरकारीलाई मारे,
  पानी त्यसको सुकाउन ढुङ्गाभित्र पारे। के हो ? – गुन्द्रुक
- धान छ धान छ, केराभरि धान छ, न आफू खान्छ न अरूलाई दिन्छ। के हो ? – धतुरो
- धनीले खल्तीमा राख्छन्, गरिबले बाहिर फाल्छन्। के हो ? – सिँगान
- धनीले राख्छन्, गरिबले फाल्छन्, केटाकेटीले खान्छन्। के हो ? – सिँगान
- धारिलो पिठिउँ उसको, चरीनङ्ग्री खुट्टी,
  आँखा, कान केही छैन, नाकमा छ मुन्द्री। के हो ? – चुलँसी
- धार्नी न बिसौली, दुई हातले उचाली। के हो ? – टोपी लगाएको
- धुरीमाथि कुलेसो काटेको। के हो ? – सिउँदो/केराको पात
- धुरी मार्ने पहिले, दाँती लाउने अहिले। के हो ? – घुम/स्याखु
- धेरैजना जान्छन्, एउटालाई छोडेर आउँछन्। के हो ? – लास
- धेरै दुलहीको एउटै डोली। के हो ? – केराउ/बोडी
- धेरै पहिले गरिदिन्थें हुलाकीको काम,
  शान्तिचरी भने पनि अघि सर्छन् खान। के हो ? – परेवा

# न

- नक्कले चराको शिरमा शिरफूल । के हो ? – भाले कुखुरो
- नखाऊँ भने दिनभरिको सिकार, खाऊँ भने कान्छाबाको अनुहार । के हो ? – बाँदर
- न खान हुनी न लाउन हुनी, झिकेर खान सकिँदैन कहिल्यै, त्यो अर्थ के हो लौ जान पण्डित पहिल्यै । के हो ? – विद्या
- न खान्छ न पिउँछ, दिनभरि घरको रच्छे गर्छ । के हो ? – ताला
- न चोऱ्यो उसले न कसैलाई माऱ्यो, तर उसको टाउको सबैले काटे । के हो ? – नङ
- नदी मेरो गाउँ, सुके मेरो नाउँ,
- लौ है साथी हो परदेश घुम्न जाऊँ । के हो ? – सिद्रा
- नदी मेरो गाउँ, सुके मेरो नाउँ,
- हिँड-हिँड साथी हो परदेश घुम्न जाऊँ । के हो ? – सिद्रा
- नदेखिने शक्तिवान्, छुन पुगे लिन्छ ज्यान । के हो ? – करेन्ट
- नपिट न भान्से बज्यै ! छैन मेरो पाप, छुट्याइदिन्छु ठुड्गोमाटो टिपी अन्तै राख । के हो ? – नाङ्लो
- नबसम् भने बसम्-बसम् लाग्छ, बसम् भने सारै बेर लाग्छ । के हो ? – चौतारो
- न बाहिर बोक्नो, न भित्र खोक्नो । के हो ? – लड्डु
- न बाहिर बोक्नो न भित्र खोक्नो, मुखमा हाल्यो धुलो र पिठो । के हो ? – कसार
- न बोक्नो न बियाँ, न गुदी न सियाँ, बिना रूपको फल झर्दा म त्यहीं थियाँ । के हो ? – असिना
- न भित्र खोक्नो न बाहिर बोक्नो । के हो ? – नुनढिकी
- न हिँड्छ न बोल्छ, देख्दा दुरुस्तै । के हो ? – तस्विर
- नाई-नाई भन्छ थुपुक्क ढोगिदिन्छ । के हो ? – केराको पात

- नाइटो अँठ्याउँदा ट्वाल्ल हेर्न। के हो ? - टर्च लाइट
- नाउँ के हो, कहाँ छ बास, कताबाट आई पार्छ सत्यनाश। के हो ? - भुइँचालो
- नाउँ छ डल्ले, कराउँछ बलले। के हो ? - शङ्खफुकाइ
- नाउँ छ थरीथरी, आफू मरी, अरूलाई बनाउँछे गोरी। के हो ? - साबुन
- नाक-कानलाई बाँझ, आँखालाई मोज। के हो ? - चस्मा
- नाक चुच्चे पुच्छर बुच्चे, खान्छ अन्न, पानी बन्न -बन्द। के हो ? - घुन
- नाकमा चढेर कानमा समाल्ने। के हो ? - चस्मा लगाएको
- नाकमा हात जुनेली रात। के हो ? - बिजुलीबत्ती
- नाकाँ टेक्ने, कानाँ समाउने। के हो ? - चस्मा
- नाङ्लाभरि बिस्कुन सुकाएको। के हो ? - आकास र तारा
- नाची-नाची एउटी आई, फूलहरूको च्याल खाई। के हो ? - पुतली
- नानीका धोतीमा जुम्रा। के हो ? - जाल र माछा
- नानी त सानी जगल्टा ठूला। के हो ? - मूला
- नानी-नानी छोट्टी, उफ्री-उफ्री धान कुट्दी। के हो ? - उपियाँ
- नामजस्तो काम छैन, झुल्छ कोठाभित्र,
  जात त्यसको वनस्पति मानिस हुन् मित्र। के हो ? - मनिप्लान्ट
- नाम त्यसको मुसले, उफ्रन्छ खुसले, झालमा लुकाउँछ जाहान,
  तरकारी भुटुवा असल हुनगयो, थप्ने नपर्ने बाहान। के हो ? - घिरम्लो
- नाम नभएको मान्छे हुन्न, त्यो मान्छेको नामै छैन। के हो ?- नवजात शिशु
- नाम-रूप सानै छ ठूलो हुन्छ काम,
  मर्नै लाग्दा बचाउँछ मानिसको ज्यान। के हो ? - ओखती
- नाम्लो-डोको केही छैन भारी त्यसले बोक्छ,
  छोयो भने त्यसलाई, भित्रभित्रै लुक्छ। के हो ? - शङ्खेकीरा
- नियाल्दा ढुङ्गाजस्तो उचाल्दा ढुङ्गो, रन्केपछि लाउँछ कामको टुङ्गो। के हो ? - इस्त्री
- निर्जीव भनौं भने पलाउँछ, सजीव भनौं भने काट्दा मर्दैन। के हो ? - नङ र कपाल
- निरन्तर डुल्दै हिँड्छे देखिन्न त्यो नानी,
  कोहीसित ठोक्किएमा सुसाउने बानी। के हो ? - हावा

- नीलो दहमा ढकमक्क फूल । के हो ? - तारा
- नीलो दहमा सेता फूल । के हो ? - तारा
- नीलो पोखरीमा चाँदीको थाल । के हो ? - चन्द्रमा
- नुहाईधुवाई जीउमा चन्दन लगाई । के हो ? - भाँडामा खरानी लगाएको
- नुहाउन जाँदा सेप्रो, डुबुल्की मारी आउँदा भुक्क । के हो ? - पुरी
- नेपाले भैंसीको दुईतिर पुच्छर । के हो ? - हात्ती
- नेपाले रानी सुतिरहने बानी । के हो ? - सिरानी
- नौतले घरको न ऊयाल न ढोका । के हो ? - बाँस
- नौतले देवलको नौवटा ऊयाल । के हो ? - धरहरा
- नौ दिनसम्म कुनामा बस्छ, दसौं दिन टाउकाँ चढ्छ । के हो ? - जमरा
- नौ दिनसम्म कोठाभित्र गुम्सिएर बस्ने,
  दसौं दिनमा मानिसको शिरमाथि चढ्ने । के हो ? - जमरा
- नौ बहिनीले एउटै पछ्यौरा ओढ्छन् । के हो ? - सुन्तला
- नौरङ्गी शरीर यसको बास हिमालमा,
  राष्ट्रियताको गीत गाउँछ यसले नेपालमा । के हो ? - डाँफे
- नौवटी नानीको एउटै धोती/पछ्यौरी । के हो ? - सुन्तला

# प

- पकाउने काम परे सुसाउने गर्छ,
  लोती समाई ननिमोठे ठहरै मर्छ। के हो? - दमचुलो
- पकाए काँचै, पोले सखापै। के हो? - रौं
- पकाएको पोलेर खाने, काँचो काँचै खाने। के हो? - तमाखु र सुर्ती
- पकाए नपाक्ने, उसिने नउसिनिने, आगामा हाल्दा सकिने। के हो?
  - रौं/कपाल
- पकायो-पकायो पोलेर खायो। के हो? - तमाखु
- पक्कै छ, नजिकै छ, छाम्दा छैन, समात्न सकिदैन। के हो? - छायाँ
- पखेटा छन् चराचुरुङ्गी होइन, रङ्गीबिरङ्गी छ,
  बगैंचामा डुल्छ, फूल पनि होइन। के हो? - पुतली
- पखेटा छन् परेवा होइन, घोप्टे सिङ छन्, चौपाया होइन। के हो?
  - पुतली
- पखेटा छैन आकाशमा उड्छ, बतास आए भाग्छ, घामलाई छेक्छ।
  के हो? - बादल
- पखेटा न सखेटा आकाश चाहार्ने। के हो? - बादल
- पखेटा न सखेटा माथिमाथि उड्ने। के हो? - बादल
- पखेटा भएको उड्ने घर, पर्छन् मान्छे त्यसको भर। के हो?
  - हवाइजहाज
- पछाडि छ आँखा अगाडि सर्छ, हिँड्दाहिँड्दै सृष्टि गर्छ,
  पशु पनि होइन, मान्छे पनि होइन। के हो? - सियो
- पछाडिपट्टि सर्प झुन्डिएको। के हो? - कपालको चुल्ठो
- पत्रैपत्रको डल्ले च्याउ, मन लागे पकाई खाऊ। के हो? - बन्दागोपी
- पत्रैपत्र छ, पण्डितका साथमा छ। के हो? - पात्रो
- पन्ध्र दिन बढे पनि पन्ध्र दिन घट्छ,
  आउँदाखेरि झलमल्ल जाँदाखेरि अलमल्ल। के हो? - जून

- पन्ध भाइ छन्, बार भाइ सुत्छन्, तीन भाइले काम गर्छन्। के हो ?
  - घडी
- पर गयो पर गयो, यहींनेर आयो। के हो ? - लुगा सिएको
- *पराल खान्छ बस्तु होइन, न्याउलीझैं बास्छ न्याउली होइन। के हो ?*
  - सनई
- पर्खालपछाडि मृगको साँप्रो। के हो ? - रातो धागोले बाटेको चुल्ठो
- पर्वतमाझमा एक जोडी गुफा, गुफालाई सधैं गरिन्छ सफा। के हो ?- नाक
- पल्टन त पल्टन दुई पल्टन, आए जति चट। के हो ?- दाँत र मुख
- पल्लो गाउँमा कुकुर भुक्यो, मेरा हातमा पुच्छर। के हो ?
  - बन्दुक पड्काएको
- पवित्र घरको धुरीमा सोली घोप्ट्याएको। के हो ? - गजुर
- पश्चिममा लुकेका दाइ पूर्वबाट आए,
  सानाठूला सबैसँग मायाप्रीति लाए। के हो ? - सूर्य
- पहराकी निदिनी, जगल्टामात्र देखिनी। के हो ? - बाबियो
- पहराको बीचमा हात्तीको पाइलो। के हो ? - नाइटो
- पहाड छ, ढुङ्गोमाटो छैन, नदी छ, पानी छैन,
  जङ्गल छ, रूख छैन, सहर छ मान्छे छैन। के हो ? - नक्सा/मानचित्र
- पहाडको टुप्पामा चारकोसे झाडी। के हो ? - कपाल
- पहाडमाथि छेउकुना, ठाउँ-ठाउँमा रगतको दुना। के हो ? - लालीगुराँस
- पहाडमा पहिरो गयो, हुर्हुराउँदो र बुर्बुराउँदो। के हो ? - घट्टमा अन्न पिसेको
- पहिले कपाल लुछ्छन् अनि हड्डी फोर्छन्,
  काटकुट पारी बाँडीचुँडी खान्छन्। के हो ? - नरिवल
- पहिले कच्याक कुचुक्क भाँडाभित्र कोच्छन्,
  अनि मलाई पकाएर घिच्छन्। के हो ? - गुन्द्रुक
- पहिले खान्थे दानव जाति, अहिले खान्छन् मानव जाति। के हो ?- रक्सी
- पहिले चारखुट्टे, त्यसपछि दुईखुट्टे अनि तीनखुट्टे। के हो ? - मान्छे
- पहिले जन्म्यौं हामी आफैं, त्यसपछि जन्मे जेठा दाइ,
  बाबा जन्मेको हामीले देख्यौं, पछिबाट जन्मे कान्छा भाइ। के हो ?
  - दूध, दही, मही र घिउ
- पहिले हामी जन्म्यौं, पछि जन्मे जेठा दाइ, बाबा जन्मेको हामीले देख्यौं,
  पछि जन्म्यो कान्छो भाइ। के हो ? - दूध, दही, मोही र घिउ

- पहिले तान्छ मानिसले, पछि मानिसलाई तान्छ उसले। के हो? - चुरोट
- पहिले मलाई भिजाउँछन् त्यस पछि कुट्छन्,
  कुटेपछि मस्तसँग खाई भोक मेट्छन्। के हो? - चिउरा
- पहिले माया गर्छन् पछि कुट्छन्,
  ओछ्याएर फेरि मोज लुट्छन्। के हो? - कपास
- पहिलो बेतमै माउ मर्ने। के हो? - केराको बोट
- पहेँलो सारी फरक्क पारी, कालो ओडारमा क्वाप्प हाली। के हो?
  - केरा खाएको
- पाँच अक्षरको मेरो नाम, उल्टो सुल्टो एउटै हुन्छ जान। के हो?
  - लामाको माला/नवजीवन
- पाँच जना हेर्ने, एक जना नाच्ने, चार जना लुक्ने। के हो?
  - सुर्ती माडेको
- पाँच दाजुभाइको एउटै थाल। के हो? - हत्केला
- पाँच भाइको एउटै आँगन। के हो? - हत्केला
- पाँच भाइको एउटै खलो। के हो? - हत्केला
- पाँच भाइको एउटै गुफा, गुफाभित्र एउटै कोठा। के हो? - जुत्ता
- पाँच भाइको एउटै पगरी। के हो? - हत्केला
- पाँच भाइको एउटै बाटो। के हो? - पैताला
- पाँच भाइको एउटै निकास। के हो? - हत्केला
- पाँच भाइ पस्ने एउटै ढोका, ढोकाभित्र पस्ता आफ्नै गुफा। के हो?
  - पन्जा
- पाँच भाइले दिन्छन् दुईभाइले हेर्छन्, एक भाइले खान्छ। के हो?
  - हात, आँखा र मुख
- पाँच मानिसको एउटै पेट। के हो? - हात
- पाँचवटा मुखका दशवटा कान, पन्धवटा आँखा यो कथा जान। के हो?
  - पाँच टाउके शिव
- पाइलो पर्दैन, दगुर्न छोड्दैन, जीउ छ टाउको छैन। के हो?- डुङ्गा
- पाखुरा छन् पन्जा छैन, जीउ छ टाउको छैन। के हो? - दौरा
- पाङ्ग्राबिनाको मोटर लुगामाथि दौडन्छ। के हो? - इस्त्री लगाएको
- पाटाको धरो झिलिमिली ऊयाई, यो कथा नजान्ने लोखर्केको ज्वाई।
  के हो? - इन्द्रेनी

- पाटी त पाटी धर्मशालाको पाटी, खोलेर हेर्दा तीन सय साठी। के हो ?
  - मौरीको घार
- पात एकै नाइँ, हाँगाको लेखै नाइँ। के हो ? - सिउँडी
- पात छन, रुख छैन, तर सितल दिन्छ। के हो ? - पङ्खा
- पातको लेखै नाइँ, हाँगो एकै नाइँ। के हो ? - केराको बोट
- पातले छाप्छन् करडले ढाक्छन्, गोलो पारी शिरमा राख्छन्। के हो ?
  - छत्री
- पातालमा खुट्टा छन्, टाउकामा सुँड छ,
  सुँड चलाइदिए ह्वालह्वालती छाद्छ। के हो ? - ट्युबवेल
- पातैमा फल छ, पातैमा बल छ, रुख त्यसको हुँदै हुँदैन,
  जति खाऊँ-दिऊँ बढ्दै जान्छ, कहिल्यै घट्दैन। के हो ? - विद्या
- पान सयमा किन्यो, तीन सयमा बेच्यो,
  जम्माजम्मी दुई सय नाफा भयो। के हो ? - पान
- पानामुनि मलाई राखी लेख्तै जाँदा माथि,
  तल पनि उहीउही बनाइदिन्छु साथी। के हो ? - कार्बन पेपर
- पानीको पुत आगाको बाउ, त्यसलाई छोए ज्यानै जाउ। के हो ?
  - बिजुलीबत्ती
- पानी छ दह होइन, रुखमा बस्छ चरो होइन। के हो ? - नरिवल
- पानी छ, पानी छ, पिउनु नाइँ। के हो ? - हिउँ
- पानी न सानी, खाली बल्छी खेल्नी। के हो ? - बाँस
- पानी परे पखाली जा, माटो परे कुही जा, झगडा परे कचहरीमा जा।
  के हो ? - कागज
- पानी बिनाको पोखरीमा माछा उफ्रन्छ। के हो ? - मकै भुटेको
- पानीबिनाको पोखरीमा माछो पौडिएको। के हो ? - जिब्रो
- पानीबिना बल्छी खेल्छ। के हो ? - बाँस
- पानीभित्र जन्म भयो पानीभित्रै बस्छु,
  पानीबाहिर रहें भने आँफैलाई नास्छु। के हो ? - माछा
- पानीभित्र रमाउँछिन् जलपरी होइनन्,
  सुनगेंडी फलाउँछिन् रूख भने होइनन्। के हो ? - धान रोपेको
- पानीमा खेल्छ जलेवा होइन, चारो टिप्छ परेवा होइन। के हो ?
  - धान रोपेको

- पानीसँग खेल्ने सानी-सानी नानी,
  पानीसँग खेल्दाखेल्दै जान्छ जिन्दगानी। के हो ? - साबुन
- पारिबाट आयो रुयाप्ल्याक-रुयाप्ल्याक कान,
  मुखबाट बिचाऱ्यो बन्चरोले हान। के हो ? - केरा
- पारिबाट लास आयो, तँलाई कल्ले भन्यो ?
  जसका पेटमा आन्द्रा छैन, त्यल्ले मलाई भन्यो। के हो ?- शङ्ख फुकेको
- पारि भित्तामा कुकुर भुक्यो, पुच्छर मेरो हात। के हो ? - बन्दुक
- पारि भित्तामा कुकुर भुक्ने, मेरो मुटु दुख्ने। के हो ? - बन्दुक पट्काएको
- पारि वनमा दहीको ठेकी झुन्ड्याएको। के हो ? - भक्यामलो
- पालिस लगाएझैं गरिन्छ जुत्ता होइन, यताउति गर्छ खुट्टा छैन। के हो ?
  - इस्त्री
- पालैपालो आउँछ, तर पाले होइन। के हो ? - दिन र रात
- पाहुना आउँदा उत्तानो परेर सुत्ने, पाउना गएपछि उठ्ने। के हो ?
  - गुन्द्री/काम्लो/गलैंचा
- पाहुना आयो घरबेटी मुसाका दुलामा हात। के हो ? - जाँड
- पिँढीकुरे चेप्टे दाइले खान्छन् छिटछिटो,
  पेट छैन अटाउने ओकल्छन् पीठो। के हो ? - जाँतो
- पिलपिल गर्ने सान्नानीको पेटभरि पानी। के हो ? - टुकी
- पिँध चुस्ने, टुप्पामा बाल्ने, मुखले च्याप्ने हावामा फाल्ने। के हो ?
  - चुरोट खाएको
- पिँधबाट हाल्दा कम्मर छिन्ने। के हो ? - भोटेताला
- पिँधमाथिको लालगेडी/रातीगेडी। के हो ? - आगो
- पिँध सुकेको, घाँटी लुकेको, पेट फुकेको। के हो ? - करुवा
- पिँध सुकेको, छाती फुकेको, टाउको न खुट्टाको। के हो ? - बाल्टी
- पुच्छर छ जन्तु होइन, रेलझैं हिँड्छ रेल होइन। के हो ?- चिप्लेकीरा
- पुच्छर छ बाँदर होइन, चार पाउ छन् चौपाया होइन,
  सिउर छ कुखुरो होइन। के हो ? - छेपारो
- पुच्छरमा छ पैसैपैसा, शिरमा शिरपेच हरदम,
  त्यही नाच्यो वनमा पैले बादल देख्दा छमछम। के हो ? - मुजुरको प्वाँख
- पुच्छरमा थिच्दा जुरुक्क उठ्ने, चटक्कै छोडे चुच्चाले टेक्ने।
  के हो ? - ढिकी

- पुच्छरमा थिच्दा मुन्टो उठाउने । के हो ? - ढिकी
- पुड्के बाहुनको सुर्के चन्दन । के हो ? - मास
- पुड्के भँडारी, नसाको भारी । के हो ? - दमाहा
- पुतली परी, गीत गाउँदै झरी । के हो ? - सनई
- पुन्टी बूढी पुन्टिला, पछ्यौरा ओढी कता जाँ । के हो ? - लुँडी
- पूरै पढे एउटा जिल्ला बन्छ, बीचको अक्षर झिके खानेकुरा बन्छ । के हो ? - पाल्पा
- पेटमा दाँत छ, शिरमा एउटा सिङ छ,
  समातेमा सिङ फनफनी रिङ्छ । के हो ? - जाँतो
- पेट मेरो गडबड रोगी नभने, निधारमा बिगुत जोगी नभने । के हो ? - हुक्का र चिलिम
- पोकाभित्र पोटिला दाना, उधारेर हेर्दा स्वादिलो खाना । के हो ?- अनार
- पोखरी, पोखरीमाथि धारो, धारोमाथि तारो, तारोमाथि चौर,
  चौरमाथि जङ्गल, जङ्गलभित्र चोर । के हो ? - जुम्रा
- पोखरी सुक्यो, बकुल्लो मऱ्यो । के हो ? - दियो वा टुकी
- पोखियो कि उठाउनै नसकिने । के हो ? - बोली
- पोखेको सबै चिज उठाउन हुने, एउटा चिज उठाउन नहुने । के हो ? - कुरा/बोली
- पोलेको माछो खेतखेतै दगुर्ने । के हो ? - फाली
- पोलेको माछो रूख चढ्छ । के हो ? - हँसिया/आँसी
- प्रश्न यो कि उत्तर के हो ? - दिशा

# फ

- फटफटे बूढाको पेटभित्र ससाना पैसा । के हो ? – फर्सी र बियाँ
- फतफते बूढीको तालुमा भुङ्गो । के हो ? – हुक्का-चिलिम
- फनफन घुम्ने गर्मी याममा, चिसो हावा बेच्छे दाममा । के हो ?– पङ्खा
- फल झर्‍यो भुइँभरि, रूख छैन वरिपरि । के हो ? – असिना
- फल झर्‍यो भइँभरि, रूख छैन वरिपरि, बिलाउँछ मनपरी । के हो ? – असिना
- फल न फूल, ऋयाम्म पथरी । के हो ? – उनिउँ
- फल न फूल डाँठैमा भुल । के हो ? – उखु
- फल न फूल डाँठमात्र मोटो । के हो ? – उखु
- फलफूल होस्-नहोस् पात झुल्छ,
  त्यही पात पूजाआजामा चल्छ । के हो ? – वरपीपल/बेलपत्र
- फल लागे फूल लाग्दैन, फूल लागे फल हुँदैन । के हो ?– भाङको बोट
- फलामको करड, कपडाको छाला,
  बाङ्गो छ पुच्छर नाउँ के होला ? के हो ? – कुहिरो
- फलामको पाता, सुनको छाता । के हो ? – डाँडामाथि घाम
- फलाम वर्ण पाक्ने, सुन वर्ण फुल्ने । के हो ? – चुत्रो
- फलामे फली, तामे नली । के हो ? – फापर
- फलेको कताकति हुन्छ, नफलेको बाक्लै हुन्छ । के हो ?– चामल र बियाँ
- फल्दा पनि फल्दैन, फुल्दा पनि फुल्दैन, टोकरीभरि बिक्छ । के हो ?– नुन
- फल्दो न फुल्दो ऋयापऋयाप्ती । के हो ? – उनिउँ
- फाटेको राम्रो एउटा, फुटेको राम्रो अर्को । के हो ?– बादल र कपास
- फाले फाल नत्र झुन्डिएर मर्छु । के हो ? – सिँगान
- फिस्टे चराको मासु थोरै, बोसो धेरै । के हो ? – रिठ्ठो
- फुटालेर धुलो, चिनी-चिनी ठुलो । के हो ? – बान्नो/पखाल
- फुल त फुल हो, न भुजामा चल्छ न पूजामा चल्छ । के हो ? – लिखा

- फुल्दा धागोमा मुसा नाचेको । के हो ? - लुगा बुनेको
- फुल्दा चाँदी, पाक्दा सुन । के हो ? - सुन्तला
- फुल्दा चाँदी, पाक्दा सुन, टिप्न गाह्रो खाँदा गुन । के हो ? - ऐसेलु
- फुल्दा पनि फुल्दैन, फल्दा पनि फल्दैन, टोकरीभरि बिक्छ । के हो ? - नुन
- फुल्दा पनि फुल्दैन फल्दा पनि फल्दैन, सन्तान त्यसका धेरै छन् । के हो ? - उनिउँ
- फुल्दो न फल्दो हरियो पात,
  चन्दन दली मसला हाली मुखमा गास । के हो ? - पान
- फूलबारीको सानी नानी, माझको ढाड जहाँ तहाँ । के हो ? - पुतली
- फेद काटे मर्ने, टुप्पो काटे सर्ने । के हो ? - उखु
- फेद टुप्पो कहाँ-कहाँ माझको ढाड जहाँको तहाँ । के हो ? - बाटो
- फेदमा लौरी, टुप्पामा चौरी । के हो ? - मकैको बोट
- फेदीबाट पानी ल्याई रानीखेत भिजाए,
  पाँच भाइ हली मिली लिँडे गोरु कुदाए । के हो ? - कलमले लेखेको
- फ्याक्क फ्याकुली, फ्याकुलीका पेटभित्र सानासाना टिकुली । के हो ? - फर्सी
- फ्याक्क फ्याकुली, फ्याकुलीका पेटभित्र सानासाना पैसा । के हो ?- फर्सी

# ब

- बगैंचामा आँप पाकेछ, एक भाइले देख्यो, अर्को भाइ चोर्न गयो,
  जानेले टिपेन, अर्कैले टिप्यो, टिप्नेले खाएन, अर्कैले खायो,
  गाली खायो एउटाले, कुटाइ खायो फेरि अर्कैले। के हो ?
  **– आँखा, खुट्टा, हात, मुख, कान र पिठ्यूँ**
- बच्चाको साथी माउको काल, बाहिर निस्केपछि लगेर फाल। के हो ?
  **– अम्रो**
- बजाउन हुन्छ, बाजा होइन; लागाउन हुन्छ,
  औंठी होइन; गोलो छ, रिङ पनि होइन। के हो ? **– चुरा**
- बज्छ, बाजा होइन; कम्मरमा बस्छ, इँजार होइन। के हो ? **– खुर्पेटो**
- बडेमानको छाती उसको, मुख छन् चारवटा,
  तीन रङको खाना खान्छ उनान्तीसवटा। के हो ? **– क्यारिमबोर्ड**
- बत्तीस घरमा दुई थरका छन् चार सिकारी दाउ हेर्छन्,
  बाँकी अट्ठाइस जाल बुन्छन्। के हो ? **– बाघचाल**
- बत्तीस जना बारपार, माझमा एउटा सरदार। के हो ?**– दाँत र जिब्रो**
- बसाइ हेर्दा कुकुरको, बाघको जस्तो हाल,
  चोटाकोठा डुलिहिँड्ने गजबै छ चाल। के हो ? **– बिरालो**
- बस्छ, हिँड्छ, खेल्छ, तर बोल्न सक्तैन। के हो ? **– भकुन्डो**
- बस्छु हिँड्छु बोल्न सक्तिन, दिनभरि उसलाई छाड्न सक्तिन। के हो ?
  **– छायाँ**
- बस्दा थुचुक्क, उठ्दा जुरुक्क। के हो ? **– ढिकी**
- बस्दा बस्न नसक्ने, उचाल्दा उचाल्न नसकिने। के हो ? **– घन्टाघर**
- बस्दा सानो हिँड्दा लामो। के हो ? **– जुका**
- बहुरङ्गी अक्टोपसका अनेक रूप,
  कहिले कान, कहिले हात, कहिले खल्तीमा खुप। के हो ? **– मोबाइल सेट**
- बहिनी भन्छे आइज, दिदी भन्छे नाइँ-नाइँ। के हो ? **– केरा र पीपलका पात**

- बाँचुन्जेल सागरमा, मरेपछि घरघरमा। के हो? - शङ्ख
- बाँचे काट्नू, मरे पाल्नू, यो कथा नजान्नेलाई उचालेर फाल्नू। के हो? - सुन्केरीलाई भनी ल्याएको खसी
- बाँध्दा मुठीभरि छ, खोल्दा ढोकाबाट छिर्दैन। के हो? - छाता
- बाखापाठा बसिरहने, दाम्लो चर्न जाने। के हो? - काँक्राफर्सी
- बागमती र विष्णुमती एकै ठाउँमा जोरिएको। के हो? - सिँगान बगेको
- बाघको मुख खाए पनि रातो, नखाए पनि रातो। के हो? - तामाको ताउलो
- बाघ होइन गर्जिन्छ, धारो होइन पानी दिन्छ। के हो? - बादल
- बाटुली नानी झल्ल बल्छिन्, कहिले लुक्छिन् कहिले खुल्छिन्। के हो? - चन्द्रमा
- बाटुले घरको ख्याल न ढोका। के हो? - फर्सी
- बाटुलो बाटो चिम्ट्याइलो माटो, हातमा लुटुपुटु मुखमा गाँठो। के हो? - कसार
- बाटो छैन उकालो लाग्छ, पानी खाए भुतुक्कै मर्छ। के हो? - डढेलो
- बाबाका जाँठा लुके भीरमा, म ता दुगुर्दै गएँ शिरमा। के हो? - गिठो
- बाबाका पैसा गन्न सकिन्न, आमाको धोती पट्याउन सकिन्न। के हो? - तारा र बाटो
- बाबाले दिएको पटुका, बाँध्दा-बाँध्दा कहिल्यै नसकिने। के हो? - लामो बाटो
- बाबु गर्भमै छ, छोरो छाता ओढाउँछ। के हो? - कर्कलो
- बाबु नदेखिने छोरो धुरीमाथि। के हो? - आगो र धुवाँ
- बाबु मेरा तिखेताखे आमा सुन प्याँली,
  कसका गोत गइछु म ता हाँडीभन्दा काली। के हो? - चुत्रो
- बार छोरा तेर नाति, एउटा छाता सबै माथि। के हो? - पिँडालु र कर्कलो
- बा-र जोगी एक दमै जाऊन्, तीनवटा लाँक्रा उखु सिङ्गासिङ्गै खाऊन्। के हो? - बा, जोगी र दमै
- बार लाटा, तीन बाठा, एकै घरमा जोड्छन् नाता। के हो? - घडी
- बार वर्ष पछि रुख ढले पनि त्यसको पात हरियै छ नि। के हो? - मुजुरको प्याँख
- बार हातको लम्बा, एकै ठाउँ जम्मा। के हो? - पटुका

- बारी कमेरे, बीउ कालो, हातले नटिपी खान थाल्यो । के हो ?
  **– सेतो कागजमा लेखी पढेको**
- बारी-कान्लामा जन्मी, घर-छाप्रामा सुती, घामपानीलाई छेक्तै बसी ।
  के हो ? **– खर**
- बालापनमा सोझै हुन्छ, ठूलो भएपछि बाङ्गो,
  सानो छँदा लुगा लाउने ठूलो भएपछि नाङ्गो । के हो ? **– बाँस**
- बालापनमा हरियो, बूढो हुँदा पहेँलो । के हो ? **– धान**
- बाली न बिरुवा नौ मुरी तोरी । के हो ? **– तारा**
- बालो हाली पिठिममा, कुटकुट लाठी । के हो ? **– ढिकी**
- बास बस्छ घना वनमा, खान्छ रातो पानी,
  मानिसले देखे भने जान्छ जिन्दगानी । के हो ? **– जुम्रा**
- बाहिर काँडा भित्र गोला, त्यो खान पाए कति मीठो होला । के हो ?
  **– कटहर**
- बाहिर काँडा भित्र चाँदी, त्यसभित्र काली नानी । के हो ? **– लिची**
- बाहिर काली कोइली, भित्र तामा चोइली । के हो ? **– मुसुरो**
- बाहिर खोलैखोल, भित्र दाँतैदाँत, टुप्पो समाई हेर्दा मुठी जुँगा हात । के हो ?
  **– मकैको घोगो**
- बाहिर खस्रो, भित्र ताँती, ताँतीभित्र दाँतीदाँती । के हो ?**– मकैको घोगो**
- बाहिर खस्याङ खुस्रुङ भित्र ताँती,
  यति कथा नजान्ने बाखी बूढीको नाति । के हो ? **– मकै**
- बाहिर खोस्टो भित्र ताँती, यो कथा नजान्ने बाँदरको नाति । के हो **– मकै**
- बाहिर खोस्याङ-मस्याङ भित्र लोहोरो,
  यो कथा नजान्ने हुतीहारा छोरो । के हो ? **– मकै**
- बाहिर चाँदी भित्र फलाम । के हो ? **– कपास र बियाँ**
- बाहिर छ हाड, भित्र छ मासु, मासुभित्र एक गिलास आँसु । के हो ?
  **– नरिवल**
- बाहिर छाला भित्र बोसो, बोसोभित्र काठको ठोसो । के हो ? **– लप्सी**
- बाहिर जगल्टा भित्र हाड, हाडभित्र मासु, मासुभित्र आँसु । के हो ?
  **– नरिवल**
- बाहिर जाँदा अघाउने, भित्र आउँदा भोकाउने । के हो ? **– जुत्ता**
- बाहिर जाँदा भोकाउने, भित्र आउँदा अघाउने । के हो ? **– गाग्री**

- बाहिर झुस, भित्र टुस । के हो ? - कटुस
- बाहिर तामा, भित्र सुन । के हो ? - तोरी
- बाहिर दाँत भित्र ओठ, मकमक्याउनु परे त्यसैले ठोक । के हो ? - मुसल
- बाहिर धारो, भित्र इनार । के हो ? - करुवा
- बाहिर बाजा, भित्र नाच । के हो ? - घडी
- बाहिर-बाहिर बिफरको घाउ, भित्रको गुदी मीठो मानी खाऊ । के हो ? - भुइँकटहर/दरैं
- बाहिर बोक्रो, भित्र खोक्रो । के हो ? - भकुन्डो/फुटबल
- बाहिर बोक्रो भित्र खोक्रो गालामा छ लाली,
  त्यो गालामा थप्पड दिँदा बज्छ मीठो ताली । के हो ? - मादल
- बाहिर बोक्रो भित्र पानी, त्यसलाई खाने मीठो मानी । के हो ? - पानीपुरी/फुल्की
- बाहिर बोक्रो, भित्र बोसो, बोसोभित्र काठको ठोसो । के हो ? - लप्सी/लिची/तिँउ
- बाहिर भने छ्याकैछ्याका देख्नमा बिफर,
  काटी हेर्दा भित्रचाहिँ खाऊँ-खाऊँ रहर । के हो ? - भुइँकटहर
- बाहिर भने हाडैहाड, भित्र हेर्दा मासु । के हो ? - कछुवा
- बाहिर सिसा भित्र सुन, खिटिक्क थिच्दा ठ्याक्कै जून । के हो ? - बिजुलीबत्ती
- बाहिर सुन, भित्र चाँदी । के हो ? - केरा
- बाहिर सुन भित्र चाँदी । के हो ? - धान
- बाहिर सुन भित्र चाँदी, त्यसभन्दा भित्र रसिलो गिदी । के हो ? - निबुवा/ज्यामिर
- बाहिर सुन भित्र फलाम । के हो ? - रिठ्ठो
- बाहिर सुन भित्र फलाम, फलाम फोर्दा आउँछ चाँदी । के हो ? - रिठ्ठो
- बाहिर सुन भित्र फलाम, लुगा धुन दिन्छ काम । के हो ? - रिठ्ठो
- बाहिर सोला भित्र गोला, त्यो खान पाए कस्तो होला । के हो ? - रुखकटहर
- बाहिर स्याउला, भित्र चाँदीको कसौंडी । के हो ? - काउली
- बाहिर हाड भित्र चन्द्रमा । के हो ? - लालटिन

- बाहिर हाडैहाड, भित्र भने मासु। के हो? – कछुवा
- बाहिर हेरे सुनजस्तो, भित्र हेरे चाँदी,
  सुनभन्दा महँगो छ किन होला चाँदी। के हो? – धान र चामल
- बिना पाउको आकाश गयो, बिना थुनकी गाई,
  बिना हातको दुहुन बस्यो, बिना मुन्टो च्याई। के हो?
  – बादल, वर्षा, पृथ्वी, गँगटो
- बिनारूखको फल फल्ने, टिपेर लिए आफैं गल्ने। के हो? – असिना
- बिहानै उठेर खोपामा हात हाल्ने। के हो? – लुगा लगाएको
- बिहान उठेर फोहोर फाल्छ दिनभरि सुतेर टार्छ। के हो? – कुचो
- बिहान उठेर मुसाका दुलामा हात हाल्ने। के हो? – लुगा लगाएको
- बिहान चारखुट्टे, दिउँसो दुईखुट्टे र बेलुकी तीनखुट्टे। के हो? – मानिस
- बिहानै उठी छोरीलाई ढोग्ने। के हो? – गाग्रो र लोटा
- बिहानै उठी दुई हातले उचाली आरी घोप्ट्याएको। के हो? – टोपी लगाएको
- बिहानै उठी फोहर फाल्छ, अघिपछि सुतेर टार्छ। के हो? – कुचो
- बिहानै उठेर ढुङ्गामा/खोपामा हात। के हो? – लुगा लगाएको
- बीउ खोज्दा नपाइने, स्वादका निम्ति चाहिने। के हो? – नुन
- बीस तले घरमा बस्न नहुने। के हो? – बाँस
- बीस टाउका काटिन्छन्, न छाला झर्छ, न दुख्छ न त रगत आउँछ।
  के हो? – हातखुट्टाका नङ
- बीसवटाका टाउका काटिए, रगत पनि आएन,
  मर्दा पनि मरेन, कुनै न बात पनि लागेन। के हो? – नङ
- बुईमा चढ्ने सुई, कतै तीन कतै दुई। के हो? – घडी
- बुढाबाको लन्ठन, समाइदिन भन्छन्, कालो हाल्छन्, सेतो भिक्छन्,
  काम सकिएपछि झुम्राले पुच्छन्। के हो? – जाँतोमा कोदो पिसेको
- बुढेसकालमा छोरो पायो, बिरालाले खायो,
  थुक्क मट्याङ गाँठे बूढा, दुखमात्रै पयो। के हो? – केरा
- बुलाकी समाई घन्काउने काम, लौ भन नानी मेरो नाम। के हो?
  – घन्टा
- बूढाबूढी कता गए, कालथरी गाडेको तीन दिन भए। के हो?
  – गुन्दुक हालेको
- बूढाबूढी दुवैको साझा पटुका। के हो? – आग्लो

- बूढो मर्‍यो, लिंड छोड्यो, मानिसले गोड्यो, पकायो खायो। के हो ?
  - पिँडालु
- बूढो हुँदै गएपछि गर्छन् अझै माया,
  गाफमाथि राखी हेर्छन् संसारको छायाँ। के हो ? - चस्मा
- बेउला न बेउली घरभरि बिहे। के हो ? - भ्यागुता कराएको
- बेउला न बेउली घरभरि जन्ती। के हो ? - कमिलाको ताँती
- बेथासेथा था' छैन, उचालिने र पछारिने गर्छ। के हो ? - ढिकी
- बेलुकीपख खस्रो भाले बास्छ। के हो ? - भ्यागुतो
- बेसीमा कुलो लेकमा खेत, कतातिर टुप्पो कतातिर फेद। के हो ? - इन्द्रेनी
- बैठक कोठा ढुक्क रुँग्छ, मान्छे बसे लिपिक्क हुन्छ। के हो ? - सोफा
- बोकाको मुत्नी, दुईवटा हातले थुत्नी। के हो ? - मूला उखेलेको
- बोकेको मेरो भाइ हो, यसको बाउ मेरो पोइ हो। के हो ? - पुसाजु
- बोको/भैंसी भने बसिरहने, दाम्लो चर्न जाने। के हो ? - फर्सी र लहरा
- बोट चारतिर फल झर्ने एकैतिर। के हो ? - गाईभैंसीको थुन र दूध
- बोटमा फल पाक्यो देख्ने भाइ गएन, अर्को भाइ गयो, उसले टिपेन,
  जुन भाइले टिप्यो, त्यसले खाएन, अर्कै भाइले खायो। के हो ?
  - आँखा, खुट्टा, हात र मुख
- बोटमा फल्ने रतिया नानी, आँखामा राखे पनि नबिझाउने बानी।
  के हो ? - रातीगेडी
- बोराभित्र थैली, थैलीभित्र सुपारी। के हो ? - कटहर
- बोलाई-बोलाई ल्याउने, कोच्याई-कोच्याई खुवाउने,
  पञ्चमीका भोलिपल्ट रुवाउँदै पठाउने। के हो ? - तीजकी चेली
- बोलाउँदा बोल्दैन आफूमात्र बोल्छ,
  बोल्दै जाँदा मानिसका गुह्य कुरा खोल्छ। के हो ? - रेडियो
- बोल्छ मान्छे होइन, गीत गाउँछ कोइली होइन,
  बाजा बजाउँछ दमाई पनि होइन। के हो ? - रेडियो
- ब्यौला न ब्यौली, घरभरि जन्ती। के हो ? - कमिलाको ताँती

# भ

- भए खान दिन्थिनँ, छैन कति खाने हो खा। के हो? – लिँडे वस्तु र डाँस
- भए दिने थिइन, छैन खा र जा। के हो? – लिँडे जनावर
- भए दिन्नथेँ, छैन खाएर जा। के हो? – लिँडे जनावर
- भकारीभरि जून लागेको। के हो? – दहीको ठेकी
- भन्छे ओठे माइली, सबैभन्दा मै राम्री। के हो? – घिरम्लाको चाना
- भन्दाखेरि छ मात्रै गन्न लागे सात,
  पढ्दा-लेख्दा काम लाग्ने के हो त्यसको जात? के हो? – 'छ' अक्षर
- भन्दा छ गन्दा सात। के हो? – 'छ' अक्षर
- भन्न-भन्न भुनभुनाउँदै, पाताल छोडी आकाश धाउँदै। के हो?– मौरी उडेको
- भन्नलाई भन्छ छ-छ पैसा, तर पैसा होइन। के हो? – रेल
- भाँडो पाक्छ, चामल पाक्दैन। के हो? – अम्बा/बेलौँती
- भाँडो फुट्यो, जात छुट्यो। के हो? – फुल/अन्डा
- भाइ बोल्छ, दाइ बोल्दैन। के हो? – घन्टाघर र धरहरा
- भाङ्गोजत्रो मुख छ, पिँधमा टोपी छ, जीउभरि आँखा, छैनन् खुट्टी। के हो? – डोको
- भाटा-पगरी जीउमा टम्म, बस्दा हुन्छ पिँध ह्वाङ्ग। के हो?– मुढा
- भात पाक्यो ताउलीमा, दाल पाक्यो बिटमा। के हो?– खेत र आली
- भित्तामा बस्छु टुलुटुलु हेर्छु, महिना दिनपछि चोली फेर्छु। के हो? – भित्तेपात्रो
- भित्र इनार, बाहिर धारो। के हो? – करुवा
- भित्र इनार बाहिर धारो, यो कथा जान्न सारै गारो। के हो?– करुवा
- भित्र कचपच, बाहिर छाला, यो कथा नजान्ने बाँदरको साला। के हो? – खनिउँ
- भित्र खसी, बाहिर दाम्लो। के हो? – तरुल/सखरखन्ड
- भित्र खोक्रो पनि छैन, बाहिर बोक्रो पनि छैन। के हो? – कसार ढुङ्गो

- भित्र खोक्रो, बाहिर बोक्रो । के हो ? - मादल
- भित्र घन्टी बाहिर दौड, गर्छ समयको ठिक्क गौड । के हो ? - घडी
- भित्र चाँदी, बाहिर सुन, तलतिर कल्चौंडो मास्तिर थुन । के हो ? - केरा
- भित्र छय्यो, भित्रै उम्रेया, टाउकामा चढी गाउँ चाहाच्यो । के हो ? - जमरा
- भित्र छय्यो भित्रै उम्य्यो, आशिष पाई कानमा सिउच्यो । के हो ? - जमारा
- भित्रतिर टन्न राम्रो बाना, फोरी खाँदा रसिलो दाना । के हो ? - अनार
- भित्र पानी छ पोखरी होइन, तीन आँखा छन् महादेव होइन,
  माथि झुन्डिन्छ चमेरो होइन । के हो ? - नरिवल
- भित्र-बाहिर लुते करङ बीचमा छ छाला,
  पानी पर्दा-असिना झर्दा यसले काम देला । के हो ? - घुम/स्याखु
- भित्र-बाहिर हाड, बीचमा छाला । के हो ? - छत्री
- भित्र हावा बाहिर छाला, बुटजुत्ताको बात खाला । के हो ? - भकुन्डो
- भित्र हेर्दा इनार, बाहिर हेर्दा धारो,
  त्यसको नाम जान्नलाई छैन त्यति गारो । के हो ? - करुवा
- भिराला दुई पाखा, एक पाखामा प्याँलो फूल फुलेको । के हो ? - फुली
- भुँडे गोरुको एउटा सिङ । के हो ? - जाँतो/फर्सी
- भुँडे गोरुको एउटै सिङ, सबैलाई चल्छ तिहुन । के हो ? - फर्सी
- भुँडे बहरको एउटै सिङ । के हो ? - गैंडा
- भुँ-भुँ गर्छ, भमरा होइन; काँधमा जनै बाहुन होइन । के हो ? - चर्खा/कतुवा
- भुँभुँ गर्छ, भमरा होइन; चार खुट्टाले टेक्छ, जनावर होइन । के हो ? - स्टोभ
- भुँभुँ गर्छ, भमरो होइन; चार मुख छन्, ब्रह्मा होइन;
  कानमा जनै छ, बाहुन होइन । के हो ? - चर्खा
- भुँभुँ गर्छ, भमरा होइन; सिनु खान्छ, गिद्ध होइन; सुँड छ, हात्ती होइन ।
  के हो ? - भिँगा
- भुइँको डोली थिचेर खोली, भित्र हेर्दा दुई-तीन गोली । के हो ? - बदाम
- भुटिसकेर पनि पोलेर खाने । के हो ? - तमाखु
- भैंसी किलोमा बाँधिएको दाम्लो चर्न जान्छ । के हो ? - फर्सी र लहरा
- भैंसी पाल्दे, घाँस काटेर हाल्दे, दूध तँ खा, घिउ मलाई दे । के हो ? - चिउरी
- भैंसी बसिरहन्छ, दाम्लो चर्न जान्छ । के हो ? - फर्सी र लहरा

# म

- म तिम्रा लागि मरिसकें, तिमी मेरा लागि नमर, यदि तिमी मेरा लागि मऱ्यौ भने, तिम्रा लागि बाहिर कोही पर्खिरहेको हुनेछ। के हो ?
  **– बल्छीमा अल्झाइएको गड्यौंला र माछा**
- मन्दिरजस्तो छ, मन्दिर होइन; चार मुख छ, देवता होइन; बोल्छ, मान्छे होइन। के हो ? **– घन्टाघर**
- मन्दिर, तस्विर, घाँटी, लास-जताजतै सजाइने, एक-एक गरी बनाइने। के हो ? **– माला**
- मरे पाल्नू, बाँचे काट्नू। के हो ? **– सुत्केरीलाई भनी ल्याएको खसी**
- मरेको गोरुको लादी मीठो। के हो ? **– कटहर**
- मरेको गोरु/भैंसी गाउँबेसी गर्छ। के हो ? **– हल्लुँडो/नारा**
- मरेको गोरु गाउँसहर घुम्छ/डुल्छ। के हो ? **– जुत्ता**
- मरेको गोरु डुकदै हिंड्छ। के हो ? **– दमाहा**
- मरेको गोरु रूख चढ्छ। के हो ? **– हल्लुँडो**
- मरेको गोरु शुभ कार्यमा डुकिन्छ। के हो ? **– दमाहा बजाएको**
- मरेको गोरु सास फेर्छ। के हो ? **– खलाँती**
- मरेको पनि होइन, बाँचेको पनि होइन। के हो ? **– फुल**
- मरेको सिनो गाउँबेसी गर्छ। के हो ? **– हल्लुँडो/नारा**
- मरे पाल्नू, बाँचे काट्नू। के हो ? **– सुत्केरीलाई भनी ल्याएको खसी**
- मलाई काटे दुख्छ, तँलाई काटे दुख्तैन। के हो ? **– मासु र नङ**
- मलाई काट्छन्, मै मर्छु, तँ केलाई रुन्छस् ? **– प्याज**
- मलाई भयो खरो, थन्क्या बूढी धरो। के हो ? **– लुगा सिएको**
- मसिनु बोटको टुप्पामा माछाको जस्तो कल्ला, कलिलो छँदै पकाई खाए गुनिलो चिज होला। के हो ? **– च्याउ**
- महिनामा आउँछ, दिनमा पनि आउँछ, वर्षमा चाँहि आउँदैन। के हो ?
  **– 'न' अक्षर**

- म हुँ एकखुट्टे केही नखाई जान्छु,
  बूढा, लुला-लङ्गडालाई सक्तो आड दिन्छु । के हो ? – **लौरो**
- माउले हाड पायो, हाडले नानी; हाडभित्र हेर्दा दुईथरी पानी । के हो ?
  – **अन्डा**
- माउको काल, बच्चाको साथी, निस्केपछि ख्याडमाथि । के हो ? – **अम्रो**
- माग्नेको पुच्छर छैन, देख्नेको खुट्टा छैन,
  कहाँ पुग्यो हेर्नेको आँखा छैन । के हो ? – **भ्यागुतो, सर्प र गँड्यौलो**
- माझको टारी, उत्तानो पारी, दुई घुँडा मारी,
  ख्यासख्यास पारी, दुई थोपा झारी । के हो ? – **चन्दन घोटेको**
- माझ मझेरी उत्तानो पारी, दुई घुँडा मारी, ल्यासल्यास पारी । के हो ?
  – **मसला पिसेको**
- माझ मझेरी उत्तानो पारी, दुई घुँडा मारी, ख्याँसख्याँस पारी । के हो ?
  – **मसला पिसेको**
- माझ सागरमा कुलेसो । के हो ? – **केराको पात**
- माटाको जीउ मेरो पेटमा छ लालगेडी,
  चिसो हुँदा तताउँछु सबै काम छाडी । के हो ? – **मकल**
- माटामुनिका पेटे देउता, हातमा लियो यौटा, खान लाग्यो दुई-तीनोटा ।
  के हो ? – **बदाम**
- पमाटामुनिको पुड्के गोरु । के हो ? – **मुसो**
- माटामुनि बास मेरो हिँउजस्तो रूप,
  केटाकेटी धेरै छन् काम लाग्छु खुप । के हो ? – **लसुनको पोटी**
- माटोमुनि महको ठेकी । के हो ? – **खनिउँ**
- माटाले दिन्छ ढुङ्गाको काम, बताऊ तिमी त्यसको नाम । के हो ? – **इँट**
- माटोबाट बन्छ, ढुङ्गाको काम दिन्छ । के हो ? – **इँट**
- माटोमुनि बस्छ गाँठो हिउँजस्तो रूप,
  जति सन्तान भए पनि काम दिन्छ खुप । के हो ? – **लसुनको पोटी**
- माथि टार, टारमुनि डाँडो, डाँडामुनि ओडार । के हो ?
  – **निधार, नाक र मुख**
- माथितिर कान तलतिर तान, तानमा ठक्कर दिँदा मीठो हुन्छ गान ।
  के हो ? – **सारङ्गी**
- माथि टाँगो, तल छाँगो । के हो ? – **पुल**

- माथि टुलटुल, तल स्याक्स्याक् । के हो ? – आँखा र नाक
- माथि धरधर, तल मेरो घर, त्यो भत्केर मलाई केको डर । के हो ?
– कर्कलो
- माथि धुलीमाटी खेली, तल फुल पार्ने । के हो ? – चर्खा
- माथिबाट आए सिँगाने राजा, तलबाट आए पाँच पाण्डव,
दुई भाइले लतारे र भुइँमा पछारे । के हो ? – सिँगान फालेको
- माथिबाट चढ्ने, लात्ताले हान्ने, कान समात्ने, लखेट्ने । के हो ?
– मोटर साइकल
- माथिबाट सिँगारे झर्‍यो, हस्तेले पछार्‍यो । के हो ? – सिँगान पुछेको
- माथि हलो चलाउने, तल उस्तै बनाउने । के हो ? – कार्बनपेपर
- मानिस बोकी लहरालाई समाउँदै कुद्ने
टहरो होइन, छहरो होइन, के हो सबले बुझ्ने । के हो ? – ट्रलिबस
- मानिसभन्दा सधैं एक पाइला अघि हिँड्ने । के हो ? – लौरो
- मान्छेका तीन तरकारी, उडन्ती, बुडन्ती, चुँडन्ती । के हो ?
– चरा, माछा र साग
- मान्छे खान्छ, मान्छे बाक्छ, एक ठाउँ बस्दैन, हिँड्याहिँड्यै गर्छ ।
के हो ? – बस
- मान्छे चढ्छ घोडा होइन, भारी बोक्छ गधा होइन,
खुट्टाले चलाउँछन् रिक्सा होइन । के हो ? – साइकल
- मान्छे छ यहाँ, हंस पोखरा । के हो ? – मन
- मामा आऊँ कि भन्छन्, भानिज नआऊ भन्छन् । के हो ? – बाँस र केरा
- मामा भन्छन् जीउजीउ भानिज भन्छन् नाई । के हो ? – बाँस र केरा
- माया गरे चुपचाप एकै ठाउँ बस्छ, लात्ती हाने खुरूखुरु हिँड्छ ।
के हो ? – साइकल
- मारेर झुन्ड्याउँदा बलियो हुने, घाँटी छोई म्वाई खाने । के हो ? – हल्लुँडो
- माल किन्नुपर्दा म सँगै जान्छु, आफू आउन्न माल पठाइदिन्छु । के हो ?
– रुपियाँ
- मास, कपास, गुराँस, मधुकाँकरी, सबै जातको एउटै थाँकरी । के हो ?
– सिमल
- मास, गुराँस, कपास, काँको, सबै थोकको एउटै थाँको । के हो ?
– सिमल

- मास्तिर जाँदा हात हल्लाउँदै गयो, तलतिर आउँदा एक्लै आयो। के हो ? - डोरी बाटेको
- मास्तिर झप्प, तलतिर टन्न। के हो ? - मूला
- मीठो खानेकुरा हुन्छ उसको खोरीभित्र, खानेकुरा खान जाने अकालैमा मर्छ। के हो ? - मुसाको खोर
- मीठो छ टोक्नु हुन्न, बाँझै भने काट्न हुन्न। के हो ? - अत्तर/बास्ना
- मुख नभएको खल्तीमा पैसाभरि। के हो ? - खुर्सानी
- मुखबाट जन्माउने मुखबाटै हुर्काउने। के हो ? - भुइँकटहर
- मुखबाट सुर्क्याउने, नाइटोबाट तुर्क्याउने। के हो ? - किल्ली
- मुख भरी, पेट रित्तै। के हो ? - शङ्ख
- मुखले निल्ने मुखैले ओकल्ने, काम गर्छ त्यसले दुनियाँ भुल्ने। के हो ? - कलम
- मुख लामो पुच्छर छोटो, म्वाइँ खाए रुन्छ को हो त्यो। के हो ? - सनई
- मुङ्ग्रो हल्लिँदा ढुङ्ग्रो चल्ने । के हो ? - लङ्गुर घडी
- मुन्टो पकाई खाए हुन्छ, छोयो कि त पोलिदिन्छ। के हो ? - सिस्नो
- मुन्टो फालेर ज्यान खाने। के हो ? - ल्वाङ
- मुठीमा अटाउने ढोकामा नअटाउने। के हो ? - छाता
- मुसीकोटे पाहुना, कोचीकोची ख्वाउना, घोचीघोची पठाउना। के हो ? - कोल
- मूल एक धारा चार। के हो ? - थुन र दूध
- मूलाका चाना, मोतीका बाना, यो घर नभए अरूकहाँ जाना। के हो ? - रुपियाँ
- मेरी घरकी एउटी सानी, खान्न-पिउन्न भातपानी, बोल्छे-गाउँछे दिनभर नानी। के हो ? - रेडियो
- मेरो देश यही घरभित्र। के हो ? - मानचित्र
- मेरो भैंसी पाल्दिएस्, दूध फाल्दिएस्, दही खाएस्, घिउ सँगाल्दिएस्। के हो ? - चिउरी
- मेरो भैंसी पाल्दे, दूधजति फाल्दे, दहीजति तँ खा, घिउजति मलाई दे। के हो ? - चिउरी
- मेरो मान, मेरो सान चिन्नेहरू चिन्छन्, कतिले त विनामागे छोरी पनि दिन्छन्। के हो ? - बेल

- मै काटिन्छु, मै मर्छु, तं किन रुन्छस् । के हो ? - प्याज
- मै खस्छु, मै उड्छु, तँलाई केको स्युस्यु । के हो ? - हिउँ
- मैदानभरि कनिका छरिएको । के हो ? - तारा
- मैलाई चुस्छन्, मैलाई थुक्छन् । के हो ? - उखु
- मैले हेरे उसले हेर्छ जे जे गर्‍यो त्यही गर्छ । के हो ? - ऐना
- मै सुन्दर, मै राम्रो, मै आउँदा ठुस्सिने । के हो ? - हिउँ
- मोहरेको ट्याम्को एकै ठाउँमा जम्मा । के हो ? - पटुका
- म्याउँ-म्याउँ गर्छ, बिरालो होइन;
  दुई खुट्टा छन्, मानिस होइन;
  सर्प खान्छ, गरुड होइन । के हो ? - मुजुर

# य

- यताबाट आऊ उतावाट आऊ, दाँतले दार केही खाऊ। के हो? - **आरा**
- यताबाट ल्यायो उतावाट ल्यायो, आफ्नै मुखमा पसायो,
  न हलचल न चहलपहल धुलो बनायो। के हो? - **अगेनाको खरानी**
- यता मुख उता कान, उता मुख यता कान,
  देख्नुसुन्नु केही छैन दुवैतिर भनाभन। के हो? - **टेलिफोन**
- यता मुख उता कान, उता मुख यता कान,
  देख्नु-सुन्नु होस्-नहोस् दुवैतिरबाट भनाभन। के हो? - **टेलिफोनमा कुरा**
- यता वन उता वन, बीचमा एउटा बाटो। के हो? - **सिउँदो**
- यसै पनि पेट ढाडिएको हुन्छ, त्यसमाथि थिचिदिँदा मन सारै रुन्छ। के हो? - **सिरानी**
- यसैले सुखी यसैले दुखी, यो भने हिँड्छ आफूखुसी। के हो? - **धन**
- यहाँ करायो, नेपाल पुग्यो स्वर। के हो? - **स्याल-हुइँया/स्याल कराएको**
- यहाँ छन् बनियाँ बजार छैन, त्यो खोजे पइँदैन, पाए चाहिँदैन। के हो? - **कुहिरो**
- यहाँ छन् वरपीपल, काशी गए जरा। के हो? - **बाटो**
- यही मेरो ढिकीजाँतो, यही मेरो कोल, हेर्ने भए मेरो काम ओठे पर्दा खोल। के हो? - **दाँत**
- यही मरो ढिकी यही मेरो कोल, यही मेरो जाँतो सिपीको खोल। के हो? - **दाँत**
- यही लैजा यही काट र बेच,
  अनि नुन किनेर यसैलाई बोकाएर ले। के हो? - **भेडा र ऊन**
- यो मेरो टेक्ने, यो मेरो छेक्ने, परिआएको बेलामा पुर्पुरो सेक्ने। के हो? - **लौरो**

□

# र

- रङ्गीबिरङ्गी छ फूल होइन, सिङ छ चौपाया होइन। के हो? – पुतली
- रन्किन पाए जे पनि खान्छ, पानी खुवाए भुतुक्कै हुन्छ। के हो?– आगो
- राखेको छु खोविल्टामा फलामको सियो,
  बखतैमा चलाउनेले गर्छ खाएजियो। के हो? – हलो
- राजाकी छोरीको दयावन्ती नाउँ, शिर चढाई माइत जाऊँ। के हो? – कलश
- राजाको गाई उफ्रने, सिङ समाएपछि डुक्ने। के हो? – जाँतो
- राजा न साजाकी रानी, रैतीका बीचमा बस्नी। के हो – रानीमौरी
- राजा बाजा टुप्पोमा झुन्डिन्छ, बजाऊँ भने आफैंमाथि खनिन्छ। के हो? – अरिङ्गाल
- रातदिन हिँडेको हिँड्दैं। के हो? – खोलो
- रातभर उठ्ने, दिनभर सुत्ने। के हो? – दाम्लो
- रातभरि उड्ने, दिनभरि सुत्ने। के हो? – चमेरो
- रातभरि करायो, दक्षिणा हरायो। के हो? – घुरेको
- रातभरि देखिन्छ, दिनभरि देखिन्न, टिपूँ-टिपूँ भन्यो टिप्न सकिन्न। के हो? – तारा
- रातभरि पानीमा बस्छ, दिनभरि घाम ताप्छ। के हो? – गुइँठा
- रातभरि पोखरीमा बस्छ, उज्यालो भएपछि डाँडाकाँडा चढ्छ। के हो? – पोतेको/पोतो
- रातभरि मार्छु, बिहान उठ्दा जिउँदै। के हो? – निद्रा
- रातभरि हिँड्यो, बाटो चार हात मात्र। के हो? – दाइँका गोरु
- रातमा टिमटिम बत्ती झल्काउँछ जूनकिरी होइन, उड्छ चरा पनि होइन, तीन चक्का छन्, टेम्पु पनि होइन, मान्छे बोक्छ घोडा होइन। के हो? – हवाइजहाज

- राता छन्, खुर्सानी होइन; चार हात छन्, विष्णु होइन; उड्छ, गरुड पनि होइन। के हो ? - सलह
- राति उठ्ने, दिउँसो सुत्ने। के हो ? - बत्ती
- रात-रात कराउने बानी, घरमा उसको पानी-पानी। के हो ?- भ्यागुतो
- राति राति गाउने बानी, घरमा उसको पानी पानी। के हो ? - भ्यागुतो
- राति हुल्ने, बिहान झिक्ने। के हो ? - छेस्किनी/आग्लो
- राती गाई आई, जे भेटायो सो खाई। के हो ? - डढेलो
- राती गाईको हरियो पुच्छर। के हो ? - गाजर
- राती गाई लिन जाँदा कोप्री गाईले हानी। के हो ? - बयर
- राती गाई पानी खाएर आई, सेती गाई पानी खान गई। के हो ? - सेल पकाएको
- राती गाई पानी खान्थी, पानी खाँदा मरिजान्थी। के हो ? - आगो
- राती गाई खर खान्छ, पानी खाए भुतुक्कै हुन्छ। के हो ? - आगो
- राती गाई टिप्न जाँदा कोप्री गाईले हान्यो। के हो ? - बयर टिपेको
- राती गेडी टिप्न जाँदा घोप्टी गाईले हानी। के हो ? - ऍसेलु टिपेको
- राती नानीको कालो टिकी। के हो ? - रातीगेडी
- राती नानीले कालो टिकी ला'की। के हो ? - रत्ति/रातीगेडी
- रातो गोरु दाउँदा कालो हुन्छ। के हो ? - हाँडी
- रातो गुदी, हरियो छाला, घाममा खाँदा सितलो होला। के हो ?- खरबुजो
- रातो घोडामाथि सेतो घोडा। के हो ?- तल रातो र माथि सेतोले पोतेको घर
- रातो धुलो, काम गर्छ ठूलो। के हो ? - सिन्दुर
- रातो छ, खुर्सानी होइन; चार हात छन्, विष्णु होइन; उड्छ गरुड हो इन। के हो ? - सलह
- रातो छ धुलो, काम गर्छ ठूलो। के हो ? - सिन्दुर वा अबिर
- रातो डाँकी, सेतो चँवर, हुइँमाथि बस्यो च्यान्टे कँवर। के हो ? - फापर
- रातो डोला, सेता जन्ती। के हो ? - गिजा र दाँत
- रातो डोली सेतो चँवर, त्यहाँमाथि बस्ने धनपति कुवँर। के हो ?- फापर
- रातो तान स्वार्, आवाज आउँछ घ्वार्। के हो ? - गाईभैंसी दुहेको
- रातो थैलीभरि पैसैपैसा। के हो ? - खुर्सानी
- रातो नली फलामे फली, यो कथा नजान्ने मेरो हली। के हो ? - फापर
- रातो बहर दाउँदादाउँदै कालो भयो। के हो ? - हाँडी/खोत्या

- रातो सिउर छ कुखुरो होइन, गलामा कण्ठी छ मुजुर होइन,
  लामो पुच्छर छ बाँदर होइन, चार खुट्टा छन् जनावर होइन। के हो?
  - छेपारो
- रानीवनमा काल्दाइ-काल्दाइ। के हो? - रुख काटेको/वनमा दाउरा काटेको
- रानीवनमा चिउरा पोखिएको। के हो? - मियालको फूल
- रानीवनमा जन्मेथें, लिन मलाई गएथे, सितारले भरेथे,
  तले घरमा राखेथे, अहिले मलाई जुठेल्नाको बास। के हो?
  - खाएर फालेको टपरी
- रानीवनमा दहीको ठेकी झुन्ड्याएको। के हो? - भक्याम्लो
- रामजीको चम्री गाई, जत्ति दुह्यो उत्ति आई। के हो? - सिँगान
- रामु तल श्यामु माथि, श्यामु तल रामु माथि,
  यो खेल खेल्न नजान्नेलाई भने हुन्छ लाटालाटी। के हो?
  - ढिकीच्याउँ
- रालो तान्दा स्वार्र, आबाज आउने घ्वार्र। के हो? - दूध दुहेको
- रिउँ रिउँ चरीका दूधका आँसु। के हो? - कोइरालो
- रिङ रिङ ताउलीमा रन पऱ्यो घाउ,
  मेरो कथा नजान्नेले माखा छोपी खाऊ। के हो? - टपरी खुटेको
- रिङ्गे-रिङ्गे पटरिङ्गे, एउटा गोरु सोह्रसिङ्गे। के हो? - चर्खा
- रुँदै-हाँस्दै र गम्कँदै जाने। के हो? - बाढी
- रुख काटेको बार वर्ष भयो, पात जस्ताको तस्तै। के हो? - मुजुरको प्याँख
- रुख ढल्यो उहिले, पात हरियै छ अहिले। के हो? - मुजुरको प्याँख
- रूखको फेदैमा महको ठेकी। के हो? - खनिउँ
- रुख चिल्लो, फल मीठो। के हो? - केरा
- रूखभरि बस्छ, तर्ल्याङतुर्लुङ झुन्डिएको हुन्छ,
  फल हो कि भनूँ भने बच्चा जन्मिदिन्छ। के हो? - चमेरो
- रूखमा तर्ल्याङतुर्लुङ फलफूल होइन; बच्चा जन्माउँछ, चौपाया होइन;
  रातमा डुल्छ, लाटोकोसेरो होइन। के हो? - चमेरो
- रूखमाथि फल, फलमाथि रूख। के हो? - भुइँकटहर/दरैं
- रूखमा बस्छ, चरो होइन; जटा छ, जोगी होइन। के हो? - नरिवल
- रूखमा हुर्कने खसे भ्यागुताको मुटु-कलेजो मीठो। के हो? - सलिफा
- रूप एउटै भिन्नाभिन्नै काम, उही गाउँमा भिन्नाभिन्नै नाम। के हो? - रौं

- रूप मेरो गोलो-गोलो सबैको छु प्यारो,
  कुदन भने सजिलो छ, लात खान गारो। के हो? – भकुन्डो
- रूप मेरो बट्टाजस्तो झिक्छु, सधैं अक्कल,
  अक्कलबाटे सक्कलको गछु, उस्तै नस्कल। के हो? – क्यामरा
- रूप सानै भए पनि गर्छन् ठूला काम,
  मूर्ख पनि विद्वान् हुन्छन् जप्ता यिनका नाम। के हो?
  – पुस्तक/पत्रिका
- रूप हेर्दै बेग्लै लाग्छ, काम हेर्दै उस्तै,
  मानिससँग दाँज्दा भने जोईपोइ जस्तै। के हो? – डाडुपनिउँ
- रेसमी थैलीमा स्याउँस्याउँ चल्ला तीन सय साठी। के हो? – माकुरो
- रैयाँ त रैयाँ पटरैयाँ, एक मुठी खरले घर छैयाँ। के हो? – दियो
- रौं छ, कपाल होइन; पानी छ, पोखरी होइन; बुटाँ बस्छ, चरो होइन।
  के हो? – नरिवल

□

# ल

- लगाउँछ कुचो, चम्काउँछ चुच्चो । के हो ? - ब्रुस
- लगाउँदा इज्जत, खाँदा बेइज्जत । के हो ? - जुत्ता
- लचकलचक तान, दसवटा खुट्टा चारवटा कान । के हो ?- गोरु जोतेको
- लड्यएर सुत्छे सँगै, उठ्ता छैन भाग्छे कतै । के हो ? - निद्रा
- लपकने बाखाका झपकने कान,
  लौलौ बूढी बल गरेर तान् । के हो ? - मूला उखेलेको
- लबरको नली फतक्क गली
  यति पनि नजान्ने मुसाको हली । के हो ? - कर्कलो
- लमकने बाखाको झपकने कान, लौलौ बूढा बल गरी तान । के हो ?
  - मूला उखेलेको
- लहरे आमा, पहरे बाबु, फुलन्ते दिदी, भकुन्डे भाइ । के हो ?- फर्सी
- लहरे आमा, फूलमती दिदी, भकुन्डे भाइ । के हो ? - फर्सी
- लहरे कीला एउटा बार, लेकको झाडीबाट भेडाबाखा बेसीमा झार ।
  के हो ? - काइँयो
- लहरे नली, झलल्ल बली । के हो ? - बिजुली
- लहरे नानी, झलझलती बल्दी । के हो ? - बिजुलीबत्ती
- लहरे बाबुको घनटाउके छोरो । के हो ? - फर्सी
- लहरो तान्दा पहरो घर्किने । के हो ? - मही पारेको
- लाउँदा इज्जत, खाँदा बेइज्जत । के हो ? - जुत्ता
- लाउनेले देख्दैन, देख्नेले लाउँदैन । के हो ? - कात्रो
- लाखौं छोरा काम न काजका, एक छोराले सब काम गर्ने । के हो ?
  - तारा र चन्द्रमा
- लाने भए लैजा, नत्र आँखा फर्काएर मर्छु । के हो ? - टिमुर
- लामपाते नानीका दुईतिर दारा । के हो ? - केतुकीको पात
- लामा-लामा खुट्टा मेरा, उडी टोक्ने बानी,
  रोग सारी मानिसलाई पुऱ्याउँछु हानि । के हो ? - लामखुट्टे

- लामा-लामा झुत्तामा ठेकीभरि दही । के हो ? – भक्यामलो
- लामो डाँडामा दुईवटा सुरुङ्ग । के हो ? – नाकका प्वाल
- लामो नली, फत्रक्कै गली, तेरो बाउ मेरो हली । के हो ? – कर्कलो
- लामा पानि धेरै छैन, छैन धेरै मोटो,
  कालीलाई म्वाइँ खाँदा हुँदै जान्छ छोटो । के हो ? – पाटी र चक
- लामो बाटो, सानो गाउँ, तेरो थाप्लामा आगो लाऊँ । के हो ?
  – हुक्का, नली र चिलिम
- लामो लहराको मीठो फल । के हो ? – माछा
- लामो लहरामा उज्यालो छर्ने फल, त्यो फल खान कसैको पुग्दैन बल
  के हो ? – चिम
- लामो लहरामा फल्ने मीठो फल, खाँदा मुखैभरि हुन्छ जलैजल ।
  के हो ? – अङ्गुर
- लामो-लामो पुच्छर छ नाच्छु आकाशभरि
  पुच्छर राखी हातमा नाच्छु वरिपरि । के हो ? – चङ्गा
- लाल छडी मैदान गडी । के हो ? – गाजर
- लावालस्कर लिई गयो, सबैलाई खुवायो;
  आफूले भने केही खाएन, घरै फर्की आयो । के हो ? – गोठालो
- लाहाको बाकसभित्र मिस्रीका डल्ला । के हो ? – कटहर
- लाहाको सन्दुकमा साँचो जोडी खोलेर हेर्दा मिस्री भरी । के हो ? – कटहर
- लि'खा भन्छन्, खानुहुन्न । के हो ? – लिखा
- लिखितिखी लिखितिखी, सियोभन्दा झन् तिखी । के हो ? – सिस्नो
- लिखे तिखे, लिखे तिखे, तँभन्दा म तिखे । के हो ? – सिस्नो
- लिन आएको म, किन आएको तँ ? छोड्दे बाटो मलाई,
  लिन जान्छु तँलाई । के हो ? – पानी लिन जाँदा परेको पानी
- लिरीबिरी लहराको चिरीबिरी पात,
  चिरीबिरी पातको के होला जात ? के हो ? – बेत
- लुगासहित जन्मे पनि बढ्दै जाँदा नाङ्गो,
  जति बढ्यो उति उसको रूप हुन्छ बाङ्गो । के हो ? – बाँस
- लुगा न फाटो, दगुर्छ लाटो । के हो ? – खोलो/नदी
- लुला खुट्टा स्याउस्याउ पात, लम्कन्छ बूढो पचास हात । के हो ?
  – बाँस

- लुलो छ लङ्गडो होइन, घोच्छ सियो होइन। के हो ? - जिब्रो
- लेकको पानी, फाँटको खेत, पाँचजना बाउसे, कोदाली एक। के हो ?
  - लेखेको
- लेकको पोखरी स्याप्प सुक्ला, त्यहाँको बकुल्लो ठहरै बित्ला। के हो ?
  - तेल निभ्रेको बत्ती
- लेक जाने बाटो न ढुङ्गो छ, न माटो। के हो ? - लिस्नो
- लेकबाट भैंसी झन्यो लबरलबर कान,
  एउटा छोरो पाएपछि खुकुरीले हान। के हो ? - केरा
- लेकबेंसी, पहाड-तराई सबैतिर हुन्छ,
  बिहान-बेलुका हलुवा पाक्छ, दिउँसो पड्किदिन्छ। के हो ? - मकै
- लेकको गाई फाँटकी बाच्छी, जति दुह्यो उत्ति आई। के हो ?
  - चन्दन घोटेको
- लेकमाथि को हो को हो, फेदमा झिमझिम। के हो ?- आँखा र परेला
- लेख जाने बाटो, न ढुङ्गो न माटो। के हो ? - भऱ्याङ/लिस्नो
- लेखिएको छ दुबैपट्टि किताब त्यो हैन,
  डुल्छ फेरि जहाँतहाँ खुट्टा भने छैन। के हो ? - सिक्का
- लोग्नेले स्वास्नीको सबै कुरा देख्छ, एउटै कुरा देख्तैन। के हो ?
  - विधवा भएको
- लौराको तौरो, तौराको झोल, झोलको खोटी, खोटीको रोटी। के हो ?
  - उखु, रस, गुड
- ल्याउनेले लाउन पाउँदैन, लाउनेले देख्नै पाउँदैन। के हो ? - कात्रो

# व

- वनकी रानी, खुन खानी। के हो ? - जुका
- वन डढ्यो, राँटो डढेन। के हो ? - बाटो
- वन-बगैंचामा डुल्छ राम्रो चरी, पानी पर्दा रमाएर नाच्छ वरिपरि। के हो ? - मुजुर
- वन-बगैंचामा बस्ने राम्री चरी, पानी पर्दा रमाउँदै नाच्छे मरीमरी। के हो ? - मुजुर
- वनभरि चिउरा पोखिएको। के हो ? - मियालको फूल
- वनमा गयो कि साइँला दाइ, साइँला दाइ। के हो ? - बन्चरो
- वनमा जन्मैं, वनमा हुर्के, वनमै मेरो बास,
  बार वर्ष जलमा डुबे अब केको आस। के हो ? - डुङ्गा
- वनमा जन्म्यो, वनमै हुर्क्यो,
  घरमा ल्याएर पाल्दा कैल्यै मोटाएन। के हो ? - ठेकी र मदानी
- वनमै जन्मैं, वनमै हुकैं, वनमै मेरो बास,
  बार वर्ष जलमा डुबैं, अब केको आस। के हो ? - डुङ्गा
- वर चाक, पर चाक, घुँडा चाप, भुइँ चाक। के हो ? - दूध दुहेको
- वरतिर परतिर चारचुच्चे, कान समाउँदा हिँड्यो बुच्चे। के हो ?- रुमाल
- वनतिर जाँदा घरतिर मुख, घरतिर आउँदा वनतिर मुख। के हो ?- बन्चरो
- वरिपरि कालो वन, बीचमा बाटो। के हो ? - सिउँदो
- वरिपरि गोटी माझमा घ्वाइँ, यो कथा नजान्ने स्यालको ज्वाइँ। के हो ? - दाँत र जिब्रो
- वरिपरि जिडरिड्ड, माझमा ठिडरिड्ड। के हो ?- केतुके/टौवाको सुइरो
- वरिपरि डाँडा, माझमा खोल्सो। के हो ? - मुख
- वरिपरि डिट्ठा माझमा बिचारी। के हो ? - दाँत र जिब्रो/पिँडालु
- वरिपरि डिल माझमा टार, काम सकिनासाथ नुहाउन हतार। के हो ? - थाल

- वरिपरि तितौरा बीचमा नुनढिकी, झट्ट हेर्दा लाग्ने निधारको टिकी। के हो ? - जूनतारा
- वरिपरि दाल, माझमा भात। के हो ? - मास र धानको बोट
- वरिपरि दुईवटा रुयाल बीचमा खाल्टो, गाउँघरमा उमालेर बस्छु खोलेफाँडो। के हो ? - कराही
- वरिपरि पर्खाल तीनतिर गौंड़ा, त्यसभित्र बस्ने बोक्सीको छौंडा। के हो ? - अगेनो
- वरिपरि पर्खाल, माझमा जात्रु। के हो ? - जेल र थुनुवा
- वरिपरि पर्खाल माझमा रायो, रायो टिप्न जाँदा बाघले खायो। के हो ? - अगेनो
- वरिपरि पहरो, माझमा डाँडो। के हो ? - नाक
- वरिपरि मट्याङ्ग्रा माझमा घ्याइँ, यो कथा नजान्ने लट्यौंरे ज्वाईं। के हो ? - तारा र चन्द्रमा
- वरिपरि बिचारी, माझमा डिङ्गा। के हो ? - दाँत र जिब्रो
- वरिपरि भाटा-पगरी ड्याम्म, उपरखुट्टी लगाइन्छ पिँध हेर्‍यो ह्वाङ्ग। के हो ? - मुडा
- वरिपरि सिकारी माझमा बिचारी। के हो ? - दाँत र जिब्रो
- वरिपरि शाखा बीचमा मियो, दुईतिर आरा, टुप्पामा सियो। के हो ? - केतुके
- वरिपरि सेतो, बीचमा कालो। के हो ? - आँखा
- वर्षैभरि झुन्डिएर बस्छु, महिनामा एकचोटि अनुहार फेर्छु। के हो ? - क्यालेन्डर
- वल्ला घरको नरे पल्ला घर सरे। के हो ? - आग्लो
- वारि करङ पारि करङ, बीचमा बाउका लुते करङ। के हो ? - झोलुङ्गे पुल
- वारि करङ पारि करङ, माझाँ लुते करङ, हिँड्ने होइन, राख्ने चलन। के हो ? - भार
- वारि कुकुर भुक्यो, पारि बाघ गर्ज्यो। के हो ? - बन्दुक हानेको
- वारि दिदी पारि बहिनी, भेट गरौं भन्दा कहिल्यै नहुने। के हो ? - आँखा
- वारिदेखि पारिसम्म लस्करै दाँत, शिरमाथि नाच्ने त्यसको जात। के हो ? - काइँयो
- वारि फुस्स, पारि ह्वाङ्ङ। के हो ? - बन्दुक

- वारि भऱ्याङ पारि भऱ्याङ, बीचमा तेरा बाउको लुते करङ। के हो ?
  - झोलुङ्गे पुल
- वारि सय पारि सय, यति पनि नजाने गाउँ छाडी गए। के हो ? - स्याखु/घुम
- वृन्दावनमा काईंला दाइ, काईंला दाइ ! के हो ? - रुख काटेको
- वृन्दावनमा काम्रो नभएको पिङ। के हो ? - दुईचुल्ठे कपाल
- वृन्दावनमा कालो कपडा सुकाएको। के हो ? - डढेलो लगाएको
- वृन्दावनमा काल्दाइ-काल्दाइ भन्ने। के हो ? - रुख काटेको
- वृन्दावनमा कुलेसो काटेको। के हो ? - सिउँदो
- वृन्दावनमा गाई चरेको। के हो ? - जुम्रा
- वृन्दावनमा चहैचहै पिङ खेलेको। के हो ? - बुलाकी
- वृन्दावनमा चिउरा पोखिएको। के हो ? - सिमलको फूल
- वृन्दावनमा चुकको मटुलो। के हो ? - मियाल/म्याल
- वृन्दावनमा चौंठी झुन्ड्याएको। के हो ? - मियाल/म्याल
- वृन्दावनमा चौंचेका साँप्रा झुन्ड्याएको। के हो ? - टाटा
- वृन्दावनमा झाँक्रो फिँजाएर बसेको। के हो ? - बाबियो
- वृन्दावनमा दहीको ठेकी झुन्ड्याएको। के हो ? - दक्क्याउँली
- वृन्दावनमा फल पाक्यो, देख्ने दुई जना जादै गएनन्,
  जाने दुई जनाले टिप्दै टिपेनन्, टिप्ने दुई जनाले खदै खाएनन्,
  खाने एक भयो। के हो ? - आँखा, गौडा, हात र मुख
- वृन्दावनमा धुवाँ मात्र छ, आगो छैन। के हो ? - कुहिरो
- वृन्दावनमा पक्के चोर, हस्तिनापुरमा हेरीविचारी नगरापुरमा मारे चोर।
  के हो ? - जुम्रो
- वृन्दावनमा पट्याँस-पट्याँस। के हो ? - आँखाको झिमझिम
- वृन्दावनमा काँसको कचौरा घोप्टिएको। के हो ? - च्याउ
- वृन्दावनमा मानिस जाँदा धामी काप्ने। के हो ? - जुका
- वृन्दावनमा लामो डोरी झुन्डिएको। के हो ? - केराको बुङ्गो
- वृन्दावनमा लोटा/ लोहोरो झुन्डिएको। के हो ? - बेल फल
- वृन्दावनमा सेतो फुल, न भुजाँ चल्छ न पुजाँ चल्छ। के हो ? - लिखा
- वृन्दावनमा सोली घोप्टिएको। के हो ? - नाक/देवल

□

# श

- शरीर पनि सानै, भन् सानो मुख,
  आवाज निस्क्यो भने अरूलाई दुख । के हो ? – **बन्दुक**
- शरीरभरि आँखा छन् हेर्दा केही छैन,
  अरूलाई नबोकाई हिँड्न जान्दैन । के हो ? – **डोको**
- शिरकोटको सिपाही नङकोटमा आई मऱ्यो । के हो ? – **जुम्रा मारेको**
- शिरमा मेरो खरानी जोगी नभने,
  पेट मेरो कराउँछ रोगी नभने, हातमा लौरी बूढो नभने । के हो ?– **हुक्का**
- शिर पनि छैन, पाउ पनि छैन, दुई हात नभई मिलाउन सकिँदैन ।
  के हो ? – **टोपी**
- शिरमा चुल्ठो, जीउभरि आँखा । के हो ? – **भुइँकटहर/दरैं**
- शिरमा ज्वाला, पुच्छरमा आहारा । के हो ? – **बत्ती**
- शिरपुरको राजा नङपुरमा मारियो । के हो ? – **जुम्रा मारेको**
- शिवपुरको राजा हस्तिनापुरमा पुगेर मऱ्यो । के हो ? – **जुम्रा मारेको**
- शिवजीलाई मन पर्ने आफ्ना गालाँ आफैं हान्ने । के हो ? – **डमरु**
- शुभकाममा अघि बढ्छ, मरेको गोरु डुकेर हिँड्छ । के हो ?– **दमाहा**
- श्रीनगरको गोरु टुँडिखेलमा झऱ्यो,
  दसजना सहभागी दुईजनाले मारे । के हो ? – **जुम्रा मारेको**
- श्रीनगरमा आगो लाग्यो, टुँडिखेलमा खल्लबल्ल,
  म यहाँ आइपुगें बल्लबल्ल । क्या हो ? – **तमाखु खाएको**
- श्रीपेच छ राजा होइन, पखेटा छन् पङ्खा होइन,
  नङ्ग्रा छन् भालु होइन । के हो ? – **कुखुराको भाले**
- श्रीमान्ले श्रीमतीको सबै थोक देख्छ, तर एक थोक देख्दैन । के हो ?
  – **विधवा अवस्था**

□

# स

- सखरखन्ड टुकुरी मूला फोक्सो, आमा चन्चले बाउ बोक्सो। के हो?
  - मरट्री/मरौटी
- सखरखन्ड पोटिलो मूला फोक्सो, यो कथा नजान्ने पक्का बोक्सो। के हो?
  - नरसिंहा/कर्नाल
- सगरमाथाको टुप्पामा चारकोसे झाडी। के हो? - कपाल
- सगरमाथामा आगो लाग्यो, नाम्चे बजारमा हल्ला। के हो?
  - तमाखु खाएको
- सधैंभरि झुन्डिएर हेर्छु महिना दिनमा अनुहार फेर्छु। के हो? - भित्तेपात्रो
- सधैंभरि मासु खाने, जति खायो दुब्लाउँदै जाने। के हो? - अचानो
- सधैंभरि मानिसभन्दा एक पाइला अघि हिँड्छ। के हो? - लौरो
- सधैं हुन्छु मुड्कोमाथि, टिप्न कोही सक्दैन साथी? के हो? - कान
- सबेरै उठेर शिरमा आरी घोप्ट्याउने। के हो? - टोपी लगाएको
- सबैका छानामाथि सेतासेता फल,
  ती फल खाने छैन कसैको बल। के हो? - जूनतारा
- सबैकी लक्ष्मी सढिकी जोई, यो कथा नजान्ने लाटीको पोइ। के हो?
  - गाई
- सबै कुरा भलो, एउटै नहुने हलो। के हो? - बाँस
- सबैको जुँगा मुखमा, मेरो जुँगा टुप्पैमा। के हो? - मकैको जुँगा
- सबैको शाला। के हो? - धर्मशाला
- सबै घोडा चढ्छन्, हामी छानामा चढौं। के हो? - फर्सी र लहरा
- सबै थोकको एकै थोक। के हो? - खरानी
- सबै थोकको एकै नाम। के हो? - छायाँ
- सबै थोक हुने, हलो नहुने। के हो? - बाँस
- सबैलाई चाहिने, मरुभूमिमा नपाइने। के हो? - पानी
- सबैलाई तातै, गएपछि रातै। के हो? - घाम

- सबै सुत्दा दाइ जाग्ने, दाइ सुत्दा सबै जाग्ने । के हो ? - चौकीदार/पाले
- समुद्र छ समुद्र होइन, पहाड छ पहाड होइन, सहर छ सहर होइन । के हो ? - नक्सा
- सराडकोटमा कुकुर भुक्यो, मेरा हातां पुच्छर । के हो ? - बन्दुक पड्काएको
- सर्र फुकुटी, झिकेपछि सुकुटी । के हो ? - जाल
- सय बहिनीको एउटै पटुकी । के. हो ? - पातको मुठो
- सय भाइको एउटै सिरानी । के हो ? - धुरी बलो
- सय भाइको एउटै चिहान । के हो ? - खरानी
- सय भाइको एउटै टुप्पी । के हो ? - टौवाको सुइरो
- सयवटा खाँवा सयवटै दाम्ला, यो कथा नजान्नेलाई सय बाजी लाम्ला । के हो ? - पुल
- सयौं छन् दाँत गजब छ जात, स्याइँस्याइँ गर्दै खान्छ काठ । के हो ? - करौंती
- सयौं भेडाबाख्रा पाइलो भने छैन, झाडा-पिसाप गरेको केही देखिँदैन । के हो ? - कमिला
- सरक्क सिउँदो, निधारमा बिउँझो, पुच्छरबाटै पानी पिउँदो । के हो ? - बत्ती बालेको
- सरसर हिँड्छ सूर्य होइन, लौरो लाएमात्र हिँड्छ गोरु होइन । के हो ? - कुमालेको चाको
- साँढेका जीउभरि काँडैकाँडा । के हो ? - तीतेकरेला
- सात दिदी बहिनीले एउटै मजेत्रो ओढेका । के हो ? - सुन्तला
- सात दिनमा नआए किरिया गरी राखेस् । के हो ? - लामखुट्टे
- सानसानी नानी छेउबाट पस्छिन्, सर्र गाउँ घुम्छिन्, छेउबाट निस्कन्छिन् अनि कम्मर कस्छिन् । के हो ? - पेटी लगाएको
- साना आँखा ठूलो ज्यान । के हो ? - हात्ती
- सानामा धोती लगाउने, ठूलो हुँदै गए फुकाउँदै जाने । के हो ? - बाँस
- सानासाना कङ्कुराभरि दाउरा । के हो ? - सलाई
- सानी कुरी, हिँड्छे धुरीधुरी । के हो ? - जुम्रा
- सानी नानी अँध्यारोमा लुटुपुटु गर्छिन् । के हो ? - जुठो लोटाएको
- सानी नानीका दाँतैदाँत । के हो ? - काइँयो
- सानी नानीका तीन सयवटा दाँत । के हो ? - करौंती

- सानी नानीको जीउभरि काँडा । के हो ? - काइँयो
- सानी नानीको पेट चिरिएको । के हो ? - गहुँ
- सानी नानीको पेट चिरिया, पेटभित्र हेर्दा सेतो फरिया । के हो ? - गहुँ
- सानी नानीको पेटमा औंला । के हो ? - औंठी
- सानी नानीको बार हाते धोती । के हो ? - सियो र धागो
- सानी नानीको मीठो भान्छा । के हो ? - मह
- सानी नानी टाउको चाहार्ने बानी । के हो ? - जुम्रा
- सानी-सानी तिखुले नानी, लामो पुच्छर आफैंले तानी । के हो ? - सियो र धागो
- सानी नानी पटुका बाँध्छिन् । के हो ? - भटमास
- सानी नानी, फनन्न घुम्नी । के हो ? - भुरुङ
- सानी नानी बुद्रुक-बुद्रुक गर्छिन्, भातका सिताले पेट भर्छिन् । के हो ? - चुलो लोटाएको
- सानी नानी भुइँफुट्टी, उफ्री-उफ्री धानकुट्टी । के हो ? - उपियाँ
- सानी नानीले सिङ्गै औंला खा'की । के हो ? - औंठी
- सानी नानीले सिनित्त टिकी लाएकी । के हो ? - सिल्टुङ/मस्याङ
- सानी-सानी नानीको फुर्के धोती । के हो ? - सियो र धागो
- सानी-सानी नानी गीत गाउँदै भीरबाट तल झर्छिन् । के हो ? - सल्लाको भँडी
- सानी-सानी नानी फुर-फुर गर्छिन् । के हो ? - चर्खा/कतुवा
- सानी-सानी नानी मेरो फुर्के लायो धोती,
  ऐय्या पार्ला होस राखे मुन्द्रा लाउने लोती । के हो ? - सियो र धागो
- सानी-सानी तिखुले नानी, पाँचहाते पुच्छर आफैंले तानी । के हो ? - सियोधागो
- सानी-सानी नानीका हातभरि चुरा । के हो ? - कुचो
- सानीसानी नानी थुतीथुती पानी खानी । के हो ? - बत्ती र तेल
- सानी-सानी नानीको पेटभरि टीका । के हो ? - खुर्सानी
- सानी-सानी नानीको मीठो भान्छा । के हो ? - मौरी र मह
- सानी-सानी नानी, रुँदै-रुँदै गयो उनको जिन्दगानी । के हो ? - मैनबत्ती
- सानी-सानी नानीले सात पगरी गुतेकी । के हो ? - कुचो
- सानीसानी मुटुरी, कनिकाकी कुटुरी । के हो ? - खनिउँ

- सानी-सानी राम्री नानी, म्वाई खान जाँदा चिच्याउने बानी। के हो ?
  - शङ्ख
- सानी-सानी रुकुमै घैंटा जत्रो पेट,
  कहाँ जान्छ्यौ रुकुमै भगवान् भेट। के हो ? - कलस्यौलीको कलश
- सानी-सानी सुकुमारी घ्याम्पाजत्रो पेट,
  कहाँ बसी मोटाइस् ? भीर-पहरा-लेक। के हो ? - किर्नु
- सानैमा हरियो छिप्पिँदा रातो, मलाई खाने मानिसको लिच्छु सातो। के हो ?
  - खुर्सानी
- सानो कसौंडीमा दुई चोइली भात। के हो ? - कटुस
- सानो खाल्टोमा देवी नाचेको। के हो ? - जिब्रो
- सानो घरको करेसामा लिस्नु। के हो ? - घट्टको डुँड
- सानो घरमा धेरै चोर बसेका, टाउकामा सबैले कालो घसेका। के हो ?
  - सलाई र काँटी
- सानो छँदा तरकारी ठूलो भएपछि घरबारी। के हो ? - बाँस
- सानो छँदा मासु खाने, ठूलो भएपछि छाला तर्ने। के हो ? - बाँस
- सानो छँदासम्म धोती लाउने, ठूलो भएपछि बुङ्गै हुने। के हो ? - बाँस
- सानो छँदा हरियो, पाकेपछि रातो, धेरै नखाऊ साथी उडाउला नि सातो। के हो ? - खुर्सानी
- सानो छउन्जेल चिमोट्छन्, ठूलो भएपछि निचोर्छन्। के हो ? - तोरी
- सानो छउन्जेल तरकारी, ठूलो भएपछि घरबारी। के हो ? - बाँस
- सानो छउन्जेल धोती लाउँछ, ठूलो भएपछि धोती फाल्छ। के हो ? - बाँस
- सानो छउन्जेल मासु खाने, ठूलो भएपछि छाला काढ्ने। के हो ? - बाँस
- सानो जीउ सानै मुख, उसले बोले हुन्छ ठूलै दुख। के हो ? - बन्दुक
- सानो टाउको, पातलो जीउ, मोटो कहिल्यै भएन, जति खाए पनि घिउ। के हो ? - मदानी
- सानो नानीको लामो धोती। के हो ? - चिप्लेकीरा
- सानो नानीको हातभरि बाला। के हो ? - कुचो
- सानो पुठो ठूलो मुख। के हो ? - डोको
- सानो बोटमा रातो बन्छु, सुन जोस्ता साथै हुन्छु। के हो ? - रातीगेडी
- सानोमा धोती लाउने, ठूलो भएपछि फुकाउँदै जाने। के हो ? - बाँस
- सानोमा मलाई खाइथिस्, अब तँलाई घाट लान्छु। के हो ? - बाँस

- सानोमा मासु खाने, ठूलो भएपछि रगत खाने। के हो? – तोरी
- सानोमा हरियो जवानीमा रातो, जसले खान्छ उसको उड्छ सातो। के हो? – खुर्सानी
- सानो मुखको ठूलो बोली। के हो? – बन्दुक
- सानो रूख छ चढ्न सकिन्न, पोल्छ त्यसले आगो भनिन्न। के हो? – सिस्नो
- सानो लहरामा सर्पैसर्प झुन्डिएको। के हो? – चिचिन्डो
- सानो विश्वभित्र बारबटा देश, बारबटा देशभित्र तीन जनाको रेस। के हो? – घडी
- सानो-सानो गाई मुलुक खाई। के हो? – खुकुरी
- सानो-सानो चिन्ते, गाउँभरि घुम्ते। के हो? – बिरालो
- सानो-सानो ताउलीमा दुई कुड्की भात,
  बाहिरपट्टि बाक्ला काँडा घोच्ला तिम्रो हात। के हो? – कटुस
- सानो-सानो तामाको ताउली,
  भित्र फलामको ढिब्बा, त्यसभित्र एक पन्यूँ भात। के हो?– रिठ्ठाको गेडा
- सानो-सानो छ फोहरमा बस्छ, मानिसलाई नराम्री डस्छ। के हो? – झिँगा
- सानो-सानो दरी, कनिकाले भरी। के हो? – तिलको कोसो
- सानो-सानो दह, सिन्का परे नसह। के हो? – आँखा
- सानो-सानो नानीले घाँसको मुठा बोकेको। के हो? – मूला
- सानो-सानो पहरामा सिपाहीको लहर। के हो? – दाँत
- सानोसानो प्याङ, प्याङभित्र दाम। के हो? – खुर्सानी र बियाँ
- सानो-सानो प्याङ भित्र दामैदाम। के हो? – खुर्सानी
- सानो-सानो रूखका गड्याङगुडुङ पात,
  कसले गाँस्ला दुना-टपरी, कसले खाला भात। के हो?– अमलाको पात
- सानो-सानो रूख, चढ्नलाई दुख। के हो? – सिस्नो
- सानोसानो रूखौली चढ्नाको दुखौली। के हो? – सिस्नो
- सानो-सानो सेउलीमा झुन्डिएकी बेउली,
  बेउलीको पेटभरि असर्फीको थैली। के हो? – खुर्सानी
- सान्नानीका पेटभरि सिन्का। के हो? – सलाई र काँटी
- सान्नानी दुलहीको हातभरि चुरा। के हो? – कुचाको बाला
- सामुन्नेको पहरामा पानी-पँधेरो। के हो? – आँखाको आँसु

- सिउनु त सिउनु घुमाई-घुमाई सिउनु,
  सियोको टुप्पै भाँची सिउनु। के हो? – टपरी खुटेको
- सिँगाने राजाका पाँचजना मलामी। के हो? – सिँगान फालेको
- सिक्क गऱ्यो हातमा, प्यात्त पऱ्यो पातमा। के हो? – सिँगान फालेको
- सिङ छन्, गाईगोरु होइन, जाँतो बोकी हिँड्छ मकै पिस्ने होइन। के हो?
  – जाँतेकीरो
- सिङ देखाउँदै गर्ने, बाटो पोल्दै गर्ने। के हो? – चिप्लेकीरा
- सिङमा समाई घुमाए, घ्याम्पे बूढीलाई नचाए। के हो? – जाँतो
- सिङ्गो एउटा रूखमाथि तीनवटा पात,
  सधैँभरि बस्ने गर्छ शिवजीको साथ। के हो? – त्रिशूल
- सिरकोटको भाले, नुवाकोट लगेर मारे। के हो? – जुम्रा मारेको
- सिरपुरको राजा नङपुरमा आएर मऱ्यो। के हो? – जुम्रा मारेको
- सिरनगरको गोरु टुँडिखेलमा झऱ्यो,
  दसजना सहभागी दुईजनाले मारे। के हो? – जुम्रा मारेको
- सिरूपाते खुकुरीको दुईतिर धार। के हो? – केतुके
- सुँड छ हात्ती होइन, हातखुट्टा छन् मान्छे होइन। के हो? – गणेश
- सुईँक्क गऱ्यो हातमा, हुत्त गऱ्यो पातमा। के हो? – सिँगान फालेको
- सुकाएको काँचै खाने, पकाएको पोलेर खाने। के हो? – सुर्ती र तमाखु
- सुकिलो भीरमा काला बाख्रा चरेका। के हो? – अक्षर
- सुगन्धी छ डल्ले भाइ हावा पाए उड्छ,
  भुईमा फ्याँकिदिए सललल गुड्छ। के हो? – कपूर
- सुटुक्क जान्छु, कुटुक्क टोक्छु, आएँ भने आइहालें,
  आइन भने किरिया गर्नु। के हो? – लामखुट्टे
- सुत्ने बेला' घुसार्नी, उठेपछि निकाल्नी। के हो? – आरलो/गजबार
- सुत् सुत् बूढी, म हाल्छु। के हो? – जुत्ता
- सुनको खोलमा चाँदीको फल। के हो? – धान
- सुनको जाँतो, काठको हातो। के हो? – फर्सी
- सुनको बटुकी चाँदीको खिल, टपटप टिपी सुटुक्क निल। के हो?– ऐसेलु
- सुनगेडी झिक्यो, मुढो पोल्यो। के हो? – मकै छोडाई खोयो बालेको
- सुनगेडीभित्र सानी नानी नाच्छे, छहराको पानी खाईकन बाँच्छे। के हो?
  – आँखाको नानी

- सुन फुल्ने, तामा फल्ने। के हो? - चुत्रो
- सुनलाई कुट्ता निस्क्यो चाँदी, चाँदी पकाई मुखभित्र खाँदी। के हो - भात
- सुन मरी फल्ने, फलाम सरी पाक्ने। के हो? - चुत्रो
- सुन्न सकिन्छ, देख्न सकिन्न, जताजतै पस्छ, रोक्न सकिन्न, त्यो नभई फेरि बाँच्न सकिन्न। के हो? - नसा
- सुन साइली रूप आइली, पिँधबाट पानी माग्ली। के हो? - धान
- सुन, सुनभित्र फलाम, फलामभित्र चाँदी। के हो? - रिठ्ठो
- सुनौली नानी औंलामा बस्छिन्, बसेपछि नछाडी माया गाँस्छिन्। के हो? - औंठी
- सुरिलो बुटामा खिरिला पात, आए जन्ती खातैखात, नहाल जन्ती झुसिला हात। के हो? - केरा
- सुरिलो रूखका गाँडैगाँड। के हो? - मेवा
- सुरिलो रूखका सिन्का जत्रा पात, पाहुना आए केमा दिने भात। के हो? - सल्लो
- सुरिलो रूखको टुप्पामा एउटै पात। के हो? - पनिउँ
- सुरिलो रूखको टुप्पामा पोखरी। के हो? - पानस
- सुरिलो रूखको तीनवटा पात। के हो? - त्रिशूल
- सुरिलो रूखको लामकाने पात, खात लाग्ने स्वादिलो जात। के हो? - केरा
- सुरिलो रूखमा कुरिला गेडा। के हो? - जुनेलो
- सुरिलो रूखमा कोप्चे पात। के हो? - डाडु
- सुरिलो रूखमा यौटा मात्रै चरीको गुँड। के हो? - डाडु
- सुरिलो रूखमा धुरिलो पात, आए जन्ती खातैखात। के हो? - केराको घरी
- सुरिलो रूखमा बाख्ले गुँड, जता घाम उतै मुख। के हो? - सूर्यमुखी फूल
- सुरुक्क सुर्के टुप्पोमा फुर्के। के हो? - कोदाको बाला
- सुरुक्क सुर्के, भीरबाट गुड्के। के हो? - फापर
- सुरुवाल डढ्यो, इँजार जस्ताको त्यस्तै। के हो? - डढेलाले खाएको वन र बाटो
- सुरुवाल डढ्यो, इँजार रहिगयो। के हो? - वन र बाटो
- सुरुवाल पोलियो, इँजार बच्यो। के हो? - डढेलाको राँटो

- सुस्साउँनी, होक्काउनी, नाइँ भन्ने, ढोग गर्ने । के हो ?
  **– सल्लो, खोलो, केरा, बाँस**
- सेता डल्ला आकाशको फल, भुइँमा झर्दा सबै हुन्छ जल । के हो ?
  **– असिना**
- सेता-सेता दाना असिना होइन,
  उड्दा-उड्दै हराउँछ बतास पनि होइन । के हो ? **– कपूर**
- सेती गाईको पेटमा अँगार । के हो ? **– कपास र बियाँ**
- सेती गाईको हरियो चँवर । के हो ? **– मूला**
- सेती गाई पानी खान गई, राती गाई पानी खाएर आई । के हो ?
  **– सेल पकाएको**
- सेती बूढीको गालामा चिरैचिरा । के हो ? **– लसुन**
- सेती र काली एकै ठाउँमा मिसिने । के हो ? **– सिँगान**
- सेतो-खैरो रङ्ग यसको, छाताजस्तो रूप,
  तरकारी पकाई खाँदा मीठो हुन्छ खुप । के हो ? **– च्याउ**
- सेतो गानु क्वाप्प खानु, पेटभित्र जादै नजानु । के हो ? **– शङ्ख**
- सेतो छ, तिखे छ, कालो खोल ओढ्छ, साच्चै परे गर्दन तोड्छ ।
  के हो ? **– खुकुरी**
- सेतो ठेकीमा हरियो बिर्को । के हो ? **– मूला**
- सेतो ढुङ्गो उप्काउँदा रातो रगत आउने । के हो ? **– दाँत**
- सेतो पीठोमा रातीगेडी । के हो ? **– आगो**
- सेतो बारीमा कालो तोरी, हातले छर्ने मुखले टिप्ने । के हो ? **– लेखेपढेको**
- सेतोमाथि कालो चल्ला, बोल्दाखेरि धेरै हल्ला । के हो ? **– सस्वर पढेको**
- सेतो वनमा काला भैंसी । के हो ? **– अक्षर**
- सेतोसेतो मुहार मेरो, माटामुनि बास,
  छोराछोरी धेरै छन्, गर्छन् मेरै आस । के हो ? **– लसुन**
- सेतो हिउँ ताईमा राख्दा पग्लेर जाने । के हो ? **– घिउ**
- सोरसार पारी घस्रँन्छ, गयो भन्छन् त्यहीं हुन्छ । के हो ? **– पहिरो**
- सेतोसेतो खम्बामाथि रातोरातो फूल,
  त्यो फूल टिप्न खोज्दा हुन्छ कि त भुल । के हो ? **– मैनबत्ती**
- स्याउँ-स्याउँ चल्ला वार गाउँ हल्ला । के हो ? **– मौरी**

- स्याउँ-स्याउँ चल्ला, बार बीस दाम्ला,
  यो कथा नजान्नेलाई हजार वाजी लाम्ला । के हो ? - माकुरो
- स्यालको मामा, गणेशको काल, बाघको गुरु । के हो ? - बिरालो
- स्वर्गकी परी रङ्गीन घुम्टो ओढी, आँसु टल्काई रुन्छिन् घरिघरि ।
  के हो ? - इन्द्रेनी
- स्वर्गको लिसु धर्तीको आड, आगाको कलेजो पानीको हाड । के हो ?
  - इन्द्रेनी
- स्वर्ग जाने बाटो न ढुङ्गा न माटो । के हो ? - भन्याङ/लिस्नो
- स्वर्ग पुग्यो कि धर्ती छिप्यो । के हो ? - रुख
- स्वर्गमा पानी, गर्भमा नानी । के हो ? - रक्सी पारेको
- स्वादका निम्ति चाहिने, बीउ खोज्दा नपाइने । के हो ? - नुन
- स्वादिलो मीठो तरकारी उडन्ती, बुडन्ती, चुँडन्ती । के हो ?
  - चरा, माछा र साग

# ह

- हकुवा गोरु, भित्तो फोरु । के हो ? – मुसो
- हराए घाटा लाग्छ, भेटाए थाप्ला लाग्छ । के हो ? – टोपी
- हरियो गाड्छन् सुन फलाउँछन्, सुन फ्याँकेर चाँदी तुल्याउछन् । के हो ? – धान चामल
- हरियो चरीका दुईतिर पुच्छर । के हो ? – दुनु
- हरियो चरीका बत्तीसवटा जुरा । के हो ? – करेला
- हरियो चरीको थरी-थरी चुच्चो, स्वाद तीतो मुख पार्छ मीठो । के हो ? – तीतेकरेला
- हरियो चरी, चुच्चोमा लाली, बोली मीठो बोली । के हो ? – सुगा
- हरियो चरी मोती जडी, दोसल्ला ओडी, मैदानमा खडी । के हो ? – मकैको बोट
- हरियो चरी लालमोती जडी, दोसल्ला ओढी मैदानमा खडी । के हो ? – मकै
- हरियो छ त्यो गैंडा, तर त्यो जङ्गलमा पाइँदैन । के हो ? – सयको नोट
- हरियो जन्म्यो अनि भयो रातो,
  पछि भयो कालो, छिटो भन नत्र लिन्छु सातो । के हो ? – जामुन
- हरियो झाल देख्नमा लाल, ओ मेरी आमै,
  ओ मेरी बाबै ! खाँदा जन्जाल । के हो ? – खुर्सानी
- हरियो पुतली सिँगार पार्दै नाच्छे । के हो ? – टपरी गाँसेको
- हरियो रूखमा फिरफिर पात, आए जन्ती खातैखात । के हो ? – केरा
- हरेक दिन प्रयोग हुने बजारको नौनी,
  मुखमा पुऱ्याउनी, पेटमा नपुऱ्याऊ नि । के हो ? – टुथ पेस्ट
- हल्लने हाँगाको फक्रँदो फूल । के हो ? – अफिम
- हस्तिनापुरका राजाले हेरी विचारी,
  नवलपुरका राजाले मारी विचारी । के हो ? – जुम्रा मारेको
- हाँगा एकै नाइँ, पातको लेखै नाइँ । के हो ? – केरा

- हाँगाविनाको रूखमा ठूलाठूला पात। के हो? - केरा
- हाँडीभरि कनिका एक ढिको नुन। के हो? - तारा र जून
- हाँडीभरि तितौरा, एक ढिको नुन। के हो? - तारा र चन्द्रमा
- *हाँदै पनि छ, हुँदै पनि छ। के हो?* - *धाप्पाली*
- हाँस्यो कि आँसु खसाल्यो। के हो? - मैनबत्ती
- हाकुरी भैंसीको काकुरी सिङ। के हो? - गहत
- हाडछाला छैनं वस्छ टुप्पोमाथि,
  माया गरे बढ्छ काट्नै पर्छ साथी। के हो? - नङ
- हाडभरि नसैनसा, गालाभरि मोसैमोसो। के हो? - मादल
- हाडमासु छैदै छैन छालामात्र सर्छ,
  हातखुट्टा छैनन्, तान्ने काम गर्छ। के हो? - हल्लुँडो
- हात-खुट्टा छैन रौंरूप छ, तरवारको काम गर्छ। के हो? - बलु
- हातखुट्टा छैनन् वस्छ भोलाभित्र, माया गर्न जाने बन्छ सधैं मित्र। के हो? - पुस्तक
- हातगोडा छैनन् परपर पुग्छ, घरघर घुम्दै समाचार त्यो फुक्छ। के हो? - चिठी
- हात छ खुट्टा छैन, जीउ छ आँखा छैन, गर्दन छ टाउको छैन। के हो? - कमिज
- हात छ दुरुस्तै पन्जा छैन, कसकास नगरी चैन हुँदैन। के हो? - दौरा
- हात छन् हान्न सक्दैन, खुट्टा छन् हिंड्न सक्दैन। के हो? - रुख
- हात छैन समाउँछ, आँखा होइन दृष्टि लगाउँछ। के हो? - चस्मा
- हात छैन त्यसको रौंरूपको, काम गर्छ तरवारको। के हो? - बलु
- हात न खुट्टा, उखेल्दछ बुट्टा। के हो? - पहिरो
- हात न खुट्टा घस्रेर चल्छ, अगाडि भेटे सलक्क निल्छ। के हो? - अजिङ्गर
- हात न खुट्टा, देशविदेश फुत्तफुत्त। के हो? - हुलाक टिकट
- हात न खुट्टा, पिठ्यूँ चढी हिंड्छ यताउता। के हो? - डोको
- हात न खुट्टा, वित्ता नाप्न सिपालु। के हो? - जुको
- हात न खुट्टा रन्किदै उकालो चढ्छ। के हो? - डढेलो
- हात माड्छ पहलमान होइन, उड्छ चरा होइन,
  रातो सुँड छ हात्ती होइन। के हो? - भिँगो
- हातमा मेरो लौरी छ, बूढो नभने; थाप्लामा खरानी छ, जोगी नभने;
  पेट मेरो गड्याङगुडुङ रोगी नभने। के हो? - नली, हुक्का र चिलिम

- हातमा लियो, प्वाइड फुटायो, स्वाद्द पियो, दुइटा दियो। के हो ?
  - काँचो नरिवल
- हातमा लाउँछन्, तर टिकटिक गर्दैन,
  हातमा लाउँछन्, तर चल्दैन। के हो ? - आलुघडी
- हात मेरा माथि छन्, खुट्टाबाट पानी खान्छु। के हो ? - रुख
- हातले छर्ने, मुखले टिप्ने। के हो ? - लेखेपढेको
- हात्तीको आडमा नाइलो सुपो ठटाएको। के हो ? - घर छाएको
- हात्तीको पेटमा कल्याडकुलुङ चल्ला कराएको। के हो ? - घरमा मान्छे
- हात्ती छ, जङ्गल छैन, संसार डुल्छ, खुट्टा छैन। के हो ? - हजारको नोट
- हात्ती छिऱ्यो, पुच्छर अड्क्यो। के हो ? - लुगा सिएको
- हात्ती रुख्यो घोडा रुख्यो रुझे सबै जन,
  भाँडा ल्याए भरिदैन गर त्यसको छ्यान। के हो ? - शीत
- हात्ती होइन सुँड छ, चरा होइन उड्छ। के हो ? - झिँगा/लामखुट्टे
- हात्ती होइन सुँड छ, मान्छे होइन पाखुरा ठेल्छ। के हो ? - झिँगा
- हात्ती होइन सुँड छ, मोटर होइन गुड्छ। के हो ? - घुन
- हानेर हान्न नसकिने तानेर तान्न नसकिने। के हो ? - पानी
- हाम्री घरकी सानी नानी, रनवन डुल्ने तिनको बानी। के हो ?
  - काइँयो
- हाम्रो घर छ ढुङ्गीमा, ढुङ्गीभरि रुपियाँ। के हो ? - खुर्सानी
- हावा खाँदा टन्न हुने, मुख बाँधी छाड्दा माथि उड्ने। के हो ?- बेलुन
- हावा आउँदा हल्लाउँछ कान, मुखबाटै बच्चा पाउँछ लाम। के हो ? - केरा
- हावा भरिएको छालाको गानु, आफूतिर आए लात्तीले हान्नू। के हो ?
  - भकुन्डो/बल
- हाली, पोली आफैं रित्तो। के हो ? - तावा
- हालीवरी ट्याँस्-ट्याँस्। के हो ? - नाइलो
- हाल्दा ठडठड, झिक्दा लतरड। के हो ? - तराजु/तुलो
- हाल्दा लुलो, झिक्दा दरो। के हो ? - रोटी
- हाल्दा सेतो, झिक्दा रातो। के हो ? - सेलरोटी पकाएको
- हिउँको पुटुरोभित्र काली कुटुरो। के हो ? - कपास र बियाँ
- हिँडेको हिँड्यै छ, थलाको थलैमा। के हो ? - कोल
- हिंड् काली, माइत जाम्। के हो ? - चौंठी
- हिँड्छ खुट्टा छैन, बोल्छ मुख छैन। के हो ? - खोलो/नदी

- हिँड्छ सधैं खुरूखुरु खुट्टा उसको छैन,
  जति हिँडे पनि उसको पाइला देखिँदैन । के हो ? - **ढुङ्गा**
- हिँड्छ हिँड्छ जहाँको तहीं । के हो ? - **कोल**
- हिँड्दा अल्छी मानी पछि बस्छ, खाँदाखेरि अघि आउँछ । के हो ?
  - **हँसिया/आँसी**
- हिँड्दाखेरि बाटो बनाउँछ, छोडिदिए डल्लो पर्छ । के हो ?- **चिप्लेकीरा**
- हिँड्दा बुई चढ्ने, बस्दा लड्ने । के हो ? - **डोको**
- हिँड्दाहिँड्दै बज्छ बाजा होइन, खोलमा अड्छ दाप होइन । के हो ?
  - **खुर्पेटो**
- हिँड्दाहिँड्दै थाके पनि हिँड्न छाड्दैन,
  चुस्न केही नपाएमा सुख पाउँदैन । के हो ? - **जुका**
- हिँड्दै छ, आँखा तर्दै छ । के हो ? - **डोको बोकेको**
- हिँड्दै छ, कुम्लो छोड्दै छ । के हो ? - **फर्सी र लहरा**
- हिँड्दै छ, कुम्लो फुकाउँदै छ । के हो ? - **फर्सी**
- हिँड्दै छ, धोती सुकाउँदै छ । के हो ? - **चिप्लेकीरा**
- हिँड्दै छ, पाइला मेट्दै छ । के हो ? - **ढुङ्गा**
- हिँड्दै छ, फुल पार्दै छ । के हो ? - **लुगा सिएको**
- हिँड्दै छ, बाटो लिप्दै छ । के हो ? - **चिप्लेकीरा**
- हिँड्दै छ, बुकी छर्दै छ । के हो ? - **बाखाले बड्कौंल्याएको**
- हिँड्दै छ, मट्याङ्ग्रा पार्दै छ । के हो ? - **बाखाले बड्कौंल्याएको**
- हिँड्दै छ, लिखा पार्दै छ । के हो ? - **लुगा सिएको**
- हिँड् पुड्की, भात खान जाऊँ । के हो ? - **लोटा**
- हिँड् पुड्के, चुला जाऊँ । के हो ? - **कसौंडी/लोटा**
- हिँड पुड्के, बेसी जाऊँ, तेरो मुल्टो निमोठेर ल्याऊँ । के हो ? - **धोक्रो/थैलो**
- हिँड्हिँड् कान्छी पधेरा जाम्, नुहाईधुवाई गरी पानी लिएर आम् । के हो ?
  - **गाग्री**
- हिमालमाथि कालो वन । के हो ? - **कपाल**
- हिमालमाथिको कालो वन, त्यसलाई धनमा गन्दै नगन । के हो ? - **कपाल**
- हिसिक्क बूढी, खिसिक्क दाँत । के हो ? - **थैली**
- 'हुँन त' हो, यसको उल्टो के हो ? - **तनहुँ**
- हुँ म आँखावरिपरि बस्ने तीन अक्षरकी मैयाँ,
  पहिलो अक्षर झिक्ता तिर्खा मेट्छन् दुनियाँ । के हो ? - **गाजल**

- हुडचुड बराजु कोखामा सिइ। के हो? – जाँतो
- हुन त चौपाया नै हो, तर दुई खुट्टाले हिँड्छ। के हो? – कङ्गारु
- हुन त त्यो इँटा नै हो, तर त्यसबाट घरसर बन्दैन। के हो? – तासपत्ती
- हुन त त्यही हो, ऊ भए खाइहाल्थ्यो, ऊ त होइन। के हो? – सर्पको काँचुली
- हुन त त्यही हो, त्यो भए खाइहाल्थ्यो, तर त्यो होइन खाँदैन। के हो? – काँचुली
- हुम्ला जान्छ, जुम्ला तन्काउँछ। के हो? – लगौंटी
- हेरुँ हेर्न नसकिने, छोऊँ छुन नसकिने। के हो? – सूर्य
- हेरुँ हेर्न सकिन्न, जाऊँ जान सकिन्न। के हो? – सूर्य
- हेरैं तँलाई, देखें मलाई। के हो? – ऐना
- हेरे दुईवटा, नहेरे एउटा। के हो? – ऐना
- हेरे दुइटा नहेरे एउटा, हेर् तँलाई देख् मलाई। के हो? – ऐना
- हेर्दा काली, नाम भने राति। के हो? – रात
- हेर्दा कालो धुलो, पकाएर खाँदा जाँगर खुल्यो। के हो? – चियापत्ती
- हेर्दाखेरि रुवाजस्तो फुसफुस गर्ने, पहाडका चुलीतिर पत्रैपत्र पर्ने। के हो? – हिउँ
- हेर्दा छ डल्ले, कराउँछ बलले। के हो? – शङ्ख
- हेर्दा छर्लङ्ग, हिर्काउँदा भन्यामभुरुम। के हो? – ऐना
- हेर्दा छ, समात्दा छैन। के हो? – छायाँ
- हेर्दा नदेखिने, बलमात्र गर्ने। के हो? – हावा
- हेर् मलाई, देख् तँलाई। के हो? – ऐना
- हेर्दा रूख हो गानु होइन, लामा पात छन् हाँगा छैन। के हो? – केराको बोट
- हेर्दा लट्ठी, चुस्ता कस्ती, थुक्दा कपास। के हो? – उखु
- हेर्दा सङ्लो पानी, धेरै खाए ज्यानै जानी। के हो? – रक्सी
- हेर्दा सिन्का सुँघ्दा सुवास। के हो? – सिन्के धुप/धुपबत्ती
- हो त्यहीं थिँ, हो त्यहीं थिँ। के हो? – कनाएको/लौरो टेकेको
- ह्याँ पनि छैन, त्याँ पनि छैन, काफल पाक्यो बोक्रै छैन। के हो? – असिना
- ह्वाङ्ग पहराँ अखेटै अखेटा। के हो? – भ्याङ/लिस्नो

# अभ्यास

(क) साइनो सोध्याउनुहोस् ।

१ आमा कि मामा भन्छन्, मामाकी भान्जीबुहारीलाई के भन्छन् ?

२ अर्काको स्वास्नीको काखमा अर्काको लोग्ने बस्छ,
उसको लोग्ने झनै पो खुसी हुन्छ । के हो ?

३ एउटा मान्छे धेरै पछि पढेर घर फर्किंदै थियो । गाउँमा पस्ने बित्तिकै एक्कासी एउटी महिलासित भेट भयो । उसले चिनेचिने जस्तो लाग्यो नि भन्यो । महिलाले भनिन् -चिन्नै त पर्ने हो नि ! तिम्रा मामाले मेरा मामालाई मामा भन्छन् । अब भन्नुहोस् ती दुईको नातो के हो ?

४ तिमी मेरी स्वास्नी, म तिम्रो पोइ, काशी जाँदा सँगै गएतेम् नि चिनेको खोइ । के हो ?

५ आमाका मामाका भान्जीज्वाईंलाई के भन्नुपर्ला खोइ ?

६ उतावाट को आए ऊ, सेल हाल च्वाईं, आमाका मामाका भान्जीज्वाईं । के हो ?

७ बोकेको मेरो भाइ हो, यसको बाउ मेरो पोइ हो । के हो ?

८ हा भाइ हा ! भरे आउँछन् मेरा पोइ तेरा बा । के हो ?

९ तिमी मेरो बाउ हौ, म तिम्रो छोरो होइन । के हो ?

१० एउटा लोग्नेमान्छे र अर्की स्वास्नीमान्छे हिँड्दै थिए । उतावाट आउने ले जिस्क्याउने गरी भन्यो- हैन, चरी फेला परी कि क्या हो ? उसले त्यसैगरी जवाफ दियो- यिनकी फुपूले हाम्री फुपूलाई फुपू भन्छिन् । अब तिनको नातो भन्नुहोस् के हो ?

(ख) आफूलाई नआए अरूसँग सोधखोज गरी तलका गाउँखाने कथाको उत्तर लेख्नुहोस् ।

१ जति मासु खान्छ, उति दुब्लाउँदै जान्छ । के हो ?

... ... ... ...

२ सेती पिठीमा राती गेडी । के हो ?

... ... ... .

३ अखडबखड नरसिङ्गे बाहाँ, आँखा त टुलटुल मुन्टो त काहाँ । के हो ?

... ... ... ...

४ कोच्याई-कोच्याई खाउँछन्, टुप्पी समाई रिङ्गाउँछन् । के हो ?

... ... ... ...

५ टाट्टे पहरामा एउटै अखेटो । के हो ?

... ... ... .

६ धेरै छन् खम्बा, घुमाउने छत,
एकजना मात्र बस्ने क्या हो त्यसको जात । के हो ?

... ... ... ...

७ आकाशको फल, भुइँमा झर्दा जल । के हो ?

... ... ... ...

८ ताउलो पाक्छ, जाउलो पाक्दैन । के हो ?

... ... ... ...

९ आकाशमा मकै भुट्दा पातालमा फुला,
खान नपाई बिलाई गए मन अन्तै भुला । के हो ?

... ... ... ...

१० भित्र गज्याङगुजुङ बाहिर दर्दराउँदो छाला,
यो कथा नजान्ने गुमानेको साला । के हो ?

... ... ... ...

११ फलेको कताकति, नफलेको बाक्लै । के हो ?

... ... ... ...

१२ कुमाल गाउँमा आगो लाग्यो, माझी गाउँमा हल्लाखल्ला । के हो ?

... ... ... ...

१३ फाल्ने भए फालिहाल, नत्र भुन्डिई मर्छु। के हो ?

... ... ... ...

१४ दूध पोखियो, दही खाइयो, घिउ जत्तिको तत्ति। के हो ?

... ... ... ...

१५ बत्तीस भाइ धान कुट्ने, एउटी बूढी धान लाउने। के हो ?

... ... ... ...

१६ वरिपरि मट्याङ्ग्रा माझमा घ्वाइँ,
यो कथा नजान्ने लखनेको ज्वाइँ। के हो ?

... ... ... ...

१७ काने कसौंडीमा दुई रङ पानी। के हो ?

... ... ... ...

१८ एकमाने ताउलीमा दुई चोइली भात। के हो ?

... ... ... ...

१९ आमा छाद्ने छोरी खाने। के हो ?

... ... ... ...

२० माउभित्र बच्चा छ, बच्चाभित्र अन्डा छ। के हो ?

... ... ... ...

(ग) **तलका खाली ठाउँमा यस सङ्ग्रहमा नपरेका र आफूले सुने-जानेसम्मका गाउँखाने कथाहरू टिप्नुहोस् (र आवश्यक ठाने सङ्कलककहाँ पठाउनुहोस् ।)**

*email : kapillamichhane58@yahoo.com*

## सन्दर्भ ग्रन्थसूची


- अधिकारी, रविलाल, (२०५१), 'लोकोक्तिका प्रकारहरू : छोटो चर्चा' पाठ्यक्रमविकास पत्रिका पूर्णाङ्क
- ३०, पृ.२३-३१ ।
- अधिकारी, विश्वप्रेम (२०५७), आँधीखोले लोकसंस्कृति र लोकगीत स्याङ्जा : विजयकुमार अधिकारी ।
- ... ... , (२०५८), पश्चिमाञ्चलका लोकगीत र परम्परा स्याङ्जा : विजयकुमार अधिकारी ।
- ... ... , (२०५९), आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण स्याङ्जा : विजयकुमार अधिकारी ।
- अनन्त, कपिल, (२०५७), 'गाउँखाने कथा परिचय र विश्लेषण' प्रज्ञा पूर्णाङ्क ९३ (वर्ष ३१), पृ. ८५-९९ ।
- उपाध्याय, कृष्णदेव, सन् १९७७, लोक साहित्य की भूमिका तृतीय संस्क., इलाहावाद : साहित्य भवन प्रा.लि.।
- कोइराला, कुलप्रसाद, २०५७, "नेपाली र मैथिली भाषाका उखानहरूको तुलनात्मक अध्ययन तथा विश्लेषण" त्रि.वि., विद्यावारिधि शोधप्रबन्ध ।
- गिरी, जीवेन्द्रदेव, २०५७, लोकसाहित्यको अवलोकन काठमाडौं : एकता प्रकाशन ।
- गुरुङ, गजबहादुर, (२०२३/सन् १९६६), संसारमा हरीको माया, वाराणसी : गोर्खा पुस्तक एजेन्सी ।
- चालिसे, विजय, २०३९, डोटेली लोकसंस्कृति र साहित्य काठमाडौं : साझा प्रकाशन ।
- जोशी, सत्यमोहन, २०१४, हाम्रो लोकसंस्कृति काठमाडौं : रत्न पुस्तक भण्डार ।
- डन्डेस, एलान, (सन् १९८१) 'अन द स्ट्रक्चर अफ द प्रोभर्ब' उल्फगङ्ग माइडर र एलान डन्डेस (सम्पा.) दि विज्डम अफ मेनी एसेज अन दि

प्रोभर्ब न्यूयोर्क/लन्डन :
ग्यारिल्यान्ड एन्ड पब्लिसिङ इन्स्टिच्युट ।
- *ह्योरसन, रिचार्ड एम., (सन् १९७६), फोकलोर एन्ड फेकलोर इक्ल्यान्ड ;* हार्वर्ड युनिभर्सिटी प्रेस ।
- तमोट, रत्नबहादुर, २०३३, गाउँखाने कथा काठमाडौं : बूढानीलकण्ठ स्कुल ।
- तिमल्सिना, बालकृष्ण, (२०५८) "धादिङेली जनजीवनमा प्रचलित नेपाली गाउँखाने कथाको
अध्ययन"त्रि.वि.,वीरेन्द्रबहुमुखीक्याम्पस,चितवनमाप्रस्तुतनेपालीस्नातकोत्तर शोधपत्र, (अप्र.) ।
- तिमिल्सिना, दामोदर, (२०५९) "बागलुङ जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन" त्रि.वि.,
केन्द्रीय
नेपाली विभागमा प्रस्तुत स्नातकोत्तर शोधपत्र, त्रि.वि., (अप्र.) ।
- थापा, धर्मराज, (२०१४), 'गाउँखाने कथा' डाँफेचरी रुख ४, फूल ३ शिशिर, पृ.३२-३३ ।
- थापा, धर्मराज र हंसपुरे सुवेदी, २०४१, नेपाली लोकसाहित्यको विवेचना काठमाडौं : पाठ्यक्रम विकास
केन्द्र ।
- देवकोटा, रत्नाकर,२०५८, केन्द्रीय नेपाली भाषिकाका उखान र गाउँखाने कथा काठमाडौं : साझा प्रकाशन ।
- नेपाल यात्री, पूर्णप्रकाश, २०४१, भेरी लोकसाहित्य काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।
- न्यौपाने, दैवज्ञराज, (प्रकाशन वर्ष उल्लेख नभएको), गाउँखाने कविता चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।
- पराजुली, कृष्णप्रसाद, २०५२, रमाइला नानी २ चौधौं संस्क., काठमाडौं : सौजन्य प्रकाशन ।
- ....., २०५८, नेपाली उखान र गाउँखाने कथा चौथो संस्क., काठमाडौं : रत्न पुस्तक भण्डार ।
- ....., २०५७, नेपाली लोकगीतको आलोक काठमाडौं : वीणा प्रकाशन ।

- पौड्याल, शिवप्रसाद, (२०६१), नेपाली गाउँखाने कथा कोश गुल्मी : सुशील पौड्याल र श्रद्धा पौड्याल ।
- ... ... , (२०६४), "नेपाली उखानको अध्ययन" त्रि.वि., मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा प्रस्तुत विद्यावारिधि शोधप्रबन्ध (अप्र.) ।
- प्रसाईं, भरतकुमार, २०५५, हाम्रा गाउँखाने कथा काठमाडौं : भरतकुमार प्रसाईं ।
- प्रसाद, दिनेश्वर, सन् १९७३, लोकसाहित्य और संस्कृति इलाहाबाद : लोकभारती प्रकाशन ।
- पाण्डे, हुमकान्त, २०५८, हुम्लाको लोकसाहित्य पोखरा : कृतिकार स्वयं ।
- बन्धु, चूडामणि, २०५८, नेपाली लोकसाहित्य काठमाडौं : एकता प्रकाशन ।
- ... ... , (सन् २००७), 'क्वान्टिटी एन्ड चेन्ज इन नेपाली रिडल्स' इण्डियन फोकलोर कङ्ग्रेसमा प्रस्तुत कार्यपत्र (अप्र.) ।
- बाउम्यान, रिचार्ड, (सन् १९७७), भर्बल आर्ट एज परफरमेन्स, प्रोस्पेक्ट हाइट्स : वेभल्यान्ड प्रेस ।
- भट्ट, देवदत्त, (२०५५), "बैतडेली गाउँखाने कथाको अध्ययन" नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि.,
- कीर्तिपुर (अप्र.) ।
- भण्डारी, ईश्वरीप्रसाद, (२०५७), "गुल्मी जिल्लामा प्रचलित गाउँखाने कथाको अध्ययन" नेपाली
  स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर (अप्र.) ।
- भाइसाब, वासुदेव (२०५१), डोटेली कोश (लोकोक्ति खण्ड) कञ्चनपुर : लेखक स्वयम् ।
- महत, झविन्द्र, (२०६०), "गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन" नेपाली
  स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर (अप्र.) ।
- रिमाल, प्रदीप, २०५३, कर्णाली लोकसंस्कृति खण्ड ५ दोस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।
- लामिछाने, कपिल, २०४८, "गाउँखाने कथामा अश्लीलताको पुट" जुही पूर्णाङ्क ३२,पृ. ५-१० ।
- ....., २०५२/५३ ,'काली बूढी सेती बूढी' जनमत पूर्णाङ्क ५१,वर्ष १३,अङ्क ५-६, पृ.४-५ ।

- ....., २०६०, 'नेपली गाउँखाने कथामा औद्योगिक उत्पादनको प्रविष्टि' भावना वर्ष ७,
- अङ्क २३६, पृ.३-४ ।
- वनबासी, देवीप्रसाद, २०५५, आँधीखोले लोकसंस्कृति स्याङ्जा : चित्रलेखा प्रकाशन ।
- शमशेर, पुष्कर, (१९९८), नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश, वाक्पद्धति इत्यादिको कोश (खण्ड १ र २), काठमाडौं : लेखक स्वयम् ।
- शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुईंटेल, (२०६३), लोकवार्ताविज्ञान र लोकसाहित्य,
  काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
- श्रेष्ठ, तेजप्रकाश, २०४४, अछामी लोकसाहित्य काठमाडौं : रत्न पुस्तक भण्डार ।
- हुमागाईं, जनकप्रसाद, २०४८ 'हाम्रो बाललोकसाहित्य परम्परा' बालसाहित्य अङ्क ४, पृ.२४-२६ ।

## डा. कपिलदेव लामिछाने

जन्म : २०१५, माझठाना-१, कास्की
ठेगाना : सिद्धार्थनगर-७, सगरमाथा पथ, डाँडागाउँ, रुपन्देही
पेसा : शिक्षण, सहप्रा. त्रि.वि. भैरहवा बहुमुखी क्याम्पस, भैरहवा
शैक्षिक योग्यता : एम्.ए. नेपाली, प्रथम श्रेणीमा प्रथम, पिएच.डी.


### प्रथम प्रकाशित कृति

कविता- कामना (२०३४) कल्याणी
कथा- मोहभङ्ग (२०४२) मिर्मिरे, पूर्णाङ्क ५३
पुस्तक- मरुभूमिका पोथ्राहरू (२०४४) कथासङ्ग्रह

### प्रकाशित पुस्तकाकार कृति

बालकथासङ्ग्रह ८, बालउपन्यास ३, बाललोककथासङ्ग्रह १, बालचित्रकथा २, कथासङ्ग्रह २, लघुकथासङ्ग्रह २, गाउँखाने कथा २, लामो कविता १, समालोचना २, पत्रकारिता (सहलेखन) १, व्याकरण र अभिव्यक्ति २ गरी दुई दर्जनभन्दा बढी ।

### पदक तथा पुरस्कार तथा सम्मान

गीता प्रथमा रजत पदक (२०३७), महेन्द्र विद्याभूषण (२०४२), मकबुल अहमद लारी स्वर्ण पदक (२०५०), नूर-गङ्गा बालसाहित्य प्रतिभा पुरस्कार (२०५३), शिक्षा पुरस्कार (२०५३), जमर्को उत्कृष्ट बालसाहित्य पुरस्कार (२०५९), दीपा-जनमत सम्मान (२०५९), तन्नेरी प्रतिभा सम्मान (२०६०), जुही हास्यव्यङ्ग्य सम्मान (२०६२), शान्तिका लागि राजदूत (२०६३), सकला सिद्धार्थ वाङ्मय पुरस्कार (२०६३), सिद्धार्थ साहित्य पुरस्कार (२०६४), अलि मियाँ लोकवाङ्मय सम्मान (२०६६), जुही पूर्णाङ्क ६० विशेषाङ्क प्रकाशन (२०६६), झर्रो नेपाली रत्न (२०६६) । साथै, बुटवल कला-साहित्य-संस्कृति प्रतिष्ठान, स्वविय् भैरहवा बहुमुखी क्याम्पस, रुपन्देही क्याम्पस, नागार्जुन साहित्य प्रतिष्ठान, न्यू होराइजन उच्च माध्यमिक विद्यालय तथा न्यू होराइजन साहित्य समाज आदिबाट सम्मानित ।

### संघसंस्थाप्रतिको संलग्नता

नेपाल बालसाहित्य समाज, दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल लोकवार्ता समाज, सिद्धार्थ साहित्य परिषद्, सामुदायिक सेवा समाज, लुम्बिनी बुद्धसेवा आश्रम, वातावरण बचाउ आन्दोलन, प्रगतिशील लेखक संघ, रुपन्देही शैक्षिक तथा सामाजिक प्रतिष्ठान, रुपन्देही क्याम्पस, स्वर्गद्वारी घाट उपभोक्ता समिति, दोस्रो जनआन्दोलन राहतकोष परिचालन समिति र जुही, जनमत आदि पत्रिका ।

### संस्थापक

शुकदेव-सुकुमाया लामिछाने बालसाहित्य पुरस्कार ।


मूल्य : रु. १००/-

विवेक सिर्जनशील प्रकाशन प्रा.लि.
अद्वैतमार्ग, फोन नं. ०१-४२१८०६३

9789937523912